सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ फागुन २०८०, मंगलबार (12 Mar 2024, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३२३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कांग्रेस कोटाका तीन प्रदेश प्रमुख पदमुक्त

नयाँ प्रदेश प्रमुखमा एमालेका सिफारिस



मधेश
सुमित्रा भण्डारी



गण्डकी
डिल्लीराज भट्ट



सुदूरपश्चिम
नजिर मियाँ

नयाँ पत्रिका

सरकारले मधेश, गण्डकी र सुदूरपश्चिमका प्रदेश प्रमुखलाई पदमुक्त गर्न सिफारिस गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले कांग्रेस कोटाबाट नियुक्त प्रदेश प्रमुखहरूलाई पदमुक्त गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेको हो। उनीहरूको ठाउँमा नयाँ नियुक्तिको सिफारिस सरकारले गरेको छ।

सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री रेखा शर्माका अनुसार मधेशमा सुमित्रा भण्डारी, गण्डकीमा डिल्लीराज भट्ट र सुदूरपश्चिममा नजिर मियाँलाई प्रदेश प्रमुख नियुक्तिका लागि सिफारिस गरिएको छ। यसअघि प्रदेश प्रमुख रहेका मधेशका हरिशंकर मिश्र, गण्डकीका पृथ्वीमान गुरुङ र सुदूरपश्चिमका देवराज जोशीलाई पदमुक्त गर्न सिफारिस गरिएको छ। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले प्रदेश प्रमुख पदमुक्त र नियुक्त गर्ने कानुनी व्यवस्था छ।



गृहसचिवमा एकनारायण अर्याल
» पृष्ठ २

सिफारिस भएका तीनैजना एमाले नेता हुन्। भण्डारी केपी ओली प्रधानमन्त्री हुँदा डेनमार्कको राजदूतमा सिफारिस भएकी थिइन्। तर, सरकार ढलेपछि उनको नियुक्ति भएको थिएन। झापा घर भएकी भण्डारी अनेमसंघकी नेतृसमेत हुन्। मियाँ एमालेका केन्द्रीय सल्लाहकार हुन्। मुस्लिम इत्तेहादका पूर्वअध्यक्षसमेत रहेका उनी संविधानसभा सदस्य हुन्। उनी अर्घाखाँचीका हुन्। भट्ट पनि एमालेका सल्लाहकार हुन्। डोटी घर भएका उनी राष्ट्रिय सभाको अघिल्लो निर्वाचनमा उम्मेदवार थिए।

केन्द्र र प्रदेश सरकारबीच आवश्यक समन्वय गर्न नयाँ प्रदेश प्रमुख सिफारिस गरिएको सञ्चारमन्त्री शर्माले बताइन्। 'प्रदेश र केन्द्र सरकारको बीचमा आवश्यक समन्वय जरुरी हुन्छ। अहिले प्रदेशहरूमा देखिरहेकै छौं। कतै विश्वासको मत फिर्ता लिने त कतै मन्त्रीहरूलाई बर्खास्त गर्ने काम भइरहेको छ। त्यसकारण राजनीतिक रूपमा सरल र सहज होस्, प्रदेश र केन्द्रको राजनीतिक दृष्टिकोण समान होस् भनेर सिफारिसहरू गरिएका हुन्,' उनले भनिन्। नयाँ समीकरण बनेपछि त्यसको असर प्रदेशमा पनि देखिन थालेको छ। प्रदेशहरूमा मन्त्रीहरू बर्खास्त र हेरफेर भइरहेको वेला सरकारले प्रदेश प्रमुख पनि हेरफेर गरेको हो। यसअघि पनि केन्द्रमा सत्तासमीकरणमा परिवर्तन हुँदा प्रदेश प्रमुखलाई पदमुक्त गरेर नयाँ नियुक्त गरिएको थियो।

■ सरकार र मिटरब्याजपीडितबीच चारबुँदे सहमति

पीडितको मागअनुसार नयाँ आयोग बन्ने

उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको पहलमा साहुकारहरूले बनाएका फर्जी तथा अवैध लिखत खारेजीको सिफारिस गर्ने कार्यादेशसहितको शक्तिशाली आयोग गठन गर्ने सहमति, पीडितहरूले गरे आन्दोलनका सबै कार्यक्रम फिर्ता

नवराज मैनाली/नयाँ पत्रिका

संघर्षरत मिटरब्याजपीडितसँग सरकारले चारबुँदे सहमति गरेको छ। थप अधिकारसहित नयाँ जाँचबुझ आयोग गठन गर्नेलगायत सहमति भएको हो।

संघर्षको ४२औं दिनमा सोमबार सरकारसँग सहमति भएसँगै पीडितहरूले आन्दोलनका सबै कार्यक्रम पनि अन्त्य गर्ने घोषणा गरेका छन्। सहमतिपत्रमा हस्ताक्षर गर्नुअघि गृह मन्त्रालयमा दुई पक्षबीच वार्ता भएको थियो जहाँ उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने नै उपस्थित थिए।

सहमतिको पहिलो बुँदामा जाँचबुझ आयोग ऐनअनुसार तीन महिनाको अवधि दिएर तीन सदस्यीय आयोग गठन गर्न सरकारलाई सिफारिस गर्ने उल्लेख छ। दोस्रोमा आयोगको कार्यादेशसम्बन्धी बुँदा छन्, जसमा अवैध कागजहरू खारेज गर्न सिफारिस गर्नेसम्मका अधिकार आयोगलाई दिने विषय छ। तेस्रोमा मिटरब्याजपीडित शोषित उत्पीडित वर्गलाई आर्थिक सहायता, राहत र क्षतिपूर्तिका लागि आगामी बजेटमा आवश्यक व्यवस्था मिलाउन अर्थ मन्त्रालयलाई आग्रह गर्ने उल्लेख छ। त्यस्तै, चौथो बुँदामा मिटरब्याजविरुद्ध न्याय मार्चलगायतका आन्दोलनका कार्यक्रम अन्त्य गर्नेसम्बन्धी विषय छ।

गृह मन्त्रालयले सहसचिव रुद्र पण्डितको नेतृत्वमा गठन गरेको वार्ता समितिले पीडितहरूसँग सहमति गरेको हो। मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिको तर्फबाट नवलपरासीका अवधेश कुसवाहसहित नौजनाले सहमतिमा हस्ताक्षर गरेका छन्। गृहमन्त्री लामिछानेको उपस्थितिमा सहमतिमा हस्ताक्षर भएको हो। हस्ताक्षरपछि बोल्दै मन्त्री लामिछानेले

» पृष्ठ २ मा क्रमशः

सहमतिपछि पीडितहरू बसेकै ठाउँ पुगेर उपप्रधानमन्त्रीले भने-

सहमति कार्यान्वयन गर्न प्रतिबद्ध छौं, खबरदारी गर्न नछाड्नुहोला



सिंहदरबारमा चारबुँदे सहमतिपछि भृकुटीमण्डपमा पीडितहरूलाई भेट्दै उपप्रधानमन्त्री रवि लामिछाने। तस्बिर : **सतिश पोखरेल**

यो सहमतिको श्रेय तपाईंहरूलाई दिन चाहन्छु- जसले आफ्नो न्यायका लागि अडान कायम राख्नुभयो। हामीले त तपाईंहरूलाई न्याय दिने विषयमा प्रतिबद्धता जाहेर गरेका मात्र हौं। यो सहमतिपत्र कागज होइन, यो न्यायको सुरुवात हो। न्याय माग्ने यात्रा त्यति सहजैचाहिँ दुर्गिदैन। समाजमा धेरै विकृति र विसंगति छन्, जसलाई क्रमशः तोड्दै जानुपर्नेछ। म सञ्चारकर्मी हुँदादेखि नै मिटरब्याजपीडितलाई न्याय दिलाउन सक्रिय थिएँ। यो यात्रामा अब हामी सँगै छौं। आज हामीले सहमति गरेका छौं, यसलाई पूर्ण रूपमा पालना गर्ने पूर्ण प्रतिबद्धता व्यक्त गर्दछौं। आज गरेको सम्झौताले बिहान सूर्य उदाउनेबित्तिकै न्याय दिलाउने होइन, यो सुरुवात हो, संघर्ष त बाँकी नै छ। तर, अब तपाईंहरूले हिँडेर खुट्टा पट्पटी फुटाएर न्यायका लागि आउनु नपरोस्, त्यसका लागि जिम्मेवार भएर हामी काम गर्नेछौं। ४२ दिनसम्म तपाईंहरूले जति दुःख गर्नुभयो, दुःख पाउनुभयो, त्यसका लागि म क्षमा माग्दछु। सहमति भएलगत्तै गुड न्युज छ भनेर मैले प्रधानमन्त्रीज्यूलाई जानकारी गराएको छु। सरकारका तर्फबाट तपाईंहरूका लागि सहजता कसरी गर्नुपर्छ, त्यसका लागि तयार भएर बसेका छौं। अब सहमति कार्यान्वयन गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ। अलिकति समय दिनुहोला, मिहिनेत गरेर पछिसम्मका लागि हुने गरी हामी काम गर्नेछौं। अन्यायमा पर्दा, दुःख पर्दा खबरदारी गर्न पनि नछाड्नुहोला। खबरदार भन्न नछाड्नुहोला।

आयोग शक्तिशाली हुने, अवैध कागजहरू खारेजीको सिफारिस गर्न सक्ने

पीडितहरूसँग नभएको वा नगरेको रकम लिए-दिएको भनी लिखत तयार गरेको, वास्तविकभन्दा बढी रकमको लिखत तयार गरेको, लेनदेन गर्ने समयमा ब्याज रकमसमेत साँवामा जोडी लिखत तयार गरेको, ब्याजलाई साँवामा जोडी नयाँ लिखत तयार गरेको, ऋणीले तिरेको रकमको भर्पाई नदिइएको, कानुनविपरीत बढी ब्याज लिएको, साँवाभन्दा बढी ब्याज लिएको, ऋण असुली गर्न धम्की दिएको वा शोषण गरेको, मिटरब्याजको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी कब्जा गरेको, ऋण लिएको रकमभन्दा बढी रकम उल्लेख गरी लिखत खडा गरेकोलगायतका विषयमा आयोगले छानबिन गर्नेछ। त्यस्तै, पीडितहरूबाट प्राप्त उजुरीका आधारमा सम्बन्धित पक्षलाई उपस्थित गराई बयान लिने तथा छानबिन गर्ने, फर्जी तथा अवैध लिखत खारेजी र मिटरब्याज उठाएको पाइएमा अनुसन्धानका लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा सिफारिस गर्नेलगायतका काम पनि आयोगले गर्नेछ।

मिटरब्याजसँग सम्बन्धित मुद्दाका कारण जरिवाना ठहर, बिगो कायम र कारागार चलान भएका पीडितलाई न्याय दिलाउन कानुनबमोजिम पुनरावलोकन तथा माफी मिनाहाका लागि पनि आयोगले सिफारिस गर्नेछ। त्यस्तै, मिटरब्याजपीडकविरुद्ध मुद्दा चलाउनुपर्ने देखिएमा त्यसका लागि पनि सिफारिस गर्ने तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन र पुनर्स्थापनाका लागि आवश्यक सिफारिस गर्ने, कानुनमा संशोधन तथा प्रतिस्थापन गर्नुपर्ने विषयको पहिचान गरी मस्यौदासहित प्रतिवेदन गर्ने गरी आयोगलाई कार्यादेश दिइनेछ। थप नागरिकलाई आर्थिक समस्याका कारण मिटरब्याजी साहु-महाजनको चंगुलमा पर्न नदिन शोषित उत्पीडित वर्गलाई आर्थिक सहायता, राहत र क्षतिपूर्तिका लागि आगामी बजेटमा आवश्यक व्यवस्था मिलाउन अर्थ मन्त्रालयमा अनुरोध गर्ने कार्यादेश पनि आयोगले पाउनेछ। गृह मन्त्रालयले आयोगको कार्यादेश मन्त्रिपरिषद्मा प्रस्ताव गरे पनि यसबारे निर्णयले औपचारिकता पाउनेछ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कर्नर किक

● रविं मिश्र



अब जन्मदर्तासँगै राष्ट्रिय परिचयपत्र नम्बर

सामाजिक सुरक्षा भत्ताको सम्भावित दुरुपयोग रोक्न परिचयपत्र नम्बर अनिवार्य गरिँदै



● **युवराज कटेल**, महानिर्देशक, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

करिब एक साताको परीक्षणपछि हामीले आइतबारदेखि जन्मदर्तासँगै राष्ट्रिय परिचयपत्र दिन थालेका छौं। नागरिकको डाटाबेसमा एउटा महत्त्वपूर्ण काम अघि बढेको छ।

नयाँ पत्रिका

बालबालिकाको जन्मदर्ता गर्ने क्रममै सरकारले राष्ट्रिय परिचयपत्र नम्बर दिन थालेको छ। देशभरका वडा कार्यालयले जन्मदर्ता प्रमाणपत्रमै राष्ट्रिय परिचयपत्र नम्बर दिन थालेका हुन्।

यसअघि नागरिकता लिएका व्यक्तिलाई मात्र राष्ट्रिय परिचयपत्र दिइन्थ्यो। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले आइतबारदेखि सबै वडा कार्यालयलाई जन्मदर्तासँगै राष्ट्रिय परिचयपत्र दिने प्रणाली सुरु गरेको हो। 'करिब एक साताको परीक्षणपछि हामीले आइतबारदेखि जन्मदर्तासँगै राष्ट्रिय

» पृष्ठ २ मा क्रमशः



■ कर्णाली पुलमा गुड्दै गरेको ट्रकमा आगलागी

पुलमा क्षति भएपछि आवागमन बन्द

पूर्व-पश्चिम राजमार्ग भएर गुड्ने सवारीसाधन हुलाकी राजमार्गअन्तर्गत टीकापुर-कोठियाघाट पुलबाट 'डाइभर्ट'



धनगढीमा **तेजराज भट्ट**

कैलाली र बर्दिया जोड्ने कर्णालीको चिसापानी पुलमा गुड्दागुड्दैको ट्रकमा आगलागी भएपछि आवतजावत नै बन्द भएको छ। आगलागीले पुलका लठ्ठामा पनि क्षति भएपछि सवारीसाधन गुड्न बन्द गरिएको हो।

वीरगन्जबाट लाइटर बोकेर कञ्चनपुर जाँदै गरेको बा.५प ५२९७ नम्बरको ट्रकमा सोमबार अपराह्न आगलागी हुँदा पुलका दुवैतिरका गरी करिब १४ लठ्ठामा क्षति पुगेको इलाका प्रहरी कार्यालय चिसापानीका इन्स्पेक्टर हरिराम डाँगीले बताए। आगलागीबाट ट्रकमा पूर्ण रूपमा क्षति भएको छ भने त्यसमा रहेको सामान पूर्ण रूपमा नष्ट भएको छ। चालक र सहचालकलाई भने सकुशल उद्धार गरिएको छ। दमकल, सुरक्षाकर्मी र स्थानीयको सहयोगमा डेढ घन्टापछि आगो नियन्त्रणमा आएको थियो।

इन्जिनियरिङ अध्ययन गर्न काठमाडौंबाट टोली जाँदै

कैलाली प्रहरी प्रवक्ता डिएसपी कुलदीप चन्दले पुलका लठ्ठाको बाहिरी भागको प्लास्टिक जलेको र आगलागी भएको ट्रक पनि पुलमै रहेकाले पुलमा यातायातका साधन आवतजावत बन्द गरिएको बताए। प्रहरीका अनुसार त्यहाँबाट ओहोरदोहोर गर्ने यातायातका साधनलाई हुलाकी राजमार्गअन्तर्गत टीकापुर-कोठियाघाटको बाटोस्थित कर्णाली नदीको पुलबाट 'डाइभर्ट' गरिएको

» पृष्ठ २ मा क्रमशः



औलोको उच्च जोखिममा बाँके

सात महिनामा ९६ मा संक्रमण पुष्टि



घरधुरी सर्वेक्षण गर्दै डुडुवा गाउँपालिकाका स्वास्थ्यकर्मी

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

बाँकेमा सात महिनामा ९६ जनामा औलो रोगको संक्रमण पुष्टि भएको छ। आठ पालिकाले गरेको सर्वेक्षणअनुसार सबैभन्दा धेरै नरैनापुर गाउँपालिकामा ८० जनामा औलोका बिरामी फेला परेका छन्।

जिल्ला स्वास्थ्य कार्यालय बाँकेका किटजन्य रोग फोकल पर्सन दुर्गा गौतमका अनुसार नेपालगन्ज उपमहानगरपालिका तथा राप्तीसोनारी र डुडुवा गाउँपालिका पाँच-पाँचजनामा संक्रमण पाइएको छ। बैजनाथ गाउँपालिकामा एकजनामा औलो पुष्टि भएको छ।

सन् २०२५ भित्र औलो उन्मूलन गर्ने सरकारको लक्ष्य रहेका वेला बाँकेमा साउनयता मात्र ८० जना बिरामी फेला परेको गौतमले बताइन्। 'यसले बाँके औलोको उच्च जोखिममा रहेको देखिन्छ। औलो रोगबाट विशेष गरी गर्भवती महिला तथा पाँच वर्षमुनिका बालबालिका बढी जोखिममा हुन्छन्। संक्रमितलाई पालिकामा विशेष निगरानी बढाएको छ,' उनले भनिन्।

रोग नियन्त्रण तथा व्यवस्थापनका लागि नेपाल सरकार, स्वास्थ्य मन्त्रालय इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको सहयोगमा स्वास्थ्य कार्यालय र स्थानीय तहको संयुक्त पहलमा किटनाशक झुल वितरण र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको उनले बताइन्। स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार नेपालमा औलोका प्लाज्मोडियम फाल्सिपारम र प्लाज्मोडियम भाइभेक्स गरी दुई प्रजातिका परजीवी पाइने गरेको छ।

डुडुवा गाउँपालिकामा औलो रोगका बिरामी फेला परेपछि उच्च सतर्कता अपनाइएको छ। गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख हेमन्त शर्माका अनुसार डुडुवा-४ स्थित शाहपुर्वा र मोल्हुपुर्वामा एक-एक महिला पुरुषमा औलो पुष्टि भएको छ।

उनीहरूको रगत (आरडिटी र माइक्रोस्कोपिक) परीक्षण गर्दा औलो रोग पुष्टि भएको हो।

औलो पुष्टि भएको वडामा घरधुरी सर्वेक्षण सुरु गरिएको छ। तीनजनाका दरले चारवटा समूहमा १२ जना स्वास्थ्यकर्मी परिचालन गरी घरधुरी सर्वेक्षणसँगै स्वास्थ्य शिक्षा, परामर्श र सचेतना अभियान सञ्चालन गरिएको शर्माको भनाइ छ। 'स्थानीयलाई ज्वरोलगायतका सामान्य लक्षण देखिनेबित्तिकै नजिकको स्वास्थ्य संस्थामा रगतको नमुना परीक्षण गराउन भनेका छौं,' शर्माले भने, 'पालिकामा रहेका सबै स्वास्थ्य संस्थामा रगत परीक्षण निःशुल्क गर्ने व्यवस्था मिलाएका छौं।'

घरधुरी सर्वेक्षणपछि रोगबाट बच्न निःशुल्क किटनाशक झुल वितरण गर्ने गाउँपालिका अध्यक्ष नरेन्द्रकुमार चौधरीले बताए। 'पालिकाका केही वडामा औलो रोग भेटिएको छ। थाहा पाउनेबित्तिकै स्वास्थ्यकर्मी परिचालन गरी व्यवस्थापन गरिरहेका छौं। औलो फैलिन नदिन उच्च सतर्कता अपनाएका छौं,' चौधरीले भने।

गृहसचिवमा अर्याल

काठमाडौं/ गृह मन्त्रालयको सचिवमा एकनारायण अर्यालको सरुवा भएको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा कार्यरत अर्याललाई गृहमा सरुवा गरेको हो। यसअघि उनले संघीय मामिला तथा सामान्य प्रशासन र श्रम मन्त्रालयको सचिवका रूपमा काम गरिसकेका छन्। सहसचिव हुँदा गृह प्रशासनमा काम गरेका उनी काठमाडौंको प्रमुख जिल्ला अधिकारीसमेत भएका थिए। हालका गृहसचिव दिनेश भट्टराईलाई प्रधानमन्त्री कार्यालय सरुवा गरिएको छ।

नेपाल एडभेन्चर रनिङ फेडेरेशनको प्रथम साधाणरसभा तथा निर्वाचन देहाएको मिति तथा स्थानमा हुने भएकोले केन्द्रीय प्रतिनिधि तथा प्रदेश प्रतिनिधीहरुलाई उपस्थितीको लागि अनुरोध छ ।

कार्यक्रम:
मिति : २०८०/१२/५ गते सोमबार
स्थान : काठमाडौं।
सम्पर्क : ९८५११३८८९०

अनुदानको ट्र्याक्टर पारिदिने प्रलोभनमा एक करोड ३३ लाख ठगी गर्ने कर्मचारी फरार

लहानमा **मणिलाल विश्वकर्मा**

मधेश प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमातहत रहेको कृषि ज्ञान केन्द्र सिराहामा करार सेवामा कार्यरत कार्यालय सहयोगीले ५० प्रतिशत अनुदानको ट्र्याक्टर पारिदिन्छु भन्दै दर्जनौं किसानसँग करोडौं रकम असुलेर फरार भएका छन्।



कृषि ज्ञान केन्द्र सिराहामा करार सेवामा कार्यरत अजयकुमार कर्ण

सिराहा नगरपालिका- १० नरहैया गाउँका करिब २७ वर्षीय अजयकुमार कर्ण सिराहाको औरही, लक्ष्मीपुर पतारी, अर्नमा, बरियारपट्टि गाउँपालिका तथा धनगढीमाई, मिर्चैया नगर क्षेत्रका दर्जनौं किसानसँग एक करोड ३३ लाखभन्दा बढी रकम ठगी गरी फरार भएका हुन्। स्थानीय अगुवामार्फत किसानसँग रकम कुम्ल्याएर सम्पर्कविहीन भएपछि आफूहरू अप्ठ्यारोमा परेको औरही गाउँपालिका- २ तुलसीपुरकी ४० वर्षीया पुनिताकुमारी महतोले गुनासो गरिन्।

'कामविशेषले जिल्ला सदरमुकाम गएका वेला कृषि ज्ञान केन्द्रमा कार्यरत कर्णसँग भेट हुँदा ५० प्रतिशत अनुदानको ट्र्याक्टर आएको छ, मिलाइदिन्छु भन्दै ५० प्रतिशत रकम जम्मा गर्न भने,' उनले भनिन्, 'आफ्नै गाउँका किसानलाई नै राम्रो हुन्छ भन्ठानेर गत असोजको तेस्रो हप्ता चारजना किसानको ३७ लाख ६५ हजार रुपैयाँ उठाएर दिएँ। रकम हात पारेपछि उनी सम्पर्कविहीन भएका छन्।'

महतोका अनुसार उनको माध्यमले बरियारपट्टि खरुकियाहीका लालु यादव, औरही गाउँपालिका- १ दरहैयाका उमेश यादव, सिराहाका प्रेमकुमार यादवसहित चारजनाले अनुदानबापत दिएको ३७ लाख ६५ हजार रुपैयाँ कर्णले लिएका छन्। त्यस्तै, अर्नमा- ४ गौरीपुरका मनोजकुमार यादवसँग बैंकमार्फत सात लाख



पीडित पुनिताकुमारी महतो (तस्बिरमा दायाँ) भन्छिन्-

कामविशेषले जिल्ला सदरमुकाम गएका वेला कृषि ज्ञान केन्द्रमा कार्यरत अजयकुमार कर्णसँग भेट हुँदा ५० प्रतिशत अनुदानको ट्र्याक्टर आएको छ, मिलाइदिन्छु भन्दै ५० प्रतिशत रकम जम्मा गर्न भने। आफ्नै गाउँका किसानलाई नै राम्रो हुन्छ भन्ठानेर गत असोजको तेस्रो हप्ता चारजना किसानको ३७ लाख ६५ हजार रुपैयाँ उठाएर दिएँ। रकम हात पारेपछि उनी सम्पर्कविहीन भएका छन्।

५० हजार लिएका कर्णले उनीमार्फत औरही- ५ का सुदीपकुमार यादवसँग पाँच लाख र बलिराम यादवसँग सात लाख, अर्नमा- ३ का अरबिन्दकुमार महतोबाट नौ लाख, कल्याणपुर- ४ का दिलीपकुमार यादवबाट आठ लाख ७५ हजार रुपैयाँ लिएका छन्।

त्यस्तै, मिर्चैया नगरपालिका- ११ सोनीका कुलेश्वर यादवसँग आठ लाख ५० हजार, जिभ्फौलका सन्तोषकुमार यादवसँग सात लाख ६० हजार, गोविन्दपुरका चन्देश्वर यादवसँग पाँच लाख, लक्ष्मीपुरपतारीका दिनेशप्रसाद यादवसँग आठ लाख ५० हजार, धनगढीमाईका सत्यकुमार यादवसँग सात लाख गरी नगद तथा बैंकमार्फत ९६ लाख रुपैयाँ लिएको यादवले बताए। कर्णले अनुदानबापतको ट्र्याक्टर पारिदिन्छु भन्दै जिल्लाका अन्य ठाउँका समेत गरी करिब एक सय किसानको रकम बुझेको स्थानीयले बताएका छन्।

५० प्रतिशत रकम नगदै बुझेका कर्णले ट्र्याक्टर नआए आफूले दिएको चेक साटेर रकम असुल्नु भन्दै किसानलाई ग्लोबल आइएमई, नबिल, माछापुच्छ्रे बैंकको चेकमा रकम भरेर हस्ताक्षर गरेर दिएका छन्। त्यसरी दिएको चेक पटकपटक सम्बन्धित बैंकमा साट्न जाँदा रकम नरहेको पाइएपछि बाध्य भएर चेक अनादरको मुद्दमा जानुपरेको पीडितहरूले बताए।

पीडित पुनिताकुमारी महतोले आफूमार्फत नगद लिएका कर्णले गत १९ असोजमा नबिल बैंकको ३० लाख र २० गते ग्लोबल आइएमई बैंकको सात लाख ६५ हजार रुपैयाँको चेक दिएको सुनाइन्। 'कैयौंपल्ट रकम साट्न गए पनि खातामा रकम नरहेकाले बाध्य भएर जिल्ला प्रहरी कार्यालयमा चेक अनादरको जाहेरी दिएकी छु,' उनले भनिन्।

प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रवीन्द्रराज पाण्डेले फरार रहेका कर्णको खोजी जारी रहेको बताए। 'फरार कर्णको विषयमा अध्ययन भइरहेको र पीडितहरूले दिएको निवेदनको आधारमा बैंकिङ कसुरसम्बन्धी मुद्दा दर्ता गरी कारबाही अगाडि बढाइनेछ,' उनले भने।

साउनदेखि कार्यालयमा गयल

कृषि ज्ञान केन्द्र सिराहाका सूचना अधिकारी परमानन्द चौधरीले चालू आर्थिक वर्षको साउनदेखि नै करार सेवाका कार्यालय सहयोगी कर्ण कार्यालयमा गयल रहेको जानकारी दिए। ०७७ देखि कार्यालय सहयोगीको रूपमा करार सेवामा काम थालेका कर्णलाई खोज्दै कार्यालयमा मानिस आउन थालेपछि शंका लागेर सोधखोजसहित कडाइ गरिएको उनले बताए। 'कार्यालयमा आउने मानिस के कामले आएका हुन्, कार्यालय प्रमुखसँग भेटाउनु भन्न थालेपछि बजारतिर भेट्दा रहेछन्,' उनले भने, 'त्यो कुरा पनि थाहा पाएपछि कडाइ गर्‍यौं, त्यसपछि कार्यालय नै आउन छोडे।' गत साउनयता उनको करार सेवा पनि थप नभएपछि कार्यालय आएका छैनन्, उनी कहाँ के काम गर्दै छन्, आफूहरूलाई थाहा नभएको उनले बताए।

अब जन्मदर्तासँगै...

पृष्ठ १ बाट क्रमशः

परिचयपत्र दिन थालेका छौं,' राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक युवराज कट्टेलले भने, 'नागरिकको डाटाबेसमा एउटा महत्त्वपूर्ण काम अघि बढेको छ।' परिचयपत्र नम्बर जन्मदर्तामै पाए पनि जैविक विवरण भने १६ वर्ष उमेर पुगेपछि दिनुपर्ने हुन्छ। यो प्रणाली लागू भएसँगै सबै विवरण राष्ट्रिय परिचयपत्रको प्रणालीमा आउने भएकाले पछि नागरिकता बनाउँदा हुन सक्ने समस्या पनि समाधान हुने महानिर्देशक कट्टेल बताउँछन्।

जन्मदर्ता प्रमाणपत्रमा अब १३ अंकको जन्मदर्ता नम्बरसँगै १० अंकको राष्ट्रिय परिचयपत्र नम्बरसमेत हुनेछ। घटना दर्तामा अनलाइन प्रणाली नभएका करिब ५० वटा वडा कार्यालयमा भने यो सुविधा नहुने पञ्जीकरण विभागले जनाएको छ। यो प्रणालीले नागरिकतामा हुने गरेका बदमासी पनि रोकिने गृह मन्त्रालयका अधिकारीहरू बताउँछन्।

सामाजिक सुरक्षा भत्ता लिनेहरूका लागि पनि सरकारले राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गर्ने तयारी गरिरहेको छ। सामाजिक सुरक्षा भत्ताको सम्भावित दुरुपयोग रोक्न परिचयपत्र नम्बर अनिवार्य गर्न लागिएको हो। कतिपयले दोहोरो तथा मृत्यु भइसकेका व्यक्तिका नाममा समेत लिने गरेको अवस्था छ। यसलाई रोक्न राष्ट्रिय परिचयपत्रको सिस्टममा आबद्ध गर्न लागिएको छ। केहीले पेन्सन र सामाजिक सुरक्षा भत्ता दुवै लिने गरेका छन्। यसलाई रोक्न परिचयपत्र नम्बर अनिवार्य गर्न लागिएको र गृहकार्य भइरहेको विभागका महानिर्देशक कट्टेल बताउँछन्। सरकारले हाल राहदानी बनाउन र नवीकरणका लागि राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेको छ। सरकारको सेवा प्रणालीमा आबद्ध नगराउँदा अर्बौं खर्च गरेको परियोजना प्रभावकारी हुन सकेको छैन।

पुलमा क्षति...

पृष्ठ १ बाट क्रमशः

छ। पुलमा भएको क्षति अध्ययनका लागि सडक विभागको प्राविधिक टोली मंगलबार घटनास्थल जाँदै छ। विभागका महानिर्देशक सुशीलबाबु ढकालले लठ्ठा जल्दा पुलको लोड क्षमता घटेको हुन सक्ने भएकाले सवारी आवागमन बन्द गरिएको र विभागको प्राविधिक टोलीले जाँच गरेपछि थप निर्णय लिइने बताए। 'यो पुलको भार लठ्ठाले नै थेग्ने हो। आगलागीपछि पुलको कतिपय लठ्ठाका कभर जलेका छन्। आगोको तापले लठ्ठा तन्किएको हुन सक्छ, पुलको लोड धान्ने क्षमता घटेको पनि हुन सक्छ,' ढकालले भने।

पीडितको...

पृष्ठ १ बाट क्रमशः

मिटरब्याजपीडितलाई न्याय दिलाउन सुरुवात भएको र पूर्ण न्याय दिलाउन आफू कटिबद्ध रहेको बताएका छन्।

गत ४ वैशाखमा जाँचबुझ आयोग ऐनअनुसार नै सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग गठन गरेको थियो। जसले २६ मंसिरमा प्रधानमन्त्री पुष्पकमल दाहाललाई प्रतिवेदन बुझाएको थियो। तर, उक्त आयोगले पनि आफ्ना समस्या समाधान नगरेको भन्दै केही पीडितले फेरि आन्दोलन थालेका थिए। उनीहरूले पूर्वको काँकडभिट्टा र सुदूरपश्चिमको गड्डाचौकी नाकाबाट १६ माघमा एकै दिन 'न्यायका लागि मार्च' सुरु गरेका थिए। संघर्ष समितिले ३० हजार पीडितका समस्या समाधान नभएको दाबी गरेको छ।

भूकुटीमण्डपमा बसेर उनीहरू आन्दोलन गर्दै आएका थिए। फर्जी तमसुक, दृष्टिबन्धक र चेक अवैध घोषणा गरेर क्षतिपूर्ति दिनुपर्ने र त्यसका लागि शक्तिशाली आयोग गठन गर्नुपर्ने पीडितहरूको मुख्य माग थियो। सोहीअनुसार नयाँ आयोग गठन गर्न सरकार सहमत भएको हो।

कार्की नेतृत्वको मिटरब्याजसम्बन्धी जाँचबुझ आयोगमा ६७ जिल्लाबाट २८ हजार उजुरी परेका थिए। जसमध्ये पाँच हजार एक सय ८८ उजुरीमा मिलापत्र गरिएको छ भने दुई सय १८ बिघा १० कट्ठा जग्गा साहुकारबाट पीडितलाई फिर्ता भएको छ। पीडित र साहुकारबीच कुल पाँच अर्ब ५७ करोड १९ लाख रुपैयाँको लिखत कारोबार भएको आयोगको प्रतिवेदन थियो। साहुहरूले सात अर्ब ६२ करोड ८० लाख रुपैयाँ असुल हुन बाँकी रहेको दाबी गरेका थिए। तर, त्यसमध्ये कुल एक अर्ब ७२ करोड ८६ लाख रुपैयाँको कारोबार दुवै पक्षबीचको सहमतिमा टुंगिसकेको छ। बाँकी उजुरी फर्स्योटका लागि सरकारले प्रहरीमा पठाएको थियो।

आयोग शक्तिशाली हुने, अवैध कागजहरू खारेजीको सिफारिस गर्न सक्ने

नयाँ बन्ने जाँचबुझ आयोगले फर्जी र अवैध लिखतहरू खारेजीका लागि सिफारिस गर्न सक्ने अधिकार पाउने उल्लेख छ। यसअघिको जाँचबुझ आयोगले संकलन गरी हाल प्रहरीमा पठाइएका र आयोग गठन भएपछि निवेदकबाट प्राप्त उजुरीको थप जाँचबुझ हुने पनि सहमतिपत्रमा लेखिएको छ।

पीडितको पक्षमा रहने प्रमाण संकलन, अध्ययन, अनुसन्धान, स्थलगत भ्रमण, सर्जमिन, छलफल गर्ने र साक्षी किनाराका व्यक्तिहरूसँग बयान लिने काम आयोगले गर्नेछ। कुनै साहुकारले अस्वाभाविक आम्दानी गरेको देखिएमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा अनुसन्धानका लागि आयोगले सिफारिस गर्ने सहमतिपत्रमा समेटिएको छ।

मिटरब्याजसँग सम्बन्धित मुद्दाका कारण जरिवाना ठहर, बिगो कायम र कारागार चलान भएका पीडितका सम्बन्धमा प्रचलित कानुनबमोजिम पुनरावलोकन तथा माफी मिनाहाका लागि समेत आयोगले सिफारिस गर्न सक्ने कार्यादेशको प्रस्ताव गरिएको छ। मिटरब्याजका कारण भएको सम्पत्तिको हक हस्तान्तरण बदरसम्बन्धी कारबाही गर्नुपर्ने देखिएमा सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहजीकरण गर्नेसमेत उल्लेख छ।

साथै, पीडकलाई मुद्दा चलाउन सिफारिस गर्ने, पीडितलाई क्षतिपूर्ति प्रदान गर्न र पुनर्स्थापनाका लागि आवश्यक आधार र उपाय सिफारिस गर्ने तथा कुनै कानुन संशोधन गर्नुपर्ने भएमा मस्यौदासमेत बनाउने अधिकार आयोगलाई दिन नेपाल सरकारलाई सिफारिस गर्ने उल्लेख छ।

बोआओ सम्मेलनमा यो वर्ष नेपाल सहभागी हुने

पर्शुराम काफ्ले/नयाँ पत्रिका

चीनले यसपटक १३ देखि १६ चैतसम्म आयोजना गर्ने बोआओ फोरम फर एसियाको वार्षिक सम्मेलनमा नेपालले पनि सहभागिता जनाउने भएको छ। प्रधानमन्त्रीले बुधबार संसद्मा विश्वासको मत लिएपछि नेपालबाट पठाउने प्रतिनिधिमण्डल तय गर्ने तयारी छ।

'बोआओ फोरम फर एसियाको वार्षिक सम्मेलनलाई नेपालले महत्त्वपूर्ण रूपमा लिएको छ। सम्मेलनमा यो वर्ष नेपाल सहभागी हुन्छ। तर, कुन तहमा नेपालले सहभागिता जनाउने भन्नेचाहिँ संसद्मा सरकारले विश्वासको मत लिएपछि निर्णय हुन्छ,' प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका परराष्ट्र मामिला सल्लाहकार डा. रूपक सापकोटाले नयाँ पत्रिकासँग भने, 'नेपाल र चीनको कूटनीतिक च्यानलमा यस सम्बन्धमा अनौपचारिक रूपमा कुराकानी भइरहेको छ।'



रूपक सापकोटा, प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकार

बोआओ सम्मेलनमा यो वर्ष नेपाल सहभागी हुन्छ। कुन तहमा सहभागिता जनाउने भन्नेचाहिँ सरकारले संसद्मा विश्वासको मत लिएपछि निर्णय हुन्छ

परराष्ट्र स्रोतका अनुसार स्वास्थ्यका कारण राष्ट्रपति रामचन्द्र पौडेल सहभागी हुने स्थिति छैन। उपराष्ट्रपति रामसहाय यादव यसअघि कुन्मिङमा आयोजित दक्षिण एसियाली एक्स्पोमा सहभागी भएका छन्। प्रधानमन्त्री प्रचण्ड पाँच महिनाअघि मात्रै चीनको औपचारिक भ्रमण गरेर फर्केका हुन्। 'त्यसकारण बोआओ फोरममा उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठको नेतृत्वमा प्रतिनिधिमण्डल जाने सम्भावना बलियो छ,' परराष्ट्र स्रोतले भन्यो।

बोआओ फोरम फर एसिया सन् २००१ मा स्थापना भएको हो। हरेक वर्ष चीनको हाइनान प्रान्तको बोआओ सहरमा सम्मेलन हुँदै आएको छ। अघिल्लो वर्ष प्रधानमन्त्री प्रचण्डलाई निमन्त्रणा आएको थियो। तर, उपराष्ट्रपतिको निर्वाचनलगायत घरेलु राजनीतिका कारण उनी सहभागी हुन सकेनन्। प्रचण्डले पहिलोपटक प्रधानमन्त्री हुँदा सम्मेलनमा सहभागिता जनाएका थिए।

बोआओ फोरम फर एसिया सन् २००१ मा स्थापना भएको थियो। यसको संस्थापक सदस्य नेपाल पनि हो। सम्मेलनमा विगतमा राष्ट्रपति डा. रामवरण यादव र विद्यादेवी भण्डारी, पूर्वराजा ज्ञानेन्द्र शाह, प्रधानमन्त्री केपी ओली, प्रचण्डलगायतले सहभागिता जनाइसकेका छन्।

यो वर्षको वार्षिक सम्मेलनबारे चीनको स्टेट काउन्सिलले आफ्नो वेबसाइटमा भनेको छ, 'विभिन्न देशका नेता, सरकारी अधिकारी, अन्तर्राष्ट्रिय संस्थाहरूका प्रमुख, व्यवसायी, विभिन्न क्षेत्रका विज्ञहरू सहभागी हुनेछन्।'

वैश्विक अर्थतन्त्र, सामाजिक विकास, अन्तर्राष्ट्रिय सहकार्य तथा वैज्ञानिक एवं प्राविधिक आविष्कारलगायतका विषयमा छलफल हुने कार्यक्रम छ। बोआओ फोरमको अध्यक्ष संयुक्त राष्ट्रसंघका पूर्वमहासचिव वान कि मुन छन्। यसमा एसियाका ३० मुलुकले सहभागिता जनाउँदै आएका छन्। यस वर्ष फोरम सम्मेलनको मूलनारा 'एसिया र विश्वका साझा चुनौती र साझा दायित्व' राखिएको छ।

स्वास्थ्य बिमा : निजी तथा सामुदायिक अस्पतालमा बिमितले २० प्रतिशत भुक्तानी गर्नुपर्ने

काठमाडौं/ स्वास्थ्य बिमा लागू भएका निजी तथा सामुदायिक अस्पतालमा उपचार गराउँदा बिमितले २० प्रतिशत सहभुक्तानी गर्नुपर्ने भएको छ। स्वास्थ्य बिमाको सदस्यता लिएका व्यक्तिले बिमामार्फत उपचार गराउँदा उपचार खर्चको २० प्रतिशत आफैंले तिर्नुपर्ने भएको हो। स्वास्थ्य बिमा बोर्डको गत २४ फागुनमा बसेको बैठकले निजी तथा सामुदायिक अस्पतालहरूमा २० प्रतिशत सहभुक्तानीको नियम लागू गर्ने निर्णय गरेको हो। सरकारी अस्पतालहरूमा भने यसअघिकै निर्णयअनुसार १० प्रतिशत सहभुक्तानी लागू भइरहेको छ।

बोर्डका अध्यक्ष डा. गुणराज लोहनीका अनुसार स्वास्थ्य बिमा कार्यक्रमलाई व्यवस्थित गर्न निजी तथा सामुदायिक अस्पतालहरूमा २० प्रतिशत सहभुक्तानीको व्यवस्था गरिएको हो। उनले भने, 'गत १ माघदेखि स्वास्थ्य बिमामा संलग्न सबै स्वास्थ्य संस्थामा उपचार गराउँदा बिमितले १० प्रतिशत रकम आफैं तिर्नुपर्ने व्यवस्था लागू गरेका थियौं। निजी तथा सामुदायिक अस्पतालहरूमा सेवा थप व्यवस्थित बनाउन २० प्रतिशत सहभुक्तानी प्रणालीको तयारी थालेका छौं।' निजी तथा सामुदायिक अस्पतालमा २० प्रतिशत सहभुक्तानी प्रणाली आगामी वैशाखदेखि लागू गरिने तयारी थालिएको बोर्डले जनाएको छ।

मुद्दा फाँटबाटै थुनुवा भागे, समात्न खोज्दा जवानले ज्यान गुमाए

दार्चुला/ जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका एक थुनुवा सोमबार भाग्न खोजे। जिल्ला प्रहरी कार्यालयको थुनुवा कक्षमा रहेका महाकाली नगरपालिका- १ का उमेशसिंह कुँवर प्रहरीको मुद्दा फाँटमा सोधपुछको क्रममा भाग्न खोजेका हुन्।

हातमा हतकडी लगाएकै अवस्थामा भाग्न खोज्दा प्रहरी जवान सुहान चौधरीले ज्यान गुमाएका छन्। जिल्ला प्रहरी कार्यालयको पछाडिबाट हाम फालेर भाग्ने क्रममा चौधरीले उनलाई रोक्न खोजेका थिए। हतकडीसहित हाम फालेका कुँवरसँगै हुत्तिएर चौधरी भिरबाट लडे। झन्डै सय मिटर तल खसेपछि प्रहरी जवानको ज्यान गएको छ।

'थुनुवा भागेपछि प्रहरी जवानले रोक्न खोजे,' जिल्ला प्रहरी कार्यालय दार्चुलाका सूचना अधिकारी एवं प्रहरी इन्स्पेक्टर ज्ञानेन्द्रबहादुर सिंहले भने। टाउकोमा गम्भीर चोट लागेका उनको जिल्ला अस्पताल दार्चुलामा पुऱ्याउँदा मृत्यु भएको जिल्ला अस्पताल दार्चुलाका सूचना अधिकारी डम्मरदत्त भट्टले बताए। हाम फालेर भागेका कुँवर महाकाली तरेर भारततर्फ लागे। प्रहरी पनि सँगै नदी तरेर भारतपट्टि पुगेर नियन्त्रणमा लिइएको इन्स्पेक्टर सिंहले बताए।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय धनगढीको

अत्यन्त जरूरी सूचना

सूचना प्रकाशन मिति : २०८०/११/२५ गते

निम्न लिखित करदाताहरूको छानबिन तथा अनुसन्धानको लागि छनौट भएकोमा करदातालाई पत्राचार एवं सम्पर्क गर्दा सम्पर्क स्थापित हुन नसकेको एवं कागजात पेस हुन नआएको कारण तपसिलमा उल्लिखित आर्थिक वर्षहरूको आय विवरण तथा मूल्य अभिवृद्धि कर विवरणको छानबिन तथा अनुसन्धान कार्यमा बाधा पर्न गएको हुँदा म्याद भित्र उक्त आर्थिक वर्षहरूको सम्पूर्ण खाता, खरिद गरिएका पार्टीहरूको लेजर, क्यासबुक तथा भुक्तानीको विवरण, बिल बीजक लगायतका कागजात पेस गर्नुहुन आयकर ऐन, २०५८ को दफा ८३(१)(क) तथा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २३(ग) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यो सूचनामा तोकिएको म्याद भित्र कागजात सहित उपस्थित नभएमा आयकर ऐन, २०५८ (संशोधन सहित) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ (संशोधन सहित) बमोजिम कर निर्धारण भई जाने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क्र.सं.	स्थायी लेखा नम्बर	करदाताको नाम	फर्मको ठेगाना	प्रो./सं.को नाम ठेगाना	आर्थिक वर्ष
१	६००७७२९३२	अम्मर दुर्गा ट्रेडर्स एण्ड सप्लायर्स	लम्कीचुहा-०१ कैलाली	सुरेन्द्र वहादुर वडुवाल, सुगरखाल-९, कुइने, कैलाली	२०७४/०७५
२	६०४९९७३९१	विश्वकर्मा ड्रिलिङ उद्योग	टिकापुर-०१ कैलाली	लोक वहादुर लुहार, वर्दादेवी ८, धारासैनी, अछाम	२०७४/०७५
३	३०४३४६८४६	थारुवान मल्टिस्कील ईन्स्टिच्यूट प्रा.ली.	धनगढी-०४ उत्तरवेहडी कैलाली	यज्ञराज पाण्डे, धनगढी-०४ उत्तरवेहडी कैलाली	२०७१/०७२

■ अल्पमतका मुख्यमन्त्रीको सत्ता जोगाउने खेल

नागरिक उन्मुक्तिका सातै सांसदलाई पद

पाँचजना मन्त्री, एक संसदीय समिति सभापति र अर्कोलाई प्रमुख सचेतक बनाएर सरकारी सुविधा

धनगढीमा **तेजराज भट्ट**

अल्पमतमा परेपछि सत्ता जोगाउने कसरत गरिरहेका सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सरकारमा नागरिक उन्मुक्ति पार्टीबाट थप एक मन्त्री नियुक्त गरेका छन्। विनाविभागीय मन्त्री नियुक्त भएका नागरिक उन्मुक्तिका लक्ष्मणकिशोर चौधरीले सोमबार प्रदेश प्रमुखबाट पद तथा गोपनीयताको शपथ लिए।

योसँगै प्रदेश सभामा नाउपाका सात सांसदमध्ये एक राज्यमन्त्रीसहित पाँचजना मन्त्री बनेका छन्। आठ सदस्यीय मन्त्रीमण्डलमा नाउपाका पाँच र कांग्रेसका मुख्यमन्त्रीसहित तीन मन्त्री छन्। मुख्यमन्त्री शाहले गत शुक्रबार नागरिक उन्मुक्तिबाट दुई मन्त्री तथा एक राज्यमन्त्री नियुक्त गरेका थिए।

सरकारमा नाउपाबाट संसदीय दलका नेता घनश्याम चौधरीलाई आर्थिक मामिलामन्त्री, रामेश्वर चौधरी भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री तथा खुशीराम डगौराथारु र लक्ष्मणकिशोर विनाविभागीय मन्त्री छन्। त्यस्तै, इन्दिरा गिरी भूमि, व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री छन्। नाउपाले यसअघि कृषि मन्त्रालयका राज्यमन्त्री कैलाश चौधरीलाई फिर्ता बोलाएर गिरीलाई पठाएको थियो। गत साउनमा रामेश्वर मन्त्री र कैलाश राज्यमन्त्री बनेका थिए।

केन्द्रमा गठबन्धन फेरिएसँगै प्रदेश सरकार गठनका लागि निर्णायक बनेपछि नागरिक उन्मुक्तिका सात प्रदेश सांसदमध्ये कैलाश चौधरी र टीका थापाबाहेक पाँचजनाले एकैपटक मन्त्री बन्ने अवसर पाएका हुन्। दुईमध्ये एकजनालाई विषयगत समितिको सभापति बनाएर सुविधा दिने तयारी छ। दलीय भागबन्डाअनुसार नागरिक उन्मुक्तिले पाएको विषयगत समितिको सभापतिमा दलका नेता घनश्याम चौधरी छन्। बाँकी दुईमध्ये एकजनालाई यो समितिको सभापति र अर्कोलाई दलको प्रमुख सचेतक बनाउने तयारी रहेको उक्त पार्टीका एक नेताले बताए। समितिको सभापतिले गाडी सुविधा पाउँछन्।

माओवादी र एकीकृत समाजवादीले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री शाह अल्पमतमा परेका छन्। पाँचवटा मन्त्रालय दिएर नागरिक उन्मुक्तिको समर्थन कायम राखे पनि सरकारको पक्षमा बहुमत भने जुटिसकेको छैन।

मुख्यमन्त्रीले एक सदस्य रहेको राप्रपा र स्वतन्त्र सांसदलाई समेत मन्त्री पद दिएर सरकारमा भित्र्याएर बहुमत पुऱ्याउन कसरत गरिरहेका छन्। ५३ सदस्यीय प्रदेश सभामा बहुमतका लागि २७ सदस्यको समर्थन आवश्यक पर्छ।



नागरिक उन्मुक्तिका लक्ष्मणकिशोर चौधरीलाई सोमबार पद तथा गोपनीयताको शपथ गराउँदै सुदूरपश्चिम प्रदेश प्रमुख देवराज जोशी।

■ नाउपाका अध्यक्ष रञ्जिताको अनुपस्थितिमा बैठक

सरकारमा सहभागिताको विषयमा नागरिक उन्मुक्तिभित्र भने विवाद चर्किएको छ। प्रदेश सरकारमा सहभागितालाई लिएर अध्यक्ष रञ्जिता श्रेष्ठ र संस्थापक संरक्षक रहेका उनका पति रेशम चौधरीबीच विवाद चुलिएको हो। नागरिक उन्मुक्तिका संरक्षक रेशम चौधरी प्रदेश सरकारको पक्षमा लागेका छन्। रेशमसँगको छलफलपछि मुख्यमन्त्रीले नागरिक उन्मुक्तिबाट गत शुक्रबार मन्त्री नियुक्त गरे। तर, रञ्जिताले आफूसँग छलफल नगरी सरकारमा मन्त्री पठाइएको भन्दै सरकारबाट फिर्ता हुन संसदीय दललाई निर्देशन दिएकी थिइन्।

अहिले कांग्रेसका १८ र नागरिक उन्मुक्तिका सात गरी २५ सदस्यको समर्थन छ। राप्रपा र स्वतन्त्र सांसद मत दिन तयार भए सरकारको बहुमतका लागि २७ सिट पुग्छ। गठबन्धनबाट मुख्यमन्त्रीले गत वर्ष विश्वासको मत लिने क्रममा पक्षमा मतदान गरेका स्वतन्त्र सांसद डा. तारा जोशी सदनमा प्रतिपक्षको बेञ्चमा बस्छन्।

मुख्यमन्त्री शाहले मन्त्रालय संख्या थप गरेर राप्रपा र स्वतन्त्र सांसदलाई सरकारमा सहभागी गराउने प्रयास गरिरहेका छन्। दुवैजना सरकारमा सहभागी भए सामाजिक विकास मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय फुटाउने तयारी छ। अहिले यी दुई मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्रीले आफैसँग राखेका छन्।

नागरिक उन्मुक्तिबाट दुई मन्त्री विनाविभागीय छन्। राप्रपा र स्वतन्त्र गरी दुई सांसद सरकारमा सहभागी भएपछि मन्त्रालयको कार्यविभाजन गरिने मुख्यमन्त्री शाहले बताए। सरकारमा सहभागिताबारे राप्रपा र स्वतन्त्र सांसदसँग कुराकानी भइरहेको उल्लेख गर्दै उनले दुवै जना छिट्टै सरकारमा आउने दावी गरे। 'सांसदहरूसँग संवाद भइरहेको छ। सरकारले छिटोभन्दा छिटो विश्वासको मत लिन्छ' मुख्यमन्त्री शाहले भने, 'उहाँहरू आउनु हुन्छ। मन्त्रीमण्डलमा सहभागी भएपछि कार्यविभाजन गर्छौं,' संविधानले दिएको अधिकारभित्र रहेर मन्त्रीमण्डल विस्तार गरिने उनले बताए।

स्वतन्त्र सांसद जोशी सरकारलाई समर्थन गर्न सकारात्मक देखिएका छन्। 'सरकारमा सहभागी हुन प्रस्ताव आएको छ तर मैले सरकारमा जाने मनस्थिति अहिले बनाएको छैन' उनले भने, 'सरकार बनाउने कुरामा सहयोग गर्छु भनेको छु,' उनले भने। राप्रपाका सांसद खीमादेवी बिष्ट पार्टी केन्द्रको निर्णयको पर्खाइमा छिन्। उनले प्रदेशको सन्दर्भमा पार्टी केन्द्रले गर्ने निर्णयअनुसार आफू अगाडि बढ्ने बताइन्। प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसहित सात मन्त्रालय छन्। कानुनअनुसार प्रदेशमा ११ जना मन्त्री बनाउन सकिने मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ।

प्रदेश प्रमुख जोशीले नवनियुक्त मन्त्रीलाई शपथ गराएलगत्तै सरकारले उनीसहित तीनवटा प्रदेशका प्रदेशलाई हटाउने निर्णय गरेको खबर सार्वजनिक भएको थियो। प्रदेश प्रमुख मन्त्रीलाई सपथ खुवाएर आफ्नो कार्यकक्षमा मुख्यमन्त्री, सभामुख र मन्त्रीहरूसहित बसिरहेका बेला सरकारले तीन प्रदेशमा प्रदेश प्रमुख पदमुक्त गरेको समाचार सञ्चारमाध्यमहरूमा सार्वजनिक भएको थियो। सरकारले सुदूरपश्चिमको प्रदेश प्रमुखमा नजिर मियाको नाम राष्ट्रपतिसमक्ष सिफारिस गरेको छ।

● लुम्बिनीमा केन्द्रको निर्णय कुर्दै एमाले र माओवादी

बुटवल/ माओवादी लुम्बिनी सरकारबाट बाहिरिनुका साथै समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री डिल्लीबहादुर चौधरी अल्पमतमा परिसकेका छन्। तर, मुख्यमन्त्री चौधरी अझै बहुमत पुऱ्याउन सकिन्छ कि भनेर लागिरहेका छन् भने एमाले र माओवादी कसको नेतृत्वमा सरकार बनाउने भनेर केन्द्रको निर्णय कुरिरहेका छन्।

माओवादी संसदीय दलका नेता जोखबहादुर महराले प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिएपछि प्रदेशका बारेमा आवश्यक निर्णय हुने अपेक्षा रहेको बताए। 'सरकार गठबन्धनकै बन्छ। तर, एमाले-माओवादीबीचमा आलोपालो सरकारको नेतृत्वका विषयमा केन्द्रबाट निर्णय आउन बाँकी छ,' उनले भने, 'जसपाले पनि चाँडै निर्णय गर्ने अपेक्षा छ।'

● बागमती सरकारमा एमाले र एकीकृत समाजवादीको पनि दाबी

हेटौंडा/ बागमती प्रदेश सरकारको नेतृत्वमा सत्ता गठबन्धनबाट एमाले र एकीकृत समाजवादीले दाबी गरेका छन्। माओवादी संसदीय दलका नेता एवं मुख्यमन्त्री शालिकराम जम्कट्टेल आफू नेतृत्वको सरकार पुनर्गठनको तयारीमा रहेका बेला गठबन्धनबाटै दुई दलले दाबी प्रस्तुत गरेका हुन्। एमाले बागमती प्रदेश संसदीय दलको हेटौंडामा सोमबार बसेको बैठकले बदलिएको राजनीतिक पस्थितिअनुसार सत्ता समीकरणको हिस्सा बनेकाले बागमतीमा मुख्यमन्त्रीको दावी गर्ने निर्णय गरेका हो। 'यसअघि पनि हामीले माओवादी मुख्यमन्त्री दिएका हौं। यसपटक हामीले मुख्यमन्त्री पाउनुपर्छ,' एमाले बागमती प्रदेश संसदीय दलका प्रमुख सचेतक मधुसूदन पौडेलले भने।

● दीर्घकालीन निर्णय नगर्न गण्डकी सरकारलाई आग्रह

पोखरा/ एमाले र माओवादीले गण्डकी प्रदेश सरकारलाई दीर्घकालीन असर पर्ने कुनै पनि निर्णय नगर्न सचेत गराएका छन्। एमालेको आइतबार र माओवादीको सोमबार बसेको गण्डकी प्रदेश सभा संसदीय दलको बैठकले अल्पमतमा परेको गण्डकी प्रदेश सरकारलाई दीर्घकालीन असर गर्ने निर्णय नगर्न सचेत गराएका हुन। गण्डकीमा माओवादीले समर्थन फिर्ता लिएसँगै कांग्रेस नेता सुरेन्द्रराज पाण्डे नेतृत्वको सरकार अल्पमतमा परेर कामचलाउ सरकारमा परिणत भइसकेको छ। पाण्डेले नेपालको संविधानको धारा १८८ को उपधारा (२) र प्रदेश सभा नियमावली २०७९ को नियम १४३ बमोजिम विश्वासको मत लिनुपर्ने हुन्छ।


राष्ट्रिय सभा अध्यक्षको निर्वाचन आज

माओवादीका दाहाल र कांग्रेसका शर्मा उम्मेदवार



नारायण दाहाल

पक्षमा	पक्षमा
माओवादी १८	कांग्रेस १६
एमाले १०	लोसपा १
समाजवादी ८	जनमोर्चा १
जसपा ३	जम्मा : १८
जम्मा : ३९	



युवराज शर्मा

स्वतन्त्र १ कतै नखुलेको, राष्ट्रपतिबाट मनोनीत एक बाँकी

नयाँ पत्रिका

राष्ट्रिय सभा अध्यक्षमा माओवादीका केन्द्रीय सदस्य नारायण दाहाल र कांग्रेस नेता युवराज शर्माले उम्मेदवारी दिएका छन्। अध्यक्ष पदमा मंगलबार हुने निर्वाचनका लागि पाँचदलीय गठबन्धनबाट माओवादीका दाहालले उम्मेदवारी दिएका हुन् भने प्रमुख प्रतिपक्षी कांग्रेसबाट शर्माले सोमबार उम्मेदवारी दर्ता गराएका छन्।

माओवादीका गोपी सार्की अछामीको प्रस्तावमा उम्मेदवार बनेका दाहाललाई एमालेका देवेन्द्र दाहाल, एकीकृत समाजवादीका बेदुराम भुसाल र जसपाका मोहम्मद खालिदले समर्थन गरेका छन्। कांग्रेसका आनन्दप्रसाद ढुंगानाले अध्यक्षमा प्रस्ताव गरेका उम्मेदवार शर्माको समर्थकमा कांग्रेसका किरणबाबु श्रेष्ठ र लोसपाका शेखरकुमार सिंह छन्।

अध्यक्षमा उम्मेदवारी दिँदै दाहालले आफ्नो योगदानअनुसार पार्टीले जिम्मेवारी दिएको र इमानदारपूर्वक निर्वाह गर्ने बताए। आफूलाई अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको भाइ भनेकोमा उनले असन्तुष्टि जनाए। आफू ०३६ देखि राजनीतिक गतिविधिमा लागेकोमा त्यो योगदानबारे थाहै नपाएका पक्षले आफूमाथि अरोप लगाएको जनाउँदै उनले भूमिकै नबुझी पटक-पटक प्रश्न गर्नु न्यायोचित नभएको जिकिर गरे।

'त्यसवेला यदि दाजुभाइको नाता लगाउनेले युद्धमा हिँड्दा दाइ हिँडेको छ, परिवारका सबै किन हिँड्नुपऱ्यो भनी किन प्रश्न नगरेको ?' दाहालले प्रश्न गरे। त्यसवेला युद्धमा नलाग्दा आफ्नो परिवार बचाउन लाग्यो भन्ने नेतृत्वलाई लाञ्छना लाग्ने गरेको उनले सुनाए। 'मैले आफ्नो योगदानअनुसारको जिम्मेवारी पाउन लागेको छु, सिंगो पार्टीपंक्तिले एकमतका साथ मलाई उम्मेदवार बनाउने निर्णय गरेको छ। यसलाई अन्यथा लिन मिल्दैन,' दाहालले भने।

अर्का उम्मेदवार शर्माले आफू प्रतिस्पर्धीभन्दा राजनीतिक र शैक्षिक योग्यताका हिसाबले अब्बल रहेको दाबी गर्दै अध्यक्षमा निर्वाचित भए संसदीय प्रणाली र पदको गरिमा बढाउने ढंगबाट कार्यसम्पादन गर्ने बताए। आफ्नो लामो राजनीतिक यात्रा र भूमिकाका कारण पार्टीले एक ढिक्काका साथ अध्यक्ष पदका लागि उम्मेदवार बनाएको उनको भनाइ थियो। 'लोकतन्त्रमा कसैको जित वा हार हुँदैन। सबै जित्छन्, सबै हार्छन्। निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष हो, पार्टीले आफ्नो उम्मेदवारीको निर्णय पहिलोपटक गरेकाले अर्को उम्मेदवार भन्ने प्रश्न हुँदैन,' उनले भने। अध्यक्षको निर्वाचनका लागि मंगलबार बिहान ११ बजेर ९ मिनेटमा राष्ट्रिय सभाको बैठक बोलाइएको छ। नियमावलीअनुसार बैठकमा मतविभाजनबाट अध्यक्ष चुनिनेछ।

■ राप्रपा सरकारमा सहभागी नहुने, विपक्षमा मतदान गर्ने

राप्रपाले वर्तमान सत्तागठबन्धनमा सहभागी नहुने, संसद्मा सरकारको विपक्षमा मतदान गर्ने र विपक्षमा बस्ने निर्णय गरेको छ। शनिबारदेखि सोमबारसम्म बसेको राप्रपा केन्द्रीय कार्यसम्पादन समिति बैठकले प्रदेश सरकारमा पनि तत्काल सहभागी नहुने, तर समर्थन गर्नुपर्ने परिस्थिति आएमा पार्टी अध्यक्षले सम्बन्धित प्रदेशको परामर्श लिएर निर्णय लिने भएको छ।

■ विश्वासको मतको विपक्षमा मतदान गर्न कांग्रेसको ह्विप

कांग्रेसले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मतको विपक्षमा मतदान गर्न ह्विप जारी गरेको छ। कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले सोमबार ३० फागुनमा प्रधानमन्त्रीले लिन लागेको विश्वासको मतको विपक्षमा मतदान गर्न ह्विप जारी गरेका हुन्।

'प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने प्रस्तावको विपक्षमा मतदान गर्न निर्देशन जारी गरिएको छ,' ह्विपमा भनिएको छ।

कुल ५९ सदस्यीय राष्ट्रिय सभामा माओवादी १८, कांग्रेस १६, एमाले १०, एकीकृत समाजवादी आठ, जसपा तीन, लोसपा एक, राष्ट्रिय जनमोर्चा एक, स्वतन्त्र एक सदस्य छन्। एकजना राष्ट्रपतिबाट मनोनीत हुन बाँकी छ। पाँचदलीय गठबन्धनतर्फ माओवादी १८, एमाले १०, एकीकृत समाजवादी आठ, जसपा तीन गरी ३९ सदस्य छन्। विपक्षी गठबन्धनतर्फ कांग्रेस १६, लोसपा र जनमोर्चा एक-एक गरी १८ सदस्य खुलेका छन्।

यस्तै, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एमाले अध्यक्ष केपी ओलीबीच राष्ट्रिय सभा अध्यक्षको निर्वाचन, प्रधानमन्त्रीको विश्वासको मत र प्रदेश प्रमुख र सरकारका बारेमा छलफल भएको छ। प्रधानमन्त्रीको सरकारीनिवास बालुवाटारमा सोमबार दुई नेताबीच छलफल भएको हो।

यस्तै, एकीकृत समाजवादीले राष्ट्रिय सभा अध्यक्ष र प्रधानमन्त्रीलाई विश्वासको मत दिन लिखित सहमति हुनुपर्ने सर्त अघि सारेको छ। केन्द्रदेखि प्रदेशसम्म शक्ति बाँडफाँटलगायतका समग्र विषयमा लिखित सहमति हुनुपर्ने उसको माग छ। सिंहदरबारमा सोमबार बसेको संसदीय दलको बैठकपछि प्रमुख सचेतक मेटमणि चौधरीले भने, 'प्रधानमन्त्री, मुख्यमन्त्री, मन्त्रीदेखि राजनीतिक नियुक्तिसम्मका सरोकारमा लिखित सहमति हुनुपर्छ। हाम्रो माग सुनुवाइ नहुने अवस्थामा भोट हाल्दिनुपर्ने जरुरी छैन।'

संक्षेप

न्याय नपाए आत्मदाह गर्ने इन्जिनियर सिवाकोटीको चेतावनी



बारा/ नेपाल विद्युत् प्राधिकरणका सहायक इन्जिनियर दिनेश सिवाकोटीले न्याय नपाए आत्मदाहको चेतावनी दिएका छन्। बाराको निजगढ नगरपालिका- ९ घर भएका उनले उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेलाई सम्बोधन गर्दै लेखेको पत्र सामाजिक सञ्जाल फेसबुकमा सार्वजनिक गर्दै यस्तो चेतावनी दिएका हुन्।

हस्तलिखित पत्रमा सिवाकोटीले आफ्नो जीवनरक्षाको माग गर्दै सात दिनभित्र सुशासनको प्रत्याभूति नभए प्राधिकरण परिसरभित्रै आत्मदाह गर्ने चेतावनी दिएका हुन्। पत्रको बोधार्थ ऊर्जा मन्त्रालय र महालेखा नियन्त्रकको कार्यालयलाई समेत पठाइएको सिवाकोटीले उल्लेख गरेका छन्। उनले २४ फागुनमा राष्ट्रपति रामचन्द्र पौडेललाई समेत पाँच पृष्ठको पत्र लेखेर विभिन्न माग राखेका थिए। नेपाल विद्युत् प्राधिकरण कर्मचारी सेवा, सर्त नियमावली २०७५ (संशोधनसहित) विपरीतको गतिविधि गरेको भन्दै सहायक इन्जिनियर सिवाकोटीलाई प्राधिकरणले २३ फागुनदेखि लागू हुने गरी ६० दिनका लागि सेवाबाट निलम्बन गरेको थियो। उनले आफ्नो निलम्बन फुकुवाको माग गरेका छन्।

राप्रपा कार्यालयमा कुटपिट घटना : प्रहरीले सुरु गऱ्यो अनुसन्धान



ठाकुरमोहन श्रेष्ठ

काठमाडौं/ राप्रपाको धुम्बाराहीस्थित पार्टी कार्यालयमा भएको कुटपिट घटनाको अनुसन्धान सुरु भएको छ। सशस्त्र प्रहरी बलका पूर्वएआइजी ठाकुरमोहन श्रेष्ठले जाहेरी दिएपछि घटनाको अनुसन्धानमा प्रहरी जुटेको हो। राप्रपाको धुम्बाराहीस्थित कार्यालयमा आइतबार पूर्वएआइजी श्रेष्ठसहितका युवा कुटिएका थिए। घटना सम्बन्धमा श्रेष्ठले प्रहरी वृत्त महाराजगन्जमा जाहेरी दिएका थिए। सोही जाहेरीपछि प्रहरीले घटनामा अनुसन्धान सुरु गरेको हो। श्रेष्ठ राप्रपाको कार्यसम्पादन समिति सदस्य हुन्। उनी आइतबार कार्यसम्पादन समितिको बैठकमा सहभागी भएका थिए। सोही क्रममा उनीमाथि केही युवा कुटपिटमा उत्रिएका थिए।

कुसुन्तीमा लिफ्टसहितको आकासे पुल बन्दै

ललितपुर/ ललितपुर महानगरपालिकाले लिफ्टसहितको आकासे पुल निर्माण सुरु गरेको छ। एक वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी कुसुन्तीस्थित चक्रपथ सडकखण्डमा आकासे पुल निर्माण प्रारम्भ गरेको हो। पुलको कुल लागत चार करोड ६८ लाख छ। महानगरका मेयर चिरिबाबु महर्जनले सोमबार उक्तक्त पुलको शिलान्यास गरेका छन्। सडक विभागले महानगरलाई पुल निर्माणका लागि गत भदौमा सहमति दिएको थियो। अपांगमैत्री उक्त पुल एक वर्षभित्रै सक्ने गरी महानगरले ठेक्का सम्झौता गरेको छ। कानुनअनुसार आठ मिटरभन्दा ठूला सडकको क्षेत्राधिकार स्थानीय तहअन्तर्गत पर्दैन, तर महानगरले सडक विभागसँग सम्झौता गरेर आफैंले पुल निर्माण थालेको हो। आवतजावत बढी हुने र दुर्घटनाको जोखिम कम गर्न आकासे पुल निर्माण गर्न लागेको मेयर महर्जनले जानकारी दिए। उनका अनुसार सडक विभागबाट पुल निर्माणका लागि अनुमति लिन चार वर्षभन्दा धेरै समय लागेको थियो।

रास्वपा बैठक : परिणाममुखी काम गर्न मन्त्रीहरूलाई सुझाव

नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीमा सल्लाह नगरी सरकारमा सहभागी भएको भन्दै विवाद उत्पन्न भएको छ। पार्टी केन्द्रीय कार्यालयमा सोमबार बसेको केन्द्रीय समिति बैठकमा केन्द्रीय सदस्यहरूले सल्लाह नगरी सरकारमा गएको गुनासो गरेका हुन्।

केन्द्रीय सदस्यहरू गणेश कार्की, मनीष झा, गणेश पराजुलीलगायतले सरकारमा सहभागी हुँदा पर्याप्त छलफल नभएको धारणा राखेका थिए। कार्कीले पार्टी सरकारमा सहभागी भएको विषयमा जानकारी नभएकाले आफ्नो असन्तुष्टि सामाजिक सञ्जालमा राखेको प्रस्ट पारेका थिए। 'छलफल त्यति भएन भन्ने साथीहरूको गुनासो थियो,' केन्द्रीय सदस्य झाले भने, 'त्यसमा महामन्त्रीज्यूले घटनाक्रम यति तीव्र भयो कि पर्याप्त अवसर नै पाइएन। प्रक्रियागत रूपमा लाग्दा जति समय लाग्छ, त्यति समय नै थिएन भन्नुभयो।'

राजनीतिक संक्रमणकालीन परिस्थितिमा सिर्जित अनिश्चिततामा तीव्र निर्णय लिनुपर्ने भएकाले पनि प्रक्रियागत रूपमा जान नभ्याएको महामन्त्री मुकुल ढकालको जवाफ थियो। बैठकमा केन्द्रीय सदस्यहरूले प्रश्न गर्ने ठाउँबाट काम गर्ने र जवाफ दिने ठाउँमा पुगेको भन्दै प्रश्न नउठ्ने गरी परिणाममुखी काम गर्न नवनियुक्त मन्त्रीहरूलाई सुझाव दिएका थिए। मन्त्रीको कामसँग पार्टीको भविष्य जोडिएको भन्दै केन्द्रीय सदस्यले मानक राख्ने गरी उदाहरणीय काम गर्न मन्त्रीहरूको ध्यानाकर्षण गराएका थिए।

यसका लागि आफूहरूले पूर्ण रूपमा सहयोग गर्ने उनीहरूको प्रतिबद्धता थियो।

बैठकमा उपसभापति स्वर्णिम वाग्लेले राजनीति गरेपछि सरकारमा गएर नै डेलिभरी दिने हो भन्दै पार्टीले एकढिक्का भएर नवनियुक्त मन्त्रीलाई सहयोग गर्नुपर्ने धारणा राखे। सभापति र उपसभापति सरकारमा गएकाले पार्टी र संसद् सम्हाल्नुपर्ने दायित्वका बीच आफू सरकारमा नगएको वाग्लेको भनाइ थियो। कामबाट पार्टीले आफूलाई प्रमाणित गर्ने यो उपयुक्त अवसर भएको उनको धारणा थियो।

सभापति एवं उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले नागरिकलाई सरल र सहज सेवा प्रवाहका लागि प्रतिकूल अवस्थामा सरकारमा जाने निर्णय गरेको बताए। 'हामीले सुधारका केही काम सुरु गरिसकेका छौं। डेलिभरी दिन सरकारमा गएका हौं। हामी तपाईंहरूलाई निराश बनाउँदैनौं,' उनले भने।

महामन्त्री मुकुल ढकालका अनुसार बैठकले सरकारमा सहभागी हुने निर्णयलाई अनुमोदन गर्दै सरकारमा सहभागी भएका मन्त्रीहरूलाई सहयोग गर्ने निर्णय गरेको छ। 'यस ऐतिहासिक अवसरलाई सफल बनाउन आवश्यक योगदान र समन्वय गर्ने तथा सरकारको कार्यसम्पादनको आवधिक समीक्षा गर्ने र पार्टीका विविध मोर्चा (सरकार, संसद्, संगठन)मा सल्लाह-सुझावका आधारमा सहयोगी टिम गठन गर्दै पार्टीलाई हरेक मोर्चामा सफल बनाउन हरसम्भव कार्य गर्ने,' निर्णयमा भनिएको छ।

■ इलाम २ मा एक्लै चुनाव लड्ने, बझाङको प्रदेश सभा निर्वाचनमा भाग नलिने

रास्वपाले इलाम २ को प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनमा भाग लिने, तर बझाङको प्रदेश उपनिर्वाचनमा भाग नलिने निर्णय पनि गरेको छ। पार्टीको केन्द्रीय अनुशासन आयोगमा दुई सदस्य मनोनीत गरेको छ। जसमा अधिवक्ताहरू बर्दियाका दीपक अधिकारी र अर्घाखाँचीका शान्ता थापा छन्। बैठकले इश्रामुल्ला मियाको नेतृत्वमा केन्द्रीय जनसम्पर्क विभाग गठन गरेको छ। विभागको सदस्यमा कुमारबहादुर थापा क्षेत्री छन्।

स्रोत नखुलेको एक करोड १५ लाख बरामद

बाँके/ प्रहरीले नेपालगन्जका दुई होटेलबाट एक करोडभन्दा बढी रुपैयाँ बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले नेपालगन्जका दुई होटेलमा छापा हानेर स्रोत नखुलेको एक करोड १५ लाख रुपैयाँ बरामद गरेको हो।

बाँके प्रहरीले हुन्डी कारोबारमा संलग्न तीनजनालाई आइतबार पक्राउ गरेको थियो। पक्राउ परेकाहरूको बयानका आधारमा होटेलमा छापा मार्दा स्रोत नखुलेको रकम फेला परेको बाँकेका प्रमुख प्रहरी उपरीक्षक सुभाषचन्द्र बोहराले जानकारी दिए। उनले नेपालगन्ज उपमहानगरपालिका- ४ बसपार्कस्थित होटेल सन्तोष दंगालीमा बसेका ३५ वर्षीय रोहित क्षेत्री, दाङका ४३ वर्षीय कृष्ण विक र भारतीय नागरिक राहुल जैसवाललाई नियन्त्रणमा लिएको बताए। बसपार्ककै अर्को कालिका होटेलमा छापा मार्दा नेपालगन्ज उपमहानगरपालिका- १६ जयसपुरका ५० वर्षीय सलिम जोलाह र सोही स्थानकै २५ वर्षीय आसिफ अन्सारीलाई स्रोत नखुलेको रकमसहित नियन्त्रणमा लिएको उनले जानकारी दिए।

बाँके प्रहरीले आइतबार स्रोत नखुलेको ३८ लाख रुपैयाँसहित हुन्डी कारोबार गर्ने गिरोहका तीनजनालाई पक्राउ गरेको थियो। नेपालगन्जको धम्बोझी चोकस्थित सांग्रिला बैंकनजिकबाट स्रोत नखुलेको ३८ लाख रुपैयाँसहित राजापुर नगरपालिका- १, बर्दियाका २० वर्षीय अनुप थारू, बर्दियाकै पूर्णिमा थारू र नेपालगन्ज उपमहानगरपालिका- १६ जयसपुरका हसिब अजमत जसगढलाई पक्राउ गरेको प्रहरीले जनाएको छ। बरामद भएको रकम भारतमा भएको सुन कारोबारको हुन्डी रकम भएको अनुसन्धानबाट खुलेको छ।

■ समाचार प्रभाव

माइलीको परिवारलाई जुट्यो सहयोग

नयाँ पत्रिका

तीन दिनअघि श्रीमान् गुमाएकी नुवाकोट लिखु गाउँपालिका-४, रानीटारकी ५६ वर्षीया माइली राईको परिवारलाई किरिया (सांगे) गर्ने आर्थिक सहयोग जुटेको छ। पशुपतिस्थित किरियापुत्री भवनमा किरिया बारिरहेकी माइलीको परिवारलाई ५० भन्दा बढी सहयोगीले एक लाख ५० हजारभन्दा धेरै रकम सहयोग गरेका छन्। खानका लागि १२ बोराभन्दा धेरै चामल र पिठो, फलफूल, दाललगायतका खाद्य सामग्री पनि जुटेको छ। किरिया उतार्न आर्थिक समस्या झेलिरहेकी माइलीका बारेमा नयाँ पत्रिका दैनिकले सोमबारको अंकमा समाचार प्रकाशन गरेको थियो।

बागमती प्रदेशका पूर्वसांसद एवं समाजसेवी नरोत्तम वैद्यका अनुसार माइलीको परिवारलाई मदनकुमार श्रेष्ठले ३० हजार, रुद्र ढुंगेलले १५ हजार, नेपाल प्रहरीका पूर्वएआइजी राजेन्द्रबहादुर सिंहले १० हजार, शिवशंकर गौतमले पाँच हजार रुपैयाँ सहयोग गरेका छन्। यसबाहेक पनि विभिन्न ठाउँबाट नगद तथा खाद्य सामग्री सहयोग प्राप्त भइरहेको वैद्यले बताए। 'सोमबार साँझसम्म एक लाख ५० हजार रुपैयाँ नगद सहयोग जुटिसकेको छ। यस्तै, खाद्य सामग्री पनि सहयोगका रूपमा जुटेको छ। सुरुको दिन किरिया बार्ने ठाउँमा चामलको गेडा थिएन। अहिले बोराका बोरा चामल प्राप्त भएका छन्। यो सहयोगले उनीहरूलाई बाँच्ने हौसला प्रदान गरेको छ,' उनले भने।



पशुपतिमा श्रीमान्को किरियामा बसेकी माइली राई परिवारलाई आर्थिक सहयोग हस्तान्तरण गर्दै नुवाकोट बेलकोटगढी नगरपालिका- ४ का रुद्र ढुंगेल र मीरा घिमिरेदम्पती।

माइलीका ५७ वर्षीय श्रीमान् पाण्डव राईको शनिबार मृत्यु भएको थियो। शववाहनलाई दिने रकमसमेत नभएपछि उनले रिक्सामै राखेर श्रीमान्को शव पशुपतिस्थित आर्यघाट पुऱ्याएकी थिइन्। घाटमा तिर्ने रकमसमेत नभएपछि पूर्वसांसद वैद्यले उनलाई सहयोग गरेका थिए। काठमाडौंको खुसिबु डेरा गरेर बस्दै आएकी माइली छाक टार्न बिहान-बेलुका साहुको घरमा भाँडा माझ्ने काम गर्छिन्। उनका श्रीमान् पाण्डव रिक्सा चलाउँथे।

माइलीको सहयोगमा जुटेका वैद्यका अनुसार किरिया बस्न पशुपति क्षेत्र विकास कोषले पनि कोठा बहाल निःशुल्क गरिदिएको छ। 'पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव पीडितलाई भेट्न कोठामै पुगे। दुई बोरा चामल पनि किनिदिए। कोठाको बहाल पनि निःशुल्क गरिदिए। आवश्यक परे थप सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्,' उनले भने।

हाम्रो खाद्य प्रणाली र आसन्न चुनौती

बढ्दो भोक, फैलिँदो कुपोषण, मौलाउँदो मोटोपन, जैविक विविधताको हानि, पर्यावरणीय क्षति र जलवायु परिवर्तनले हाम्रो खाद्य प्रणालीलाई चुनौती दिइरहेका छन्



● डा. रामहरि पौड्याल

अग्रलेख

हाम्रो समग्र खाद्य प्रणाली हामीले खाद्यान्न उत्पादन गर्ने तरिका, त्यसको बजार व्यवस्था र खाना उपभोग गर्ने तौरतरिका अर्थात् 'फार्म टु फोर्क'सम्मको यात्राबीच उत्पन्न कार्बन उत्सर्जन र खपत हुने ऊर्जा सबैको योग हो। त्यसले हाम्रो समग्र राजनीतिक, सामाजिक, आर्थिक, पारिस्थितिक र सांस्कृतिक अवस्थालाई प्रतिनिधित्व गर्छ। हाम्रो समुदायको स्वाभिमान बचाउँदै दशकौँदेखि एउटा चमत्कारकै रूपमा जनसंख्या, कुपोषण र गरिबी घटाउन तथा जीवनस्तर वृद्धि गर्न सहायक बन्दै आएको देखिन्छ। तथापि आलोचकहरू भन्छन्- खाद्य प्रणालीको हालको विकास यो प्रगति असमान छ। खाद्य प्रणालीको विकासक्रममा यतिखेर वैश्विक संकट मडारिएको छ। मानवताले सामना गर्ने सबैभन्दा ठूलो र गम्भीर चुनौती, विशेषगरी रुस-युक्रेन, इजरायल-हमास युद्धले निम्त्याएको बढ्दो भोक, फैलिँदो कुपोषण, मौलाउँदो मोटोपनको महामारी, जैविक विविधताको हानि, पर्यावरणीय क्षति र जलवायु परिवर्तनले हाम्रो खाद्य प्रणालीलाई चुनौती दिइरहेका छन्। फलतः विश्वभर आर्थिक मूल्य, मानवीय पीडा र पृथ्वी ग्रहको हानि बढ्दै गरेको देखिन्छ। जसको मौद्रिक प्रभाव प्रतिवर्ष १० ट्रिलियन अमेरिकी डलरभन्दा बढी रहेको बताइन्छ। खानाभन्दा बढी तिनका प्रणालीले विश्वव्यापी जिडिपीमा योगदान गर्छन्। छोटकरीमा, हाम्रो खाद्य प्रणालीले तिनले सिर्जना गरेकोभन्दा बढी मूल्य नष्ट गर्दै छन्। यो सोचनीय विषय हो।

आजको खाद्य प्रणालीको बिग्रिँदो नतिजालाई बेवास्ता गर्दै अगाडि बढे भोलि संसारभर भोकमरीको दुश्चक्रको नकारात्मक प्रभाव विनाशकारी रूपमा देखापर्ने निश्चित छ। विज्ञहरूले सचेत गराइरहे पनि हाम्रा खाद्य नीतिमा समयसापेक्ष छलफल, जस्तै- जलवायु परिवर्तन र त्यसले हाम्रो वरपरका खाद्य प्रणालीमा पारेको असरबारे लामो समयदेखि बेवास्ता गरिएको छ। ६५ प्रतिशत जनता कृषिमा आश्रित तथा लाखौँको जीविकोपार्जनको स्रोत कृषि भए पनि आज कृषिबारे चिन्ता र चासो घट्दो छ। शक्ति राष्ट्रहरू ठूला खेलाडीका रूपमा दिगो खाद्य प्रणालीबारे बहसमा अगाडि आउनुपर्छ। किफायती खाद्यान्न उत्पादन र जीविकोपार्जनका लागि जो खाद्य प्रणालीमा निर्भर छन्, ती भूमिपुत्रको स्तर बढाउने अवसरलाई सदुपयोग गर्दै कृषि नीति-निर्माताको विज्ञताको सदुपयोग गर्दै विश्वव्यापी जलवायु, प्रकृति र स्वास्थ्य आपत्काल तथा लाखौँ मान्छेलाई राम्रो जीवन प्रदान गर्ने वाचासहित अघि बढ्नुपर्छ।

युरोपियन युनियनका किसानको विद्रोह : हाल युरोपियन युनियनको हरितगृह ग्यास उत्सर्जनको ११ प्रतिशत कृषि क्षेत्रबाट हुने गरेको छ। युनियनको लगभग ६० बिलियन डलरको वार्षिक अनुदान प्रणालीमा आधारित साझा कृषि नीतिमा परिमार्जन गरी अनुदान रोक्न खोजिएकामा युनियनका किसान क्रुद्ध भएका छन्। युरोपेली हरित सम्झौताको अंश मानिएको यस नयाँ नीतिमा ०५० सम्ममा युनियन ब्लकलाई जलवायु-तटस्थ बनाउने लक्ष्य राखिएको छ। किसानलाई कम्तीमा चार प्रतिशत कृषियोग्य भूमि गैरउत्पादक सुविधामा लगाउन माग गरिएको छ। त्यस्तै किसानले पारम्परिक कृषि प्रणालीमा परिवर्तन गरी बालीलाई 'रोटेसन'मा लगाउनुपर्नेछ। यसले कृषि क्षेत्रको कार्बन उत्सर्जन कम गर्न सघाउनेछ। सन् ०५० सम्ममा युनियनलाई कार्बन शून्य बनाउन कम्तीमा २० प्रतिशतले रासायनिक मलको प्रयोग घटाउनुपर्छ।

धेरै किसानले यी उपायले युरोपेली कृषि क्षेत्रलाई आयातविरुद्ध कम प्रतिस्पर्धी बनाउने भनी असहमति प्रकट गरेका छन्। एक्सप्रेस राजमार्गमा ठुल्ठूला ट्र्याक्टर पसारेर अवरोध गर्दै किसानले टायर बालेर विद्रोह गरेका छन्। किसान युनियनका प्रतिनिधिले पत्रकारलाई प्रस्ट्याए- अत्यधिक प्रशासनिक झन्झट र नियमले हामीलाई दिक्क बनाएका छन्। यही दिक्दारीको विस्फोटन यतिखेर युरोपभर आगो बनेर सल्केको छ। जर्मनीको बर्लिन, फ्रान्सको पेरिस हुँदै बेल्जियमको ब्रसेल्ससम्म यो आगो फैलिइसकेको छ।

यद्यपि धेरै गुनासो किसानले युरोपियन महाद्वीपव्यापी साझा गरेका छन्। तिनको सरोकार पनि देशअनुसार फरक छन्। जर्मनीमा किसानले बजेटलाई सन्तुलनमा राख्न कृषि डिजेलमा करछुट चरणबद्ध गर्ने योजनाको विरोध गरिरहेका छन्। यसले आफूहरूलाई टाट पल्टाउने उनीहरूको दाबी छ। नेदरल्यान्डमा किसानहरू नाइट्रोजन उत्सर्जन कम गर्ने आवश्यकताविरुद्ध विद्रोह गरिरहेका छन्। फ्रान्समा किसान युनियनहरू राष्ट्रपति इमानुयल म्याक्रोँको सरकारले प्रस्ताव गरेको सहुलियतबाट प्रभावित छैनन् र सुधारिएको तलब, कम नोकरशाही र विदेशी प्रतिस्पर्धाबाट सुरक्षाका लागि लडिरहेका छन्। युक्रेन युद्धले रुसको आक्रामकताका कारण खाद्य आपूर्तिमा अवरोध सिर्जना भएको छ। व्यापार प्रवाहलाई निरन्तर बढाउँदै गर्दा धेरै युरोपियन मुलुकमा ऊर्जा, ग्यास, रासायनिक मल र ढुवानीको मूल्य बढी हुँदा किसानको लागत बढेको छ र यसले समस्यालाई थप खराब बनाएको छ।

ब्रसेल्समा फेब्रुअरी १ मा भएको विरोध प्रदर्शनपछि फ्रान्सेली रास्ट्रपति म्याक्रोँले युरोपको कृषि क्षेत्रले ठूलो संकटको सामना गरिरहेको बताएका छन्। यसको समाधानका लागि युरोपले संयुक्त प्रयास गर्दै एकीकृत नियम लागू गरी गहिरो रूपमा आवश्यक नीति परिवर्तन गर्नुपर्छ। कृषिमा सुधार गर्न कृषि विज्ञहरूको राय लिनुपर्छ। सुपरमार्केटहरूले किसानलाई उचित मूल्यको ग्यारेन्टी गर्ने संयन्त्र तयार हुनुपर्छ। भर्खरै निर्वाचित फ्रान्सेली युवा प्रधानमन्त्री गेब्रियल एटलले पनि फ्रान्सेली किसानलाई खाँचोमा परेकाहरूका लागि चार हजार १६० मिलियन डलर सहयोगको प्याकेज घोषणा गरेका छन्। जसपछि दुई प्रमुख किसान युनियनले उनीहरूका सदस्यलाई विरोध स्थगित आह्वान गरेका छन्।



युरोपमा जतातताै प्रश्न उठिरहेका छन्- हामी कसरी अझ धेरै तर राम्रो उत्पादन गर्न सक्छौँ ? हामी कसरी जलवायु परिवर्तनको सामना गर्न सक्छौँ ? हामी कसरी विदेशबाट आउने सस्तो उत्पादन र अनुचित प्रतिस्पर्धाबाट बच्न सक्छौँ ? यिनै यक्ष प्रश्न यतिखेर युरोपियन किसानले दोहोऱ्याइरहेका छन्। युरोपियन किसानको मागअनुसार लगभग ४३० मिलियन डलरको अनुदान योजना ल्याइएको छ। धेरैजसो युरोपेली सरकारले किसानको क्रोध घटाउन घोषणा गरिसकेका छन्। तथापि युद्धस्तरमा युरोपेली आयोगले अझै पनि कृषि अनुदानलाई अनुमति दिँदै हरियो खेतीलाई प्रोत्साहित गर्दै कृषि कर्ममा हुने कार्बन उत्सर्जन र पारम्परिक कृषि तरिका र आवश्यकता कम गर्ने प्रस्ताव गरिरहेको छ।

तर, युरोपेली नेताहरूले जलवायु परिवर्तनमा कृषिको प्रभावलाई कम गर्दै कृषि जीविकोपार्जनको आवश्यकतालाई सन्तुलनमा राख्न संघर्ष गरिरहेका छन्। यो नयाँ नीति र बाध्यकारी प्रयोजनले किसान अझै पनि क्रोधित छन् र आन्दोलनमा सक्रिय रहनेछन् भनिएको छ। 'हाम्रो मुख्य माग भनेको हामीले प्राप्त गर्ने मूल्यले राजस्वसहित उत्पादन लागत कभर गर्ने सुनिश्चित गर्ने युरोपेली कानुन प्राप्त गर्नु हो,' किसानहरू भन्छन्। युरोपियन किसानले भोगेको समस्या नेपाली किसानले समेत भोग्दै आएको समस्या हो सदियौँदेखि।

नेपाली किसानले सिक्ने पाठ : कृषि गणनाअनुसार करिब ३८ लाख घरपरिवारले कृषिलाई प्रमुख पेसाका रूपमा अपनाएको पाइएको छ। नेपालमा झन्डै ७०.५ प्रतिशतको हाराहारीको जनसंख्या कृषि पेसामा आश्रित छन्, तर सात प्रतिशत किसानसँग आफ्नै भूमि छैन। ७० प्रतिशत किसान भएको देश नेपालले हरेक वर्ष एक अर्ब डलर अर्थात् एक खर्ब ३० अर्बको कृषिजन्य उत्पादन छिमेकीबाट किनेर उपभोग गर्छ। कृषि आयात विगत दुई दशकमा ७८ गुणाले बढेको छ। हिजो तोरी र धानका लागि प्रख्यात चितवन यतिखेर कंक्रिटको जंगलमा परिणत भएको छ। अव्यवस्थित सहरमा रूपान्तरित हुँदै छ। दश नंग्रा खियाएर गरेको दुःख बजारमा कौडीको भाउमा पनि नबिकेपछि र विषाक्त औषधि हालिएको भारतीय उत्पादनले स्थानीय उत्पादनलाई टक्कर दिएपछि केही महिनाअघि उचित बजार व्यवस्थाको अभावमा किसानले आफ्नै उत्पादन सडकमा फालेर गरेको यो विद्रोह किसानप्रतिको ठूलो अपमान हो।

> खाद्यान्नको उच्च मूल्यले करिब १.६ अर्ब मानिस पर्याप्त खानेकुरा पाउन नसक्ने अवस्थामा पुगेको र लगभग २५ करोड मान्छे अनिकालको छेउ पुगेको अवस्थामा नेपालले समयमै विश्व परिवेशबाट पाठ सिक्न आवश्यक छ

प्रधानमन्त्रीको गृहजिल्ला र कृषिविज्ञ प्रधानमन्त्री भएका वेला किसान र कृषिकर्मलाई बेवास्ता गर्दै कृषि विश्वविद्यालयको जग्गामा क्रिकेट स्टेडियम, र अर्बौंको अन्य आयोजना छानिँदा कृषिक्षेत्र अपमानित भएको महसुस हुन्छ। अनियन्त्रित रूपमा धानखेत घडेरीका नाममा खण्डित भइरहेका छन्। भू-उपयोग नीति पारित भए पनि ऐन बनेर यो प्रभावकारी रूपमा कार्यान्वयनमा आएको छैन। भूउपयोग नियमावली २०७९ भर्खरै पास भएको छ। यो काम तत्कालै प्रभावकारी ढंगले अघि बढाउनुपर्छ। युरोपेली देशले रासायनिक मलमा गरेको २० प्रतिशत कटौतीको लक्ष्यलाई नेपालले पनि तुरुन्त पालना गर्नुपर्छ। रासायनिक मलमा दिइँदै आएको अनुदान कटौती गरी प्रांगारिक मल उत्पादन गर्ने स्थानीय कम्पनीलाई अनिवार्य रूपमा अनुदान दिइनुपर्छ। रासायनिक मलको अत्यधिक प्रयोगले आज हामी विषाक्त खानाको सिकार भएका छौँ। यसका लागि नियमन गर्न ढिलो गर्नुहुँदैन।

न्युयोर्क टाइम्समा प्रकाशित एक रिपोर्टअनुसार दर्जनौँ देशले खाद्य संकटलाई मध्यनजर गर्दै आफ्नो देशको खाद्य सुरक्षा र सुनिश्चितता कायम राख्न अनेकखाले खाद्य आपूर्तिमा कडाइ गरेका छन्। रुस-युक्रेन आक्रमणअघि नै विश्व खाद्य कार्यक्रमले सन् २०२२ भोकमरीका कारण भयानक वर्ष हुने चेतावनी दिएको थियो। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले मे १८ मा चेतावनी दिएका थिए- आगामी महिनामा 'विश्वव्यापी खाद्यान्न अभावको भूतले विश्वलाई तर्साउनेछ र जुन वर्षौंसम्म रहन सक्छ।' मुख्य खाद्यान्नको उच्च मूल्यले पहिल्यै ४४० मिलियनबाट बढेर १.६ बिलियन मानिस पर्याप्त खानेकुरा पाउन नसक्ने अवस्थामा पुगेका छन्। लगभग २५० मिलियन मान्छे अनिकालको छेउमा छन्। नेपालले समयमै यस्तो विश्व परिवेशबाट पाठ सिक्न आवश्यक छ। अर्थतन्त्र डरलाग्दो स्थितिबाट गुज्रिरहेको वर्तमानलाई बुझेर भोलि श्रीलंका बन्नु नपरोस्, पैसा भएर पनि विदेशी मुद्राको सञ्चय नहुँदा किनेर खान नपाइने अवस्था नआओस् भन्नेतर्फ सचेत हुन जरुरी छ। हिजो पेट्रोलियम र खाद्यान्नको नाकाबन्दीलाई सम्झेर भविष्यमा खाद्यान्न, ऊर्जाजस्ता जीवनदायिनी वस्तुमा पूरै छिमेकीको भर पर्नु खतराको संकेत हो भन्ने हालैको रुस-युक्रेनको झमेलाबाट पनि नेपालजस्ता भूपरिवेष्टित देशले सिक्नुपर्छ।

अन्त्यमा, नेपालले कृषिविज्ञहरूसँग देश-विदेशका सफल कृषि नीतिबारे छलफल चलाउनु आवश्यक छ। कृषि विकासका लागि एउटा अनिवार्य अनुसन्धान निकाय जरुरी छ। हाम्रा पारम्परिक र वैदिक कृषि प्रणालीबारे अनुसन्धान गर्न सम्बन्धित क्षेत्रलाई आह्वान गर्न ढिला गर्नुहुँदैन। यस्तो जिम्मेवारी चितवनकै कृषि तथा वन विज्ञान विश्वविद्यालयलाई दिन सकिन्छ। जहाँबाट कृषिनीतिको समग्र अनुसन्धान हुन सकोस्। विदेशमा रहेका कृषि र वन विज्ञान क्षेत्रका विज्ञहरूको रेकर्ड बनोस्। उनीहरूलाई समेत समावेश गरेर यस्ता नीति बनाए विदेशमा कस्ता नीति लागू छन्, कस्ता प्रविधि प्रयोगमा छन् भन्ने ज्ञान ट्रान्सफर गर्न सकिन्छ। हरेक डिजिटल मिटिङमा विदेशमा रहेका विज्ञ नेपालीलाई समावेश गर्नुपर्छ।

(डा. पौड्याल त्रिभुवन र पूर्वाञ्चल विश्वविद्यालयका भिजिटिङ प्राध्यापक हुन्)

---

३ प्रश्न

पूर्वआइजिपी **ठाकुरप्रसाद ज्ञवाली**लाई



प्रहरीमा ३० वर्षे सेवा अवधि किन विवादमा परिरहन्छ ?

राज्य सत्ता सञ्चालनमा रहनेहरूको 'रुचि'को हिसाब-किताबअनुसार वेलावेलामा प्रहरीको सेवा अवधि घटबढ हुँदै आएको छ। कुनै समय प्रहरीमा राजनीतिक नेतृत्वको एकप्रकारको तजबिजीमा ३०, ३२ या ३५ वर्षसम्म पनि सेवा अवधि कायम रहन सक्ने अवस्था थियो। पछि ३० वर्षे प्रावधान आएपछि त्यसमा केही हदसम्म सुधार त देखियो, तर यसका कारण अनुभवी जनशक्ति छिट्टै बिदा हुने अवस्था सिर्जना भयो। राज्यलाई आवश्यक जनशक्ति यसरी छिट्टै बिदा हुँदा संगठन र राज्य दुवैलाई क्षति हुन्छ। त्यसैले, ऐनमार्फत निश्चित मापदण्ड तयार गरी यो ३० वर्षे प्रावधान हटाउनु नै ठीक हुन्छ।

३० वर्षे सेवा अवधि हटाउँदा संगठन र राज्यलाई के-कस्ता लाभ हुन सक्छन् ?

सबैभन्दा बढी त आफूले वर्षौं लगाएर तयार गरेको जनशक्तिको अधिकतम उपयोग राज्यले गर्न पाउँछ। यसबाट संगठनको नीति-निर्माण तहमा दक्ष र अनुभवी जनशक्तिको अभाव हुँदैन। राज्यको वित्तीय दायित्व कम हुन्छ। ३० वर्षे प्रावधानका कारण छिट्टै बिदा हुन बाध्य प्रहरी कर्मचारीले पनि बाँकी अवधि सेवा गर्न पाउँदा सामाजिक सुरक्षाका दृष्टिले पनि सुरक्षित महसुस गर्न सक्छ। त्यसैले, यो हट्नु राम्रै हुन्छ।


३० वर्षे सेवा अवधि हटाउने विषयमा उठेका असन्तुष्टिहरूलाई कसरी सम्बोधन गर्न सकिएला त ?

संगठन र राज्यलाई हित हुन्छ भने कहिलेकाहीँ व्यक्तिलाई मर्का पर्न पनि सक्छ। तर, यस्तो प्रावधान ल्याउँदा अमुक व्यक्ति र आफ्नो स्वार्थ हेरेर होइन, निःस्वार्थ भावनाले ल्याउनुपर्छ।

प्रेरक प्रसंग

जिन्दगी जिउने प्रेरणा

जब जुलियो १० वर्षका थिए, तब उनको एक मात्र सपना थियो- आफ्नो सबैभन्दा प्यारो क्लब रियल मेड्रिडका तर्फबाट फुटबल खेल्नु। उनी दिनभर फुटबल खेल्थे, अभ्यास गर्थे। बिस्तारबिस्तारै उनी एक निकै राम्रा गोलकिपर बने। २० वर्षको हुँदानहुँदै उनको बाल्यकालको सपना साकार बन्यो। उनलाई रियल मेड्रिडका तर्फबाट फुटबल खेल्न सम्झौता गरियो। खेलका धुरन्धरहरू जुलियोबाट निकै प्रभावित थिए र उनी छिट्टै स्पेनका नम्बर १ गोलकिपर बन्छन् भन्ने विश्वास राख्थे।



सन् १९६३ को एक साँझ जुलियो र उनका साथीहरू भयानक कार दुर्घटनामा परे। र, रियल मेड्रिड र स्पेनका नम्बर १ गोलकिपर बन्ने सम्भावना बोकेका जुलियो अस्तालको शय्यामा पुगे। उनको कम्मरमुनिको भाग प्यारालाइज्ड भयो। उनले फुटबल खेल्नु त टाढाको कुरा, उनी हिँड्न या चल्न सक्नेमै पनि डाक्टर स्वयं आश्वस्त थिएनन्। लामो उपचारका क्रममा जुलियो निराश भइसकेका थिए। उनी बारम्बार सो घटना सम्झिएर दुःखी बन्थे। आफ्ना पीडा कम गर्न उनले कविता र गीत लेख्न थाले। बिस्तारै उनले गितारका तारमा पनि आफ्ना औँला दौडाउन थाले। आफैँले लेखेका गीत गितारका धुनसँगै गाउन थाले।

१८ महिनासम्म ओछ्यानमै सुतेपछि जुलियो आफ्नो जिन्दगीलाई पुनः सामान्य बनाउने कोसिसमा लागे। दुर्घटनाको पाँच वर्षपछि उनले एक गायन प्रतियोगितामा भाग लिए र 'लाइफ गोज अन द सेम' (जीवन यसैगरी चल्दै जान्छ) भन्ने गीत गाए र उनले प्रथम पुरस्कार जिते।

उनले फेरि कहिल्यै फुटबल खेल्न नपाए पनि उनको हातको गितार र ओठको गीतका लागि जुलियो इग्लेसियस संगीतको दुनियाँमा शीर्ष १० भित्रका गायकका रूपमा विख्यात भए। अहिलेसम्म उनका ४० करोडभन्दा बढी एल्बम बिकिसकेका छन्।

टिप्पणी
nayapatrikaofficial
@naya_patrika

कति हो नदीकिनारको मापदण्ड ?

काठमाडौं उपत्यकाभित्रका नदीकिनारका दुवैतिर कहिले २० मिटर तथा कहिले ३० मिटरको मापदण्ड भन्दै पटक-पटक सार्वजनिक सूचना जारी हुन्छन्, तर कहिल्यै साधारण जनमानसमा स्पष्ट हुने गरी खुलाइँदैन। उपत्यकाका अधिकांश नदीको दुवै किनारातर्फ सडक निर्माण भइसकेका छन्। ती सडकमा छोड्नुपर्ने जग्गाको कुन मापदण्ड लागू भएको छ ? किन स्पष्ट पार्दैन सम्बन्धित सरोकारवाला निकायले ? बारम्बार नदीको केन्द्रबाट भन्दै दिग्भ्रमित पार्ने सूचना जारी गरिन्छ। केन्द्रबाट भनेको के हो ? जब कि केन्द्रबाट २०-३० मिटरसम्म त 'ग्रिन बेल्ट' र सडक निर्माण भइसकेको अवस्थामा सर्वसाधारणले बुझ्ने भाषामा खुलाइदिन जिम्मेवार निकायको ध्यानाकर्षण गर्दछु।

● **माधवप्रसाद पुडासैनी**, जोरपाटी, काठमाडौं
mpudasaini71@gmail.com

पर्यटन क्षेत्रको विकास गरौँ

नेपाल भ्रमणमा आएका विदेशी पर्यटकबाट विगत सात महिनामा ४५ अर्ब ४० करोड आम्दानी भएको समाचार पढियो। नेपालका लागि दिगो रूपमा विदेशी मुद्रा आर्जन गर्ने मुख्य आधार भनेको पर्यटन नै हो। हाम्रो निर्यात व्यापार निकै कमजोर छ। आयातको तुलनामा त्यो नगण्य नै छ। निर्यात कमजोर भएपछि विदेशी मुद्रा आम्दानी गर्ने अर्को स्रोत पर्यटन नै हो। त्यसैले, पर्यटन क्षेत्रको विकास गरौँ र विदेशी पर्यटकलाई थप आकर्षित गरौँ।

● **अमृता स्याङ्तान**
गैरीधारा, काठमाडौं

पीडितको पीडा सुन

आन्दोलनरत मिटरब्याजपीडितसँगको वार्ता विनानिष्कर्ष टुंगिएको समाचार पढियो। वास्तवमा कसैबाट ऋण लिइसकेपछि नियमानुसार सावाँब्याज भुक्तानी गर्नु ऋणीको दायित्व हो। तर, ऋण दिने काहुकारले थोरै ऋण दिएकै भरमा कसैको घरखेत कब्जा गर्छ, कसैले केही हजार या केही लाख ऋण लिएपछि लाखौँ तिरिसक्दा पनि अझै लाखौँ बाँकी देखाउँछ भने त्यो सार्वजनिक लुट हो। यसमाथि नियन्त्रण हुनैपर्छ। पीडितका कुरा सुनेर उनीहरूलाई न्याय दिनु राज्यको दायित्व हो। यसतर्फ राज्यको ध्यान जाओस्।

● **सुमना साह**
जनकपुरधाम, धनुषा

बोलेर होइन, काम गरेर देखाऊ

हिजो पनि नेकपालाई निरन्तरता दिने भनेका थिए एमाले अध्यक्ष केपी ओलीले, अन्त्यमा हुँदाखाँदाको एमाले पार्टीसमेत फुट्यो। अहिले पनि भनिरहेका छन्- यही सरकारले ०८४ को निर्वाचनसम्म निरन्तरता पाउँछ। ठीक छ, निरन्तरता पाएको राम्रो हो। तर, बोलेर मात्र हुँदैन नेताज्यू, व्यवहारमा पनि देखाउनुपर्छ। राजनीतिक नेतृत्वको बोलीको भरोसा नभएको हुनाले जनताले कसरी विश्वास गरून्, यही सरकारले निरन्तरता पाउँछ भनेर ?

नेताहरूकै अकर्मण्यताका कारण जनतामा नैराश्य पैदा भएको छ। सधैँ व्यक्तिगत र पार्टीगत फाइदा र बेफाइदाको राजनीति मात्र गर्ने होइन, देशलाई निकास पनि दिनुहोस्। बोलेर मात्र बन्ने भए हाम्रो देश उहिल्यै सिंगापुर भइसक्थ्यो। प्रजातन्त्र आएको तीन दशक भयो, बोलेर मात्र समय कटेको छ। उखान टुक्काले जनताको खाली पेट भरिँदैन, खाली पेटका लागि रासन चाहिन्छ अध्यक्षज्यू ! कुनै आग्रह-पूर्वाग्रह राखेर यसो भनेको होइन, अरूको पनि कुरा सुन्ने बानी बसालौँ। विगतका गल्ती कमजोरीलाई सुधार्दै अघि बढौँ।

दैनिक हजारौँ युवा विदेश पलायन भइरहेका छन्। युवा देशका मेरुदण्ड हुन्, मेरुदण्ड नै कमजोर भयो भने के होला ? सोचौँ त। युवालाई देशमै रोक्न पहल गरौँ। देशमै रोजगारी सिर्जना गरौँ। अरूको देशमा श्रम बेच्न बाध्य युवालाई देशमै रोजगारी दिन उद्योगधन्दा कलकारखाना खोलौँ। बोलेर होइन, नेताज्यू काम गरेर देखाऔँ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिकी वर्चस्वमाथि खतरा

प्रमुख शक्तिबीचको आणविक आतंकको सन्तुलनले चलेको सन् १९४५ पछिको विश्व व्यवस्था अहिले निकै कमजोर अवस्थामा छ



देश ⁄ विदेश

● मिसेल इग्न्याटिफ

युक्रेनसँग अब करिब एक महिनाका लागि मात्रै तोपका गोला छन् र अमेरिकी कंग्रेस थप गोला पठाउन सहमत हुने देखिँदैन। रुसी विपक्षी नेता एलेक्सी नाभाल्नीको मृत्यु भइसकेको छ। गाजा हत्याको शृंखलाको अन्त्य देखिँदैन। यमनका हुथी विद्रोहीले लालसागरमा जहाजमाथि आक्रमण गरिरहेका छन्। उत्तर कोरियाले अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरिरहेको छ। सामान्य समयमा निराशावाद एक बौद्धिक सनकजस्तो देखिन सक्छ, तर अहिलेको समयमा निराशावाद यथार्थवादकै एक कडा रूप बनेको छ।

अन्तर्राष्ट्रिय कानुनमा लेखिएको, राष्ट्रसंघले अनुमोदन गरेको र प्रमुख शक्तिबीचको आणविक आतंकको सन्तुलनले चलेको सन् १९४५ पछिको विश्व व्यवस्था अहिले निकै कमजोर अवस्थामा छ। अमेरिका आफ्नैविरुद्ध जाने गरी विभाजित छ र अमेरिकी क्षमता पनि सीमित भएको छ। नोभेम्बरमा अमेरिकाले नेटो सन्धिको धारा ५ अन्तर्गत आफ्नो सामूहिक-रक्षा दायित्व पूरा गर्न नसक्ने सम्भावनाले युरोपलाई झकझकाएको छ। यो नयाँ अनिश्चितता सामना गर्दै युरोपले आफ्नो रक्षा उत्पादन बढोत्तरी गरिरहेको छ। र, युरोपेली राजनीतिज्ञले आफ्नो सुरक्षाको प्रत्याभूतिका लागि जिडिपीको दुई प्रतिशत हिस्सा प्रयोग गर्न मतदातालाई आश्वस्त बनाउने प्रयास गरिरहेका छन्।

पश्चिमा गठबन्धनले एट्लान्टिकमा एकता कायम राख्दै रक्षामा दोब्बर हुनुपर्ने चुनौती र 'एक्सिस अफ रेसिस्टेन्स'को सामना गरिरहेको छ, जसले संगठित चुनौती पेस गरिरहेको छ र पश्चिमा वर्चस्वलाई जोखिममा पारिरहेको छ। यो एक्सिसको आधार रुस-चीनबीचको 'सीमाहीन' साझेदारी हो। चीनले रुसलाई हतियार प्रणालीका लागि उन्नत सर्किटरी आपूर्ति गर्दा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले चीनलाई सस्तो तेल आपूर्ति गर्छन्।

युक्रेनका थकित रक्षक क्रिमिया र डोनबास क्षेत्रमा रुसी सार्वभौमसत्ता स्विकार्न बाध्य भएमा चीन र रुस युरोपेली भूमिमा थप अतिक्रमण गर्न सफल हुनेछन्। यसले युरेसियामा रहेका ताइवान, बाल्टिक मुलुक, पोल्यान्डलगायत प्रत्येक राज्यलाई जोखिममा पार्नेछ। दुवै तानाशाही व्यवस्थाले विजयलाई अनुमोदन गर्न राष्ट्रसंघ सुरक्षा परिषद्मा आफ्नो भिटो प्रयोग गर्नेछन् र राष्ट्रसंघको बडापत्रलाई इतिहासको रद्दी टोकरीमा मिल्काउनेछन्।

यी तानाशाहको यो साझेदारीले इरान र उत्तर कोरियाको नेतृत्वमा अधिकारको दुरुपयोग गर्ने समूहसँग मिलेर काम गर्छ। उत्तर कोरियाले पुटिनलाई कोरियाली प्रायद्वीपमा आक्रमण गर्ने षड्यन्त्र गर्दै गर्दा तोपका गोला प्रदान गरिरहेको छ। इरानले युक्रेनलाई आतंकित गर्ने गरी ड्रोन निर्माण गरिरहेको छ। यसैबीच इरानका छद्म बल रहेका हमास, हिजबुल्लाह र हुथीले अमेरिका र इजरायललाई कसेर रुस र चीनलाई मद्दत गरिरहेका छन्।

अमेरिकाले इजरायललाई दीर्घकालीन युद्धविराम गर्न बाध्य पार्न नसकेसम्म तीनवटा मोर्चा अर्थात् एसिया, युरोप र मध्यपूर्वमा द्वन्द्व नियन्त्रणका लागि संघर्ष गरिरहनुपर्नेछ। रक्षामा आफ्ना प्रतिद्वन्द्वीलाई दुई-एकले उछिनेको देशले पनि यति धेरै मोर्चामा एकैसाथ युद्ध कायम गर्न सक्दैन। अधिनायकवादविरुद्ध विश्वभरका लोकतन्त्र अमेरिका र युरोपसँग मिलेर जाने विचार भ्रमजस्तै देखिन्छ। दक्षिणी गोलार्द्धका ब्राजिल, भारत र दक्षिण अफ्रिकाजस्ता मुलुक उइगुर मुसलमान समेट्ने सम्पूर्ण जनसंख्यालाई थुनेर दमन गरिरहेको चीन र विपक्षीको हत्या गर्ने रुससँग जोडिएको देख्दा लाजमर्दो देखिन्छ।

निःसन्देह यो अधिनायकवादी पक्ष हाल अमेरिका विरोधका कारण मात्रै एकताबद्ध छ। नत्र यो पक्ष आ-



तस्बिर : भ्लादिमिर अस्तापकोभिच ⁄ स्पुतनिक

आफ्नो स्वार्थमा विभाजित छन्। उदाहरणका लागि चीन हुथीले लाल सागरको माध्यमबाट माल ढुवानीमा रोक लगाएकोमा खुसी हुन सक्दैन। विश्वको दोस्रो सबैभन्दा शक्तिशाली अर्थतन्त्र र गरिब मुस्लिम प्रतिरोधी विद्रोही वा ईश्वरतान्त्रिक इरानबीच खासै धेरै समानता छैन। यसबाहेक रुस र चीन दुवै अमेरिकी गठबन्धन र प्रतिरोधद्वारा टिकेको विश्वव्यापी अर्थतन्त्रका परजीवी लाभार्थी हुन्। यसैकारण यी दुई मुलुक वर्चस्वशाली अमेरिकालाई प्रत्यक्ष रूपमा चुनौती दिन हिचकिचाउँछन्। यी दुई मुलुक अमेरिकी प्रतिबन्धबाट जोगिएका मात्रै नभई ल्याटिन अमेरिका, एसिया र भारतका नयाँ बजार निर्भर हुँदै समृद्धितर्फ लागेका छन्। रुस र चीन दुवैले विश्वव्यापी अर्थतन्त्रमा अमेरिकी नियन्त्रण पहिले जस्तो छैन भन्ने पत्ता लगाएका छन्।

अमेरिकी कमजोरीको जानकारीका कारण यी दुई मुलुकले संयुक्त सैन्य जोखिम मोल्न पनि सक्छन्। तर, अमेरिकी कूटनीति र प्रतिरोधले अधिनायकवादी पक्षलाई सफलतापूर्वक विभाजित गरेको छ। इरानविरुद्ध प्रत्याक्रमणकारी अमेरिकी हमलाले स्पष्ट रूपमा ईश्वरवादी इरानलाई हिजबुल्लाह र इराकमा रहेका मिलिसियामा लगाम लगाउन विश्वस्त बनाएको छ। तर, यसरी लाग्ने लगाममा हुथी पर्दैनन्, किनभने यिनलाई कसैले पनि नियन्त्रण गर्ने ल्याकत राख्दैन। चीन र रुसले सोचिरहेका अवसरलाई हेर्न कुनै रणनीतिक प्रतिभाको आवश्यकता पर्दैन। यदि यी दुई मुलुकले युक्रेन र ताइबानमा एकैसाथ आक्रमण गरेर अमेरिकी वर्चस्वलाई खुला चुनौती दिने निर्णय गरे भने अमेरिकालाई प्रतिकार गर्न द्रुत रूपमा आवश्यक हतियार र प्रविधि परिचालन गर्न गाह्रो हुनेछ। ताइबान र बाँकी युक्रेनलाई अतिक्रमण गर्ने समन्वित प्रयासलाई आणविक हतियारले नरोक्न सक्छ। चीन र रुस दुवैले अमेरिकी वर्चस्वलाई भत्काउने योभन्दा उपयुक्त क्षण कहिल्यै हुनेछैन भनेर विश्वास गर्न सक्छन्। यदि यी दुई शक्ति गठबन्धन गर्छन् भने हामीले सन् १९४५ पछिको विश्वव्यापी आर्थिक र रणनीतिक व्यवस्थामा सबैभन्दा गम्भीर चुनौतीको सामना गर्नेछौँ।

यस्तो सम्भावित द्वन्द्वको नतिजा कसैलाई थाहा छैन। विगतमा जस्तै अमेरिका विजयी हुन्छ भनेर हामी अनुमान गर्न सक्दैनौँ। अधिनायकवादी पक्षलाई पूर्ण गठबन्धन बनाउनबाट रोक्नु अमेरिकाको सर्वोच्च प्राथमिकता हुनुपर्छ।

(इग्न्याटिफ सेन्ट्रल युनिभर्सिटी इन भियनाका इतिहासका प्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

■ एमएच ३७० विमान बेपत्ताको १० वर्ष

आधुनिक उड्डयन इतिहासकै रहस्यमय दुर्घटना

● विमानबारे संसारलाई सन् २०१४ मा जति थाहा थियो, **त्योभन्दा नयाँ केही थाहा हुन सकेको छैन**



● सैन्य राडारले विमानले उसको पूर्वनिर्धारित हवाईमार्ग छाडेर उत्तरी मलेसिया र पेनाङ टापुमा फर्किएको देखायो। पछि फेरि विमान इन्डोनेसियाको सुमात्रा टापुतर्फबाट अन्डमान सागरतर्फ गएको देखियो। त्यहाँबाट विमान दक्षिणतिर फर्कियो र विशाल हिन्द महासागरमा विलीन भयो।

● हिन्द महासागरको प्रारम्भिक हवाई खोज मार्च १८ मा सुरु भयो। अस्ट्रेलियाको नेतृत्वमा सञ्चालित बहुराष्ट्रिय खोज प्रयासले विमानको कुनै पनि संकेत फेला पार्न सकेन र ६ सातापछि यो अभियान समाप्त भयो। खोजकर्ताको ध्यान त्यसपछि पश्चिमी अस्ट्रेलियाको तटभन्दा करिब दुई हजार ८०० किलोमिटर टाढाको दुर्गम समुद्री किनारतर्फ मोडियो।

मलेसियन एयरलाइन्सको एमएच ३७० विमान हराएको पनि १० वर्ष पूरा भयो। सन् २०१४ को मार्च ८ मा मलेसिया एयरलाइन्सको बोइङ ७७७-२०० क्वालालम्पुरबाट बेइजिङ उडेको थियो। बेपत्ता हुँदा विमानमा २३९ यात्रु र चालक दलका सदस्य थिए। अन्तिम सञ्चार सम्पर्क विमानका क्याप्टेन जाहारी अहमदले गरेका थिए। क्वालालम्पुरबाट उडेको करिब ४० मिनेटपछि भियतनामी आकाशबाट एयर ट्राफिक कन्ट्रोलसँग कुराकानी गर्दै अहमदले भनेका थिए, 'गुड नाइट मलेसियन थ्री सेभेन जिरो।' त्यसपछि विमानको सम्पर्क विच्छेद भयो। विमान राडारबाट गायब हुँदा पनि घन्टौंसम्म उडान जारी राखेको देखिन्छ।

खोजलाई दुर्गम भागमा ध्यान केन्द्रित गरिँदा दक्षिण चीन सागरको प्रारम्भिक खोजलाई भने रोकियो। भूउपग्रहको तथ्यांकले इन्धन सकिएपछि विमान झरेको संकेत गऱ्यो। समुद्रको खोजमा करोडौं डलर खर्च भयो। तथापि विमानको कुनै पनि अवशेष फेला परेन। महिनौंपछि विमानको केही हिस्सा भने फेला परे। पखेटाको अंश पूर्वी अफ्रिकाको तटमा फेला पऱ्यो। त्यसबाहेक जहाजका बारेमा संसारलाई सन् २०१४ मा जति थाहा थियो, त्योभन्दा बढी थोरै केही थाहा भएको छैन। यसैले एमएच ३७० आधुनिक उड्डयनको सबैभन्दा ठूलो रहस्य बनेको छ।

को-को थिए विमानमा ?

हराएको विमानमा एक दर्जनभन्दा बढी देशका नागरिक थिए भने संख्याको हिसाबमा सबैभन्दा धेरै अर्थात् आधाभन्दा बढी चीनका थिए। यात्रुहरूमा क्वालालम्पुरमा आफ्नो क्यालिग्राफी देखाउने प्रख्यात चिनियाँ कलाकारहरूको समूह, नक्कली युरोपेली राहदानीमा यात्रा गरिरहेका दुई इरानी, नयाँ काम सुरु गर्न बेइजिङ जाँदै गरेका एक इन्डोनेसियाली, हनिमुनमा रहेका एक मलेसियाली दम्पती, बालबालिकासहित जवान परिवार र जेट लीका स्टन्ट डबलहरू थिए। ककपिटमा तीन छोराछोरीका बाबु ५३ वर्षीय जाहारी थिए। सन् १९८१ मा मलेसिया एयरलाइन्स जोडिएका जाहारी सो वायुसेवाका शीर्ष पाइलटमध्ये एक थिए। उनलाई फारिक हमिद अहमदले छेउमा साथ दिइरहेका थिए। २७ वर्षीया अहमद केहीअघि मात्र ७७७ को सहचालक बनेका थिए। केबिनमा मलेसियन चालक दलको नेतृत्व सुपरभाइजर प्याट्रिक गोम्सले सम्हालिरहेका थिए। उनले ३५ वर्षदेखि वायुसेवामा काम गर्दै आएका थिए। विमान बेपत्ता भएपछि अन्वेषकहरूले यसको कार्गोको पनि जाँच गरेका थिए। त्यस क्रममा लिथियम ब्याट्टीहरू, साथै वाकीटकीलगायत इलेक्ट्रोनिक्सहरू विमानमा राखिएको पाइएको थियो। त्यस्तै 'म्यांगोस्टिन' भनिने फलको ठूलो परिमाण पनि विमानले बोकेको पाइयो।

विमान बेपत्ता भएलगत्तै के भयो ?

विमान बेपत्ता भएको खबर बाहिरिएलगत्तै मलेसियालीहरू स्तब्ध भए। मलेसियन एयरलाइन्सको सर्घैंको आर्थिक समस्याका बाबजुद यस राष्ट्रिय ध्वजावाहकको राम्रो सुरक्षा रेकर्ड थियो। त्यसैले धेरै मलेसियालीको विश्वासको वायुसेवा थियो, मलेसियन एयरलाइन्स। विमान बेपत्ता भएको खबर बाहिरिएको घन्टौंपछि पनि विमानबारे केही जानकारी नआएपछि विमान कम्पनीप्रति अविश्वास बढेको थियो। धेरै यात्रु रहेका चीनका चिन्ताग्रत आफन्तले आफ्ना प्रियजनको सटिक स्थितिबारे जानकारी गराउन माग गरे। चित्तबुझ्दो जवाफको अभावमा मलेसिया एयरलाइन्सका अधिकारीहरू, नागरिक उड्डयन अधिकारी र मलेसियाली सरकार अभूतपूर्व अन्तर्राष्ट्रिय प्रश्नको घेरामा परे। लगत्तैको अध्ययनले विमान भियतनामको आकाशमा प्रवेश नै नगरेको थाहा भयो। क्याप्टेन जाहारीले सम्पर्क गरेको केही समयपछि, एमएच ३७० सम्पर्क विच्छेद भएको थियो। यसको ट्रान्सपोन्डरहरू बन्द गरिए। विमानको 'ट्र्याकिङ प्रणाली' कुनै तरिकाले निस्तेज पारियो। सैन्य राडारले विमानले उसको पूर्वनिर्धारित हवाईमार्ग छाडेर उत्तरी मलेसिया र पेनाङ टापुमा फर्किएको देखायो। पछि फेरि विमान इन्डोनेसियाको सुमात्रा टापुतर्फबाट अन्डमान सागरतर्फ गएको देखियो। त्यहाँबाट विमान दक्षिणतिर फर्कियो र विशाल हिन्द महासागरको विस्तारमा विलीन भयो।

विमान खोजीमा गरिएका प्रयास

विमान बेपत्ता भएपछि तत्कालै मलेसियाले दुई दर्जनभन्दा बढी देश सहभागी खोज अभियानको समन्वय गऱ्यो। सुरुमा खोज प्रयास दक्षिण चीन सागर र अन्डमान सागरमा केन्द्रित थियो। मार्च १२ मा सैन्य राडारको तथ्य पत्ता लागेपछि सबैको ध्यान दक्षिणी हिन्द महासागरतर्फ केन्द्रित भयो। बेलायती दूरसञ्चार फर्म 'इन्मारस्याट'ले उसको उपग्रह र ७७७ विमानबीचको स्वचालित सम्पर्क सेयर गऱ्यो। त्यसबाट विमान दक्षिणी हिन्द महासागरको निश्चित कोडिनेट्सका आर्कमा हुन सक्ने देखियो। हिन्द महासागरको प्रारम्भिक हवाई खोज मार्च १८ मा सुरु भयो। अस्ट्रेलियाको नेतृत्वमा सञ्चालित बहुराष्ट्रिय खोज प्रयासले विमानको कुनै पनि संकेत फेला पार्न सकेन र ६ सातापछि यो अभियान समाप्त भयो। खोजकर्ताको ध्यान त्यसपछि पश्चिमी अस्ट्रेलियाको तटभन्दा करिब २८०० किलोमिटर टाढाको दुर्गम समुद्री किनारतर्फ मोडियो। लगभग एक लाख २० हजार वर्गकिलोमिटरको क्षेत्र समेटिएर गरिएको खोजीमा जहाज, पनडुब्बी र विमानहरू समावेश थिए र यसमा १४.७ करोड डलर खर्च भयो।

खोज अभियानलाई दक्षिणी हिन्द महासागरको कुख्यात खराब मौसमले प्रभावित गऱ्यो। खोज अभियान सन् २०१७ सम्म चलेर रोकियो। खोजकर्ताले १९औं शताब्दीका जहाजहरूको भग्नावशेषहरू फेला पार्दा विमानको भने कुनै चिह्न फेला पारेनन्। एक अमेरिकी फर्म, ओसन इन्फिनिटीले त्यसपछि यस चुनौती उसको हातमा लियो। 'केही फेला नपरे, कुनै शुल्क नलिने' आधारमा काम गरेको फर्मले सुरुमा खोज गरिएको क्षेत्रकै ठीक उत्तरमा एक लाख १२ हजार वर्गकिलोमिटरमा खोज अभियान सञ्चालन गऱ्यो। तर, उसले पनि केही फेला पार्न सकेन।

के भएको हुन सक्छ एमएच ३७० लाई ?

सन् २०१८ मा एमएच ३७० विमानबारे मलेसियाले जारी गरेको सरकारी प्रतिवेदनले विमान हराउनुअघि केही षड्यन्त्रको संकेत गऱ्यो। प्रतिवेदनको संकेत विमान हराउनुअघि त्यसको ट्रान्सपोन्डर र ट्र्याकिङ प्रणाली बन्द गरिएकोप्रति थियो। तर, त्यस्तो कार्य कसले गऱ्यो भन्ने प्रश्नमा प्रतिवेदन अनुत्तरित थियो। एमएच ३७० सुरक्षा अनुसन्धान टोलीका प्रमुख कोक सू चोनले त्यति वेला यो कुरा विमानको भग्नावशेष फेला परेपछि थाहा हुने बताएका थिए। शंकाको घेरामा क्याप्टेन जहारी नै थिए। अस्ट्रेलियन यातायात सुरक्षा ब्युरोले सार्वजनिक गरेको ४४० पृष्ठको प्रतिवेदनअनुसार जहारीले उनको घरमा रहेको उडान सिमुलेटरमा विमान बेपत्ता हुनुअघि विमानले लिएको मार्गसँग मिल्दोजुल्दो रुटमा अभ्यास गरेका थिए।

अनुसन्धानदाता कोकले भने अन्वेषकहरूले पाइलट र अन्य क्रु सदस्यको पृष्ठभूमि, तालिम र मानसिक स्वास्थ्य सन्तोषजनक पाइएको बताउँदै भने, 'घटना पाइलटहरूले गराएको हुन सक्छ भन्ने ह्राम्रो धारणा होइन।' अनुसन्धानकर्ताले अन्य सम्भावनालाई अस्वीकार नगरेको उनले बताए। विशेषतः विमानभित्र रहेको मानिसले आफैंले महत्त्वपूर्ण सुरक्षा प्रणाली बन्द गरेको देखिएकाले सबै सम्भावनालाई खुला राखिएको छ। 'हामी तेम्रो पक्षद्वारा गैरकानुनी हस्तक्षेप भएको कुरालाई बहिष्कार गर्न सक्दैनौं,' कोकले भने। कुनै ठोस जानकारीको अभावले विमानको बेपत्तालाई लिएर विभिन्न अफवाह फस्टाएका छन्।

विमान अझै भेटिने सम्भावना कत्तिको छ ?

अधिकांश मानिसले ६४ मिटर (२१० फिट) लामो, झन्डै ६१ मिटर (२०० फिट) पखेटा भएको विमान आजको भूउपग्रहले हरेक क्षेत्रमा निगरानी गर्ने युगमा विनासंकेत हराउन सक्छ भन्ने कुरा स्विकार्न सकिरहेका छैनन्। तर, हिन्द महासागर संसारको तेम्रो ठूलो र निकै गहिरो जलभण्डार हो। खोजी गरिएका केही स्थानको गहिराइ चार हजार मिटरसम्म छ। पश्चिमी अस्ट्रेलिया विश्वविद्यालयका अध्येताको एक समूहले इन्मारस्याटले दिएको कोड सही भए विमानको भग्नावशेष पूर्वी अफ्रिकी राष्ट्रको तटमा पुग्ने निर्क्योल गऱ्यो। सो विश्वविद्यालयका तटीय समुद्र शास्त्रका प्राध्यापक चरिता पटियारत्ची विश्वास गर्छन् कि विगत १० वर्षमा प्रविधिमा भएको प्रगति तथा समुद्रको अवस्थाले एमएच ३७० को भग्नावशेष भेटिने 'उच्च सम्भावना' छ।

पटियारत्चीले केहीअघि कन्भरसेसन न्युज लेटरमा लेख्दै भनेका थिए, 'अब खोज्न बाँकी क्षेत्रको महासागरको भाग चार हजार मिटर गहिराइमा छ। त्यहाँको तापक्रम एकदेखि दुई डिग्री सेल्सियस छ। यसको मतलब १० वर्षपछि पनि भग्नावशेष तुलनात्मक रूपमा जस्ताको त्यस्तै भेटिने सम्भावना छ।' यति लामो समयपछि समुद्रमुनि रहेको विमान भेटियो भने त्यसको 'ब्ल्याक बक्स' विश्लेषण सम्भव हुन्छ वा हुँदैन स्पष्ट छैन, तथापि एमएच ३७० फेला पऱ्यो भने उत्तरको पर्खाइमा वर्षौं बिताएका परिवारलाई केही राहत मिल्नेछ।

- द अल जजिराबाट

दुई दशक लामो शासनकाल अन्त्य गर्ने एर्दोगानको संकेत

एजेन्सी / टर्कीका राष्ट्रपति रिसेप तैयप एर्दोगानले उनको दुई दशकभन्दा लामो शासनकालको अन्त्य गर्ने संकेत गरेका छन्। सन् २००३ देखि देशको कार्यकारी प्रमुख रहेका एर्दोगानले पहिलोपटक सत्ता छाड्ने संकेत गरेका हुन्। 'म निरन्तर काम गरिरहेको हुन्छु। यसैले सास फेर्ने फुर्सद पनि हुँदैन,' टियुजिभिए युवा टर्क्स फाउन्डेसनको बैठकमा एर्दोगानले भने।



७० वर्षीय राष्ट्रपतिले उनको रुढीवादी विचारधाराको दल 'जस्टिस एन्ड डेभलपमेन्ट पार्टी (एकेपी)' आफूले पद छाडेपछि पनि सत्तामा रहने विश्वास व्यक्त गरे। उनले मार्च ३१ को स्थानीय निर्वाचनको नतिजा आफूपछि आउने 'दाजुभाइहरूका लागि आशीर्वाद हुने' र 'पार्टीमा विश्वासको हस्ताक्षरण' हुने बताए। एकेपीले यो महिनाको अन्त्यमा हुने चुनावमा देशको सबैभन्दा प्रभावशाली नगरपालिका इस्तानबुलको मेयर पद पुनः हात पार्ने आशा राखेको छ, जसलाई उसले सन् २०१९ मा गुमाएको थियो। एर्दोगान आफैं केन्द्रीय राजनीतिमा आउनुअघि सन् १९९४ देखि १९९८ सम्म इस्तानबुलका मेयर थिए।

इस्तानबुलको सफल मेयरको कार्यकालपछि एर्दोगान सन् २००३ मा प्रधानमन्त्रीमा निर्वाचित भएका थिए। त्यतिवेलासम्म टर्कीमा प्रधानमन्त्री कार्यकारी पद थियो। सन् २०१४ मा राष्ट्रपति बनेका एर्दोगान सन् २०२३ को मेमा तेस्रो कार्यकालका लागि निर्वाचित भएका थिए। राष्ट्रपतिमा दोस्रोपटक उठ्नुअघि सन् २०१७ मा उनले संविधानमा राष्ट्रपति पदलाई कार्यकारी बनाएका थिए, जसले सन् २००३ मा सत्तामा एर्दोगानलाई निरन्तरता दिने अवस्था सिर्जना गऱ्यो। सन् २०१८ र गत वर्षको चुनावी जितपछि एर्दोगानले उनको शासनलाई तेस्रो दशकसम्म विस्तार गरे। एर्दोगानले उनको नेतृत्वमा टर्कीको धर्मनिरपेक्ष पकडलाई कमजोर बनाए र इस्लामवादलाई राज्यका एकाइमा घुसाए। उनको कार्यालयमा कुनै समयको टर्कीको मित्र देश इजरायलसँगको सम्बन्ध बिग्रिएको देखियो।

टर्कीले अक्टोबर ७ मा इजरायलमाथि आक्रमण गरेर करिब एक हजार २०० इजरायली मार्ने समूह हमाससँग घनिष्ठ सम्बन्ध कायम राखेको छ। त्यस्तै एर्दोगान आएपछि टर्कीले उसका नाटो साझेदार पश्चिमी शक्तिविरुद्ध कैयौं अन्तर्राष्ट्रिय मुद्दामा अलग धारणा राखेको देखियो। टर्की र पश्चिम मुलुकको विदेश नीतिमा एकरूपता देखिने विगतको परम्पराबाट हटेर उनले कतिपय क्षेत्रीय मुद्दामा आफ्नो अलग अडान लिए। यसले अमेरिकालगायत अन्य पश्चिमी मुलुकसँग टर्कीको सम्बन्धमा केही उतारचढाव देखियो। पछिल्लो समय उसले स्विडेनको नाटो सदस्यतामा अवरोध सिर्जना गरेको थियो। त्यसबाहेक उनको कार्यकालमा देशको अर्थतन्त्र पटक-पटक मन्दी र उच्च मुद्रास्फीतिको अवस्थाबाट गुज्रिरहेको छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजश्व विभाग

आन्तरिक राजश्व कार्यालय कलंकीको

रकम दाखिला गर्नेबारे अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।११।२९)

यस कार्यालय अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लेखित करदाताहरुले लामो समयदेखि आफूले बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर (VAT) तथा आयकर रकम नबुझाएकोले तुरुन्त बुझाउन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र तिर्नु/बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर (VAT) तथा आयकर बक्यौता रकम दाखिला गर्नुहुन अथवा दाखिला गरिसकेको भए सोको प्रमाण पेश गर्नुहुन जानकारी गराइन्छ । उक्त अवधिभित्र बक्यौता कर रकम दाखिला नगर्ने करदाताहरुलाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ तथा आयकर ऐन, २०५८ को दफा १०३ देखि दफा १०९ मा रहेका बक्यौता राजश्व असुलीसँग सम्बन्धित कुनै वा सबै तरीका (जस्तै फर्म/कम्पनीको व्यावसायिक कारोवार रोक्का, फर्म/कम्पनी/साझेदार/जे.भी. पार्टनर र सोका जिम्मेवार व्यक्ति/सञ्चालक/साझेदारको बैंक खाता रोक्का र घरजग्गा रोक्का तथा लिलामी, नेपालबाहिर जान रोक लगाएर आदि) अपनाई बक्यौता राजश्व असुल गरिने समेत जानकारी गराईन्छ ।

तपसिल

सि.नं.	स्थायी लेखा नम्बर	करदाताको नाम	प्रोप्राइटर/संचालक मुख्य व्यक्ति	ठेगाना	बक्यौताको प्रकार
१	301907981	ग्लोवल विजनेश	राम काजी श्रेष्ठ	नागार्जुन २, सानो भर्याङ, काठमाडौं	आयकर/मु.अ.कर
२	302038169	अम्लेश्वर कन्स्ट्रक्सन कम्पनि प्रा.लि.	भुवन श्रेष्ठ	चन्द्रागिरी ११, सतुंगल, काठमाडौं	आयकर/मु.अ.कर
३	601626968	उत्तर गया एक्स्पोर्ट इम्पोर्ट प्रा.लि.	नविन गुरुङ	नागार्जुन ३, ठुलो भर्याङ, काठमाडौं	आयकर/मु.अ.कर
४	601055445	न्यू दिप इन्टरनेशनल	लखन ऋषीदेव मुसहर	नागार्जुन 2, इचंगुनारायण, काठमाडौं	आयकर/मु.अ.कर
५	303748722	नमस्ते ग्यांस उद्योग प्रा.लि.	कवी क्षेत्री	गल्छी ६, बैरेनी, धादिङ	आयकर/मु.अ.कर
६	302050666	नमुना सप्लायर्स	विष्णु प्रसाद रिजाल	नागार्जुन ९, स्यूचाटार, काठमाडौं	आयकर
७	301416706	मकवाना बिस्कूट प्रा.लि. का.म.न.पा. १५ चमती	नविन लाल श्रेष्ठ	काठमाडौं 15, चमति, काठमाडौं	आयकर/मु.अ.कर
८	601055474	डि.एन. इन्टरनेशनल	राम धारी रिषिदेव	नागार्जुन ३, इचंगुनारायण, काठमाडौं	आयकर/मु.अ.कर
९	600785349	सूर्य कन्सर्न	शुशिल गुरुङ्ग	काठमाडौं १५, स्वयम्भु, काठमाडौं	आयकर/मु.अ.कर
१०	603581102	सक्सेसफुल इन्टरप्राइजेज प्रा.लि.	इश्वर देउजा	नागार्जुन २, स्वयम्भु, काठमाडौं	आयकर/मु.अ.कर
११	305004183	सनफोर्स सोलार ईनर्जी एण्ड इन्भेष्टमेन्ट प्रा. लि.	पदमलाल सापकोटा	काठमाडौं १५, सानोभन्याङ, काठमाडौं	आयकर
१२	304484250	हलमार्क फुड्स एण्ड बेभरेज इण्डष्ट्रीज प्रा.लि.	सुरेश ढकाल	नागार्जुन १०, स्युचाटार, काठमाडौं	आयकर/मु.अ.कर
१३	302595671	मिना स्टोर	डिल बहादुर श्रेष्ठ	चन्द्रागिरी ५, थानकोट, काठमाडौं	आयकर
१४	302811388	न्यू गौरी शंकर ट्रेडर्स	जग्रनाथ तिवारी	चन्द्रागिरी १५, दुङ्गेअड्डा, काठमाडौं	आयकर/मु.अ.कर
१५	500172603	एशियन ड्रिङ्कस प्रा. लि.	प्रदिप आचार्य	चन्द्रागिरी १५, नैकाप, काठमाडौं	आयकर/मु.अ.कर
१६	302506291	स्वयम्भु अटो इन्टरनेशनल	फिरोज खाझ्	नागार्जुन ३, हलचोक, काठमाडौं	आयकर/मु.अ.कर
१७	304578445	पद्मा फ्यूल सेन्टर प्रा.लि.	अमृत के. सी. खत्री	नागार्जुन ६, रामकोट, काठमाडौं	आयकर/मु.अ.कर
१८	600661171	एम.आर.पि. ट्रेडर्स	प्रमोद खनाल	काठमाडौं १५, डल्लु आवास, काठमाडौं	आयकर/मु.अ.कर
१९	500173143	ह्राम्रो यन्त्रशाला	हरि प्रसाद उपाध्याय अधिकारी	चन्द्रागिरी १६, दुङ्गाअड्डा, काठमाडौं	आयकर
२०	300929469	सितापाईला वहुउद्धेश्यीय सहकारी संस्था लि.	केदार मानन्धर	नागार्जुन ४, सितापाइला, काठमाडौं	आयकर
२१	500039397	भिमसेन स्टोर्स	भिमसेन कुमार श्रेष्ठ	काठमाडौं १५, काठमाडौं	आयकर/मु.अ.कर
२२	104239155	कृष्ण त्रिपाठी	कृष्ण त्रिपाठी	चन्द्रागिरी 11, सतुंगल, काठमाडौं	आयकर
२३	303972208	श्री तामाङ्ग निर्माण सेवा	बुद्धि बहादुर तामाङ्ग	नीलकण्ठ ३, बेसीबजार, धादिङ	आयकर/मु.अ.कर
२४	302037391	रेन्वो इन्टरनेशनल बोर्डिङ स्कूल प्रा.लि.	विष्णु खनाल	काठमाडौं १५, छाउनी, डल्लु, काठमाडौं	आयकर
२५	300052158	ओल्ड भिलेज फेसन स्यूचाटार	भरत बहादुर कार्की	काठमाण्डौ 4, सिउचाटार	आयकर
२६	302898325	कमलपोखरी हार्डवयर सेन्टर	श्याम प्रसाद नेपाल	चन्द्रागिरी ७, काठमाडौं	आयकर
२७	300054749	नेशनल कन्ट्रक्सन कं. नेपाल लि. भद्रकाली	त्रिवेन्द्र राज पन्त	नागार्जुन 1, हल्चोक, काठमाडौं	आयकर/मु.अ.कर
२८	600581521	कान्छाराम जयबाबा जे.भी.	इश्वर दुवाडी	काठमाडौं १५, स्वयम्भु, काठमाडौं	आयकर
२९	303744878	श्री लक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स	विजय कृष्ण श्रेष्ठ	चन्द्रागिरी १२, देथली, काठमाडौं	आयकर/मु.अ.कर
३०	602511153	ज्योती टायल इटा उद्योग	दिपक महर्जन	चन्द्रागिरी ९, मच्छेगाउँ, काठमाडौं	आयकर/मु.अ.कर
३१	303046590	आर. के. कन्स्ट्रक्शन	राज कुमार पण्डित	विदुर १२, मुलाबारी, नुवाकोट	आयकर/मु.अ.कर
३२	302812857	लामा ह्यूम पाईप उद्योग	गोल्जे लामा	काठमाडौं ४, कलंकी, काठमाडौं	आयकर/मु.अ.कर
३३	600355393	शुभेक्षा इन्टरनेशनल हस्पिटल प्रा.लि.	चन्दन शाक्य	नागार्जुन ४, सीतापाइला, काठमाडौं	आयकर
३४	302812066	ईमन खाद्य उद्योग	ईन्द्र लाल गोपाली	चन्द्रागिरी ४, थानकोट, काठमाडौं	आयकर/मु.अ.कर
३५	600482756	गुरुजुधारा स्टोर्स	न्हुच्छे मान महर्जन	चन्द्रागिरी ५, गुर्जुधारा, काठमाडौं	आयकर
३६	302058075	लक्ष्मी रोडा ढुङ्गा उद्योग	रविन नकर्मी	थाके ७, धादिङ	आयकर
३७	601189195	त्रिकुटा इन्टरप्राईजेज प्रा.लि.	विनोद शाक्य	काठमाडौं १५, स्वयम्भु, काठमाडौं	आयकर/मु.अ.कर
३८	302305935	मझा शोभा भगवती ट्रेडर्स	वासु देव राय	नागार्जुन १०, स्यूचाटार, काठमाडौं	आयकर/मु.अ.कर
३९	302735534	तपाई ह्राम्रो वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	गंगा राम दुलाल	चन्द्रागिरी १४, नयाँ नैकाप, काठमाडौं	आयकर
४०	600908443	वागमति दाना उद्योग	सन्तोष कुमार मेस्टर	नागार्जुन ७, रामकोट, काठमाडौं	आयकर
४१	304579567	एशियन हिमालयन ट्रेडिङ्ग कम्पनि प्रा.लि.	हर्क बहादुर तामाङ्ग	नागार्जुन ५, सितापाईला, काठमाडौं	आयकर/मु.अ.कर
४२	301614362	अरुणोदय एकेडेमी प्रा.लि.	विष्णु कुमार पौडेल	काठमाडौं 15, विजेश्वरी, काठमाडौं	आयकर
४३	303978772	श्री मण्डली माई ईटा उद्योग	सुन्दर थापा क्षेत्री	नीलकण्ठ २, मुरलीभन्याङ, धादिङ	आयकर/मु.अ.कर
४४	601056943	आर एण्ड एम गार्मेन्ट एक्सपोर्ट	रश्मी श्रेष्ठ	नागार्जुन १, ऐराहिटी, काठमाडौं	आयकर/मु.अ.कर
४५	600668635	शुभ अटो इन्टरप्राईजेज	भिमसेन श्रेष्ठ	नीलकण्ठ ३, पुछारवजार, धादिङ	आयकर/मु.अ.कर
४६	600730574	प्रताप स्टोर	प्रताप बलामी	नागार्जुन ४, शरणपुर, काठमाडौं	आयकर
४७	304922039	न्यू जोरगणेश सप्लायर्स	अजय पोखेल	गजुरी २, मलेखु, धादिङ	आयकर/मु.अ.कर
४८	603049350	ओम बावु ट्रेडर्स	रेशमी कुमारी शाह	काठमाडौं १५, सानो भर्याङ, काठमाडौं	आयकर/मु.अ.कर
४९	302443680	सामुदायिक सेवा बचत तथा ऋण सहकारी संस्था लि.	सुरेन्द्र गौतम	काठमाडौं १५, सितापाइला, काठमाडौं	आयकर
५०	500146323	लोप्साङ्ग कार्पेट उद्योग	लोप्साङ्ग छिरिङ्ग लामा	काठमाडौं १५,स्वयम्भू, काठमाडौं	आयकर
५१	302490271	न्यू क्रियटिभ इडलिस बोर्डिङ स्कुल प्रा.लि.	बावु राम घिमिरे	नागार्जुन १, रानीबन, काठमाडौं	आयकर
५२	602166180	बाहिटी इन्टरप्राइजेज	आकाश मानन्धर	काठमाडौं 15, सितापाइला, काठमाडौं	आयकर/मु.अ.कर
५३	606731337	आरशा फुड एण्ड स्पाइसेस प्रा.लि.	रविन कायष्थ श्रेष्ठ	काठमाडौं १५, सीतापाइला, काठमाडौं	आयकर/मु.अ.कर
५४	304587252	स्वराज इन्टरप्राईजेज डल्लु	राजु महर्जन	काठमाडौं १५, डल्लु, काठमाडौं	आयकर/मु.अ.कर

इतिहासमा आज



● **सन्** १९३० : माहात्मा गान्धीद्वारा साल्ट मार्च सुरुवात। तीन सय किलोमिटर लामो यो पदयात्रा नुनमाथिको बेलायती एकाधिकारविरुद्धको नागरिक अवज्ञा आन्दोलन थियो। भारतीय स्वतन्त्रता आन्दोलनमा यसको निकै ठूलो महत्त्व छ।

सन् १९१८ : मस्को रुसको राजधानी बन्यो। जार तानाशाहीको अन्त्य गरेको सन् १९१७ को क्रान्तिपछि विदेशी आक्रमणको डरका कारण रुसको राजधानी सेन्ट पिटर्सबर्गबाट मस्को सारिएको थियो।

● **सन्** १९३८ : हिटलरले अस्ट्रियामाथि आक्रमण गरे। उनले अस्ट्रियालाई जर्मनीमा गाभ्ने मनसायले आक्रमण गरेका थिए।

● **सन्** १९६७ : इन्डोनेसियाको सत्तामा सुहार्तोको उदय। ३१ वर्ष चलेको उनको राष्ट्रपतित्व मानवअधिकार उल्लंघन र पूर्वी टिमोरमाथिको कब्जाको कारण कलंकित बनेको थियो।

● **सन्** १९९४ : चर्च अफ इंग्ल्यान्डले पहिलोपटक ३३ जना महिला पूजारी नियुक्त गऱ्यो।

विश्व संक्षेप

दक्षिण कोरियामा पाँच हजार चिकित्सकको लाइसेन्स निलम्बन गरिँदै

सोल / दक्षिण कोरियाले चार हजार ९०० जुनियर चिकित्सकको मेडिकल लाइसेन्स निलम्बन गर्ने प्रक्रिया सुरु गरेको जनाएको छ। सरकारी चिकित्सा प्रशिक्षण सुधारको विरोधमा उत्रिएका उनीहरूको लाइसेन्स निलम्बन गर्ने सरकारले तयारी गरेको हो। चिकित्सकहरूको संख्या बढाउने सरकारी योजनाको विरोधमा फेब्रुअरी २० देखि सुरु भएको हडतालले दक्षिण कोरियाका अस्पताल अस्तव्यस्त बनेका छन्। स्वास्थ्य मन्त्रालयले सोमबार हजारौं प्रशिक्षार्थी चिकित्सकलाई आफ्नो अस्पताल फर्किन दिइएको विशेष आदेशको अवज्ञा गरेपछि चिकित्सकलाई मेडिकल लाइसेन्स निलम्बन गर्ने कारबाहीको पहिलो कदमका रूपमा प्रशासनिक सूचना पठाएको जनाएको छ।

राष्ट्रपति निर्वाचनमा पुटिनसँग तीनजनाले प्रतिस्पर्धा गर्दै

मस्को / रुसमा आगामी शुक्रबारदेखि आइतबारसम्म राष्ट्रपतिको निर्वाचन हुँदै छ। निर्वाचनले राष्ट्रपति भ्लादिमिर पुटिनलाई थप ६ वर्षको कार्यकालका लागि अनुमोदन गर्नेमा कुनै शंका छैन। राष्ट्रवादी कन्जर्भेटिभ लिओनिद स्लट्स्की, कम्युनिस्ट पार्टीका निकोलाई खारिटोनोभ र प्रसिद्ध व्यापारी भ्लादिस्लाभ दाभानकोभ गरी तीनजना पुटिनसँगको प्रतिस्पर्धामा छन्। क्रेमलिनका आलोचकले यी तीन उम्मेदवारको भूमिका विपक्षीलाई दमन गरी पाखा लगाइएको र पुटिनविरोधी आलोचनालाई कमजोर पार्ने रहेको औंल्याएका छन्। चुनावी अभियानमा युक्रेन आक्रमणको विपक्षमा रहेका बोरिस नादेज्दिन र येकातेरिना डन्टसोभाले आफ्नो उम्मेदवारीको समर्थनमा दसौं हजार हस्ताक्षर संकलन गर्दै उम्मेदवारीको घोषणा गरेका थिए। तर, उनीहरूको उम्मेदवारी अस्वीकृत भएको छ ।

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार २९ फागुन ०८०

पुँजी बजार सुधारमा अर्थमन्त्री पुनको सक्रियता

सात दिनभित्र समाधानसहितको कार्ययोजना पेस गर्न नियामक निकायलाई निर्देशन

भोजराज भण्डारी/नयाँ पत्रिका

नवनियुक्त अर्थमन्त्री वर्षमान पुनले पुँजी बजार सुधारमा सक्रियता देखाएका छन् । मन्त्रालयको कार्यभार सम्हालेको एक साता नपुग्दै मन्त्री पुनले पुँजी बजारका नियामक निकायलाई समस्या समाधानसहित कार्ययोजना पेस गर्न निर्देशन दिएका हुन् । उनले नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज (नेप्से) र नेपाल क्लियरिङ लिमिटेड (सिडिएसी)लाई अर्थतन्त्रको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने पुँजी बजारमा देखिएका समस्या समाधान र त्यस क्षेत्रको विकास र विस्तारका लागि तत्काल गर्नुपर्ने कामको सम्बन्धमा सरोकारवालासँग पनि राय लिएर सात दिनभित्र आउन पत्रमार्फत निर्देशन दिएका हुन् ।

उनले गत बुधबार पदभार ग्रहण गर्दै ६० लाख लगानीकर्ताको हितमा रहेर काम गर्ने बताएका थिए । लगानीकर्तालाई दुक्क भएर लगानी गर्न र आवश्यक समस्याको समाधान गर्नका लागि आफू सधैं तयार रहेको बताएका थिए । त्यसलाई निरन्तरता दिँदै उनले नियामक निकायसँग लिखित कार्ययोजना बनाउन निर्देशन दिएका हुन् । अर्थ मन्त्रालयबाट पत्र पाएपछि नेपाल धितोपत्र बोर्ड समस्या समाधानसहितको कार्ययोजना बनाउन जुटेको छ । बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारीले लगानीकर्ता सरोकारवाला र अन्य दुई निकाय नेप्से र सिडिएसीसँग छलफल गरेर तोकिएकै मितिमा कार्ययोजना तयार पार्ने बताए । उनले भने, 'विगतमा लगानीकर्ताले उठाउँदै आएका र तत्काल समस्या समाधान गर्न सकिने खालका सुझाव पेस गर्छौं ।'

लगानीकर्ता तथा पुँजी बजार संघकी अध्यक्ष राधा पोखरेलले मन्त्री पुनको सक्रियतालाई समग्र लगानीकर्ताको उत्साहको विषय भएको बताइन् । उनले भनिन्, 'माओवादीको अर्थमन्त्री हुँदा बजार घट्छ, पुँजी बजारलाई उपेक्षामा राखिन्छ भन्ने लगानीकर्ताको मनोविज्ञानलाई चिर्ने प्रयास गरेको देखिन्छ, यो सकारात्मक हो ।'

लगानीकर्ता अर्थमन्त्री पुनप्रति आशावादी

अर्थतन्त्रका सूचकहरू सकारात्मक बन्दै गए पनि पुँजी बजारमा सुधार आउन नसकेको भन्दै लगानीकर्ता निराश छन् । करिब दुई वर्षदेखि दुई हजारकै विन्दुवरपर घुमिरहेको नेप्से परिसूचकलाई लिएर लगानीकर्ता चिन्तित देखिन्छन् । पदभार ग्रहण गर्दै गर्दा नवनियुक्त अर्थमन्त्री वर्षमान पुनले प्यानिक अवस्थामा रहेका लगानीकर्तालाई राहत हुने गरी काम गर्ने बताएपछि लगानीकर्ता आशावादी देखिएका छन् ।

अर्थमन्त्रीमा पुन आउने पक्का भएको दिन गत मंगलबार नेप्से परिसूचक ९ दशमलव ३३ अंकले बढेर दुई हजार १७ दशमलव ३ विन्दुमा आइपुगेको थियो । बजारले अर्थमन्त्रीका रूपमा पुनलाई 'ग्रिन सिग्नल' गरेको देखियो । अर्थमन्त्री पुनले शपथ लिएको दिन गत बिहीबार नेप्से परिसूचक १३ दशमलव ५१ अंकले बढेर दुई हजार ३० दशमलव ५५ विन्दुमा आइपुगेको थियो । आइतबार पनि नेप्से २२.१० अंकले बढेको छ । यसले अर्थमन्त्री पुनप्रति लगानीकर्ता आशावादी भएको देखिन्छ ।

पछिल्लो समय लगानीकर्ताको मनोविज्ञानलाई बुझेर अहिलेका अर्थमन्त्रीले कदम चाल्न सके पुँजी बजारमा मात्र नभई सबै अर्थतन्त्रको सूचक सकारात्मक हुने लगानीकर्ता छोटेलाल रौनियार बताउँछन् ।

१२ वर्षअघि अर्थमन्त्री बन्दा उनको कार्यकाल १८ महिना थियो । पुँजी, प्रविधि, योजना र अंकको हिसाबले पनि बजार सानो अवस्थामा थियो । ०६८ साल १८ भदौमा तत्कालीन डा. बाबुराम भट्टराईको प्रधानमन्त्री क्याबिनेटमा अर्थमन्त्री नियुक्त हुँदा नेप्से परिसूचक तीन सय ३९ विन्दुमा रहेको थियो । उनको कार्यकालभरिमा नेप्से सूचक पाँच सय विन्दुसम्म पुगेको थियो । लगानीकर्ता रौनियारले त्यसवेला सेयर बजारमा भएको सुधारलाई ठूलै फड्को मान्नुपर्ने बताउँछन् ।

अर्का लगानीकर्ता देव गुरागाईं विगतमा पार्टीले राखेको पुँजी बजारप्रतिको धारणलाई वर्तमान अर्थमन्त्रीले सच्याउने मौकाका रूपमा लिनुपर्ने बताउँछन् । विगतमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'देखि अन्य माओवादी नेताले समेत पुँजी बजारप्रति कडा टिप्पणी गर्दै आएका थिए । तर, पछिल्ला दिनमा भने उनीहरू नरम देखिन्छन् ।

'वर्तमान प्रधानमन्त्रीसहित सरकारमा सहभागीहरूमा केही गरौं भन्ने हुटहुटी देखिन्छ, तर चुनौती पनि धेरै छन्,' उनले भने, 'पुँजी बजारमा देखिएको प्यानिक अवस्थालाई अर्थमन्त्रीले नजिकबाट देखेको हुँदा विगतमा पुँजी बजारप्रति माओवादीको दृष्टिकोणविपरीत उहाँबाट सुधारको पहल हुनु राम्रो पक्ष हो ।'

लगानीकर्ता तथा पुँजी बजार संघकी अध्यक्ष राधा पोखरेलले अर्थमन्त्री पुनलाई विगतमा माओवादीले पुँजी बजारलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउने गरी काम गर्ने अवसर मिलेको बताइन् । माओवादी आएपछि बजारको 'सेन्टिमेन्ट' नकारात्मक पर्छ भन्ने मान्यतालाई चिर्ने गरी काम गर्ने अवसर रहेको उनको भनाइ छ ।

> ६० लाख लगानीकर्ताको हितमा रहेर काम गर्छु । लगानीकर्ताले दुक्क भएर लगानी गर्दा हुन्छ । समस्याको समाधान गर्नका लागि म सधैं तयार छु ।



मधेशमा बिमाको पहुँच ८.६१ प्रतिशत मात्रै

बागमतीमा जनसंख्याभन्दा धेरै 'बिमा पोलिसी'

मिलन विश्वकर्मा/नयाँ पत्रिका

देशभरका ४३.१४ प्रतिशत नागरिकमा बिमा पहुँच पुग्दा मधेश प्रदेशमा भने ८.६१ प्रतिशत नागरिकले मात्रै बिमाको सेवा लिएका छन् । नेपाल बिमा प्राधिकरणको तथ्यांकअनुसार माघ मसान्तसम्म जीवन बिमा गर्ने जनसंख्या सबैभन्दा बढी बागमती प्रदेशमा एक सय ५२ प्रतिशत रहेको देखिएको छ ।

भौगोलिक अवस्थाका आधारमा सुगम मानिने मधेशका अधिकांश नागरिकको आर्थिक अवस्था भने कमजोर छ । कमजोर नागरिक रहेका मधेश, कर्णालीजस्ता प्रदेशमा बिमाको पहुँच न्यून रहेको प्राधिकरणको तथ्यांकले पुष्टि गरेको छ ।

०७८ को जनगणनाअनुसार मधेशको जनसंख्या ६१ लाख १४ हजार ६ सय छ । तर, त्यहाँ पाँच लाख ५४ हजार एक सय ९० वटा मात्रै बिमा पोलिसी जारी भएका छन् । जुन कुल जनसंख्याको ९.०६ प्रतिशत हो ।

दोहोरो बिमालेख खरिदलाई दृष्टिगत गर्दै कुल बिमालेखको संख्यालाई ५ प्रतिशतले घटाएर बिमा पहुँच गणना गर्ने अन्तर्राष्ट्रिय अभ्यास छ । नेपालमा पनि सोहीअनुसार बिमा पहुँच गणना गरिँदै आइएको छ । जसअनुसार मधेशका पाँच लाख २६ हजार चार सय ८१ जना नागरिक बिमाको पहुँचमा रहेको देखिन्छ, यो मधेशको जनसंख्याको ८.६१ प्रतिशत हो । प्रदेशस्थित जीवन बिमा कम्पनीका शाखाले बिक्री गरेको पोलिसीका आधारमा यस्तो आँकडा निकालिएको हो । आठ जिल्ला भएको मधेश प्रदेशमा जीवन बिमा कम्पनीका दुई सय २७ शाखा छन् । वीरगन्जमा नियामक निकाय नेपाल बिमा प्राधिकरणको शाखा कार्यालयसमेत छ ।

प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेल पनि मधेश प्रदेशमा बिमा पहुँच बढ्न नसकेको स्वीकार गर्छन् । 'पछिल्लो चार-पाँच वर्षदेखि हामीले स्थानीय तहमा बिमा ज्ञानसम्बन्धी अन्तर्क्रिया गर्दै आएका छौं । अब भने मधेशमा बिमाको पहुँच बढ्न सक्छ भन्ने विश्वास छ ।'

कम्पनीहरू सहरकेन्द्रित हुँदा पनि यस्तो अवस्था आएको प्राधिकरणका एक उच्च अधिकारीले बताए । 'सामान्यत मधेश प्रदेशका जनताको बिमा गर्ने क्षमता कमजोर छ । त्यसमाथि त्यहाँ बिमासम्बन्धी ज्ञान पनि राम्रो छजस्तो लाग्दैन,' उनले भने, 'त्यसमाथि बिमा कम्पनीहरू सहरकेन्द्रित छन् । त्यसले गर्दा मधेशमा मात्रै होइन, कर्णालीजस्ता विकट प्रदेशमा बिमाको पहुँच आवश्यकताअनुसार बढ्न सकेको छैन ।'

हिमालयन लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार लाल कर्णले आर्थिक अवस्था र बिमा चेतनाको कमीले सुदूरपश्चिम, कर्णाली र मधेश प्रदेशमा बिमाको पहुँच कम देखिएको बताए ।

■ कर्णालीमा १२% बिमाको पहुँच

भौगोलिक रूपमा समेत विकट मानिने कर्णाली प्रदेशका १२.४२ प्रतिशत नागरिक मात्रै बिमाको पहुँचमा देखिएका छन् । १६ लाख ८८ हजार चार सय १२ जनसंख्या रहेको कर्णाली प्रदेशमा दुई लाख २० हजार सात सय ५२ वटा पोलिसी बिक्री भएको छ । त्यसमा ५ प्रतिशत घटाउँदा दुई लाख नौ हजार सात सय १४ अर्थात् साढे १२ प्रतिशत नागरिक मात्रै बिमाको पहुँचमा देखिन्छन् । १० जिल्ला रहेको कर्णाली प्रदेशमा जीवन बिमा कम्पनीका एक सय पाँच शाखा छन् ।

यसैगरी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका १८-१८ प्रतिशत नागरिकले बिमा गरेको देखिन्छ । ५१ लाख २२ हजार ७८ जनसंख्या रहेको लुम्बिनीमा नौ लाख ६२ हजार तीन सय १० बिमा पोलिसी बिक्री भएका छन् । त्यसको ५ प्रतिशत घटाउँदा नौ लाख १४ हजार १९५ अर्थात्, १८ प्रतिशत नागरिक बिमाको पहुँचमा देखिन्छन् । १२ जिल्ला भएको लुम्बिनीमा जीवन बिमाका दुई सय ९७ वटा शाखा कार्यालय छन् ।

यसैगरी, २६ लाख ९४ हजार सात सय ८३ जनसंख्या भएको सुदूरपश्चिममा पाँच लाख चार हजार ६ सय ७० पोलिसी बिक्री भएको छ । त्यसमा ५ प्रतिशत घटाउँदा चार लाख ७९ हजार चार सय ३७ अर्थात् १७.७९ प्रतिशत नागरिक बिमाको दायरामा देखिन्छन् । नौ जिल्ला भएको सुदूरपश्चिममा जीवन बिमाका एक सय ८५ शाखा छन् ।

अब मधेशमा बिमाको पहुँच बढ्छ



राजुरमण पौडेल, कार्यकारी निर्देशक, बिमा प्राधिकरण

पछिल्लो चार-पाँच वर्षदेखि हामीले स्थानीय तहमा बिमा ज्ञानसम्बन्धी अन्तर्क्रिया गर्दै आएका छौं । त्यसको प्रभाव सबै प्रदेशमा बढ्दै गएको छ । मधेश प्रदेशमा पनि केही न केही रूपमा त्यसको प्रभाव बढेको छ । अहिले लघुबिमा कम्पनीहरू पनि सञ्चालनमा आइसकेका छन् । अब मधेशमा बिमाको पहुँच बढ्न सक्छ भन्ने विश्वास छ ।

चेतनाको कमीले पहुँच कम भयो



मनोजकुमार लाल कर्ण, सिइओ, हिमालयन लाइफ

आर्थिक अवस्था र बिमा चेतनाको कमीले सुदूरपश्चिम, कर्णाली र मधेश प्रदेशमा बिमाको पहुँच कम देखिएको हो । बिमा कम्पनीहरू सबै प्रदेशमा व्यवसाय विस्तार गर्न प्रयासरत छन् । कमजोर आर्थिक अवस्था र शिक्षाको अभावका कारण मधेश, कर्णाली र सुदूरपश्चिमजस्ता प्रदेशमा बिमाको पहुँच कमजस्तो देखिन्छ ।

कुन प्रदेशमा बिमाको कति पहुँच ?

	जनसंख्या	५ प्रतिशत घटाएर कायम बिमालेख	पहुँच	शाखा कार्यालय
कोशी	४९६१४१२	११०७४९१	२२.३२%	३०२
मधेश	६११४६००	५२६४८१	८.६१%	२२७
बागमती	६११६८६६	९३०४५६५	१५२.११%	४७७
गण्डकी	२४६६४२७	५६२५४८	२२.८०%	१९६
लुम्बिनी	५१२२०७८	९१४१९५	१७.८४%	२९७
कर्णाली	१६८८४१२	२०९७१४	१२.४२%	१०५
सुदूरपश्चिम	२६९४७८३	४७९४३७	१७.७९%	१८५

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ गण्डकी र कोशीमा २२% माथि

कोशी र गण्डकी प्रदेशमा भने २२ प्रतिशतभन्दा बढी नागरिकमा बिमा पहुँच पुगेको देखिन्छ । ४९ लाख ६१ हजार चार सय १२ जनसंख्या भएको कोशीमा ११ लाख ६५ हजार सात सय ८० वटा बिमा पोलिसी बिक्री भएका छन् । त्यसमा ५ प्रतिशत घटाउँदा ११ लाख सात हजार चार सय ९१ जना अर्थात्, २२.३२ प्रतिशत नागरिक बिमाको दायरामा देखिन्छन् । १४ जिल्ला भएको कोशी प्रदेशमा जीवन बिमा कम्पनीका तीन सय दुईवटा शाखा कार्यालय छन् ।

२४ लाख ६६ हजार चार सय २७ जनसंख्या भएको गण्डकीमा पाँच लाख ९२ हजार एक सय ५६ वटा पोलिसी बिक्री भएका छन् । त्यसमा ५ प्रतिशत घटाउँदा पाँच लाख ६२ हजार पाँच सय ४८ जना अर्थात् २२.८० प्रतिशत नागरिक बिमाको दायरामा देखिन्छन् । ११ जिल्लाको गण्डकी प्रदेशमा जीवन बिमा कम्पनीका एक सय ९६ शाखा छन् ।

■ बागमतीमा जनसंख्याभन्दा बढी बिमा

यता संघीय राजधानीसँग जोडिएको बागमती प्रदेशमा भने जनसंख्याभन्दा पनि बढी बिमा पोलिसी बिक्री भएका छन् । बागमती प्रदेशमा ६१ लाख १६ हजार आठ सय ६६ जनसंख्या छ । तर, यो प्रदेशमा ९७ लाख ९४ हजार दुई सय ७९ वटा बिमा पोलिसी बिक्री भएका छन् । १३ जिल्ला प्रदेशमा भएको यो प्रदेशमा जीवन बिमा कम्पनीका चार सय ७७ शाखा छन् ।

यही प्रदेशमा संघीय राजधानी काठमाडौं छ । सबै बिमा कम्पनीका प्रधान कार्यालय यहीं छन् । अध्ययन तथा रोजगारीका लागि यहाँ बसोवास गर्ने अन्य प्रदेशका व्यक्तिको संख्या पनि बढी छ । कतिपय व्यक्तिहरूले लगानीका लागि भनेर पनि दुईभन्दा बढी बिमा पोलिसी खरिद गरेका हुन्छन् । त्यसले गर्दा बागमती प्रदेशबाट जनसंख्याभन्दा बढी बिमा पोलिसी बिक्री भएको प्राधिकरणका कार्यकारी निर्देशक पौडेलले बताए । जनसंख्याभन्दा बढी पोलिसी बिक्री भए पनि बागमतीका सबै नागरिक भने बिमाको दायरामा नभएको उनी बताउँछन् ।

'यसै पनि अझै पनि बिमा कम्पनीहरू सहरकेन्द्रित छन् । त्यसको असर पनि प्रदेशगत बिमा सेवा विस्तारमा परेको छ । साथै, बागमती प्रदेशमा देशभरका मानिस आएर बसोवास गर्छन् । उनीहरूले बागमतीमै रहेका बिमा कम्पनीका शाखा कार्यालयबाट बिमा पोलिसी खरिद गरेका हुन्छन् । त्यसैले यस्तो आँकडा देखिएको हो,' उनले भने, 'तर, प्रदेशगत रूपमा समान रूपमा बिमा पहुँच विस्तार हुन नसकेको भने सत्य हो । त्यसमा हाम्रो ध्यानाकर्षण भएको छ ।'

महासंघको पहलमा १० अर्ब पुँजीको लगानी कम्पनी स्थापना हुने



काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघको पहलमा देशैभरका उद्यमी-व्यवसायी सहभागी हुने गरी लगानी कम्पनी स्थापना गरिने भएको छ । कम्पनीको अधिकृत पुँजी १० अर्ब रुपैयाँ रहने महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले जानकारी दिए ।

अध्यक्ष ढकालका अनुसार उक्त कम्पनीमा देशैभरका सर्वसाधारण एवं व्यवसायीले लगानी गर्न सक्ने र उक्त रकम विभिन्न परियोजनामा लगानी गरिनेछ ।

कम्पनीमा महासंघका सदस्यबाहेकका व्यवसायीले पनि लगानी गर्न सक्ने उनको भनाइ छ ।

सोमबार वीरगन्ज उद्योग वाणिज्य संघको वार्षिक साधारणसभामा सम्बोधन गर्दै अध्यक्ष ढकालले देशको अर्थतन्त्रको सुधारका लागि आफूहरूले पहल गरिरहेको बताए । राजनीतिक दलहरूको आर्थिक विषयमा एकै एजेन्डा हुन नसक्दा समन्वय र सुधार नभएको बताउँदै उनले महासंघको चैत अन्तिम साता आयोजना हुने वार्षिक साधारणसभामा सबै दलहरूको ऐक्यबद्धता खोजिने पनि जानकारी गराए ।

महासंघले सुधारका लागि निरन्तर प्रयास गरिरहेको र गत असोजमा आयोजित बृहत् आर्थिक बहस यसको कोसेढुंगा भएको उनको भनाइ थियो । लगत्तै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सर्वपक्षीय भेला आयोजना गरेको स्मरण गराउँदै उनले त्यसपछि वित्तीय क्षेत्रमा सुधार भएको बताए । 'अझै हामीले प्रयास गर्नुपर्छ,' उनले भने, 'बजार चलायमान बनाउन सबैको सहकार्य आवश्यक छ ।'

भन्सार निरीक्षण र नियन्त्रण आफ्नो कार्यक्षेत्रमा नपर्ने टिआइएको दाबी

काठमाडौं/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए) कार्यालयले सुनलगायत भन्सार निरीक्षण र नियन्त्रण आफ्नो कार्यक्षेत्रमा नपर्ने जनाएको छ । विमानस्थलको सेवा प्रवाह र विभिन्न निकायबीचको समन्वयबारे पूर्वाग्रही र तथ्यहीन सूचना सम्प्रेषण भइरहेको भन्दै विमानस्थल प्रमुख प्रतावबाबु तिवारीले विज्ञप्ति जारी गरेर आफ्नो कार्यक्षेत्रभित्र विमानस्थलको पूर्वाधार सुधार रहेको प्रस्टीकरण दिएका छन् ।

'हामीले भन्दै आएका छौं कि सुनलगायत भन्सार निरीक्षण र नियन्त्रण हाम्रो कार्यक्षेत्र होइन,' महाप्रबन्धक तिवारीले विज्ञप्तिमार्फत भनेका छन्, 'विमानस्थल कार्यालयले हेर्ने भनेको विमानस्थलको पूर्वाधार सुधार हो ।' बढ्दो यात्रु चापलाई मध्यनजर गरेर कार्यालयले भन्सार क्षेत्र विस्तार गरेसँगै सेवा प्रवाहमा समेत सुधार भएको यात्रुबाट प्रतिक्रिया आइराखेको विमानस्थल कार्यालयको दाबी छ । 'विमानस्थलको सेवा प्रवाहमा जिम्मेवार कुनै पनि निकायले कमिकमजोरी गर्न मिल्दैन, यसका लागि सम्पूर्ण निकायलाई जिम्मेवार ढंगले सेवा प्रवाह गर्न विमानस्थल प्रमुखको हैसियतले अनुरोध पनि गर्दै आएका छौं,' तिवारीले स्पष्ट पारेका छन्, 'हामीले विमानस्थलसँग सरोकार राख्ने सम्पूर्ण निकायसँग समन्वयकारी भूमिका निर्वाह गर्ने हो, समस्याको समाधानमा सम्बन्धित निकायको अहं भूमिका रहन्छ, अतः समन्वय र समाधान एउनै विषय होइन ।' अन्तर्राष्ट्रिय विमानस्थलमा २५ भन्दा बढी सरोकारवाला निकायसहित एक सय ७० भन्दा बढी प्रत्यक्ष तथा अप्रत्यक्ष विभिन्न निकायहरूको आबद्धता रहने कार्यालयले जनाएको छ ।

सहसचिवस्तरकै प्रमुख रहने अध्यागमन र भन्सार कार्यालय आ-आफ्नै ऐन-कानुनअनुसार निर्देशित भई सञ्चालनरत छन् । विमानस्थल प्रमुखको चेन-अफ कमान्डभित्र नपर्ने अन्य मन्त्रालयअन्तर्गतका निकायसँग सेवा प्रवाहका सम्बन्धमा विगतदेखि नै समन्वयकारी भूमिका निर्वाह गर्दै आएको महाप्रबन्धक तिवारीले प्रस्ट पारेका छन् ।

जहाज होल्डिङ घट्यो

कार्यालयले विशेष अवस्थामा बाहेक जहाजहरूको एयर होल्डिङ घटेको दाबी गरेको छ । यस्तै, आन्तरिक आगमन टर्मिनलको छुट्टै भवन बनाई थप ब्यागेज बेल्टको व्यवस्था गरेको, यसै वर्ष नयाँ ट्रलीको व्यवस्था गरिएको, १२ जनासम्म अट्ने लिफ्ट जडान भएको, यात्रु सहायता कक्ष निर्माण गरिएको, विमानस्थल परिसरभित्र निःशुल्क विद्युतीय बसको व्यवस्थालगायत काम सम्पन्न भएको महाप्रबन्धक तिवारीले बताए ।

विकास आयोजनालाई कुनै पनि बहानामा विलम्ब गर्न पाइँदैन : सांसद चौधरी



काठमाडौं/ नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य विनोद चौधरीले ठूला विकास आयोजनालाई समयमै सम्पन्न गर्न निर्देशन दिएका छन् । सोमबार जिल्ला प्रशासन कार्यालय नवलपरासीमा सरोकारवाला निकायसँग छलफल गर्दै उनले विकास आयोजना निर्माण कार्यमा विलम्ब नगर्न निर्देशन दिएका हुन् ।

पश्चिम नवलपरासी जिल्लाभित्र सञ्चालित विकास आयोजनाको प्रगति एवं समस्या समाधानका विषयमा उनले सरकारी निकाय, स्थानीय तह र निर्माण व्यवसायीसँग छलफल गरेका थिए । 'विकास परियोजना सम्पन्न गर्न सरकारका तर्फबाट गर्नुपर्ने सहजीकरणमा हामीले निरन्तर समन्वय गर्दै आएका छौं,' उक्त छलफलमा उनले भने, 'तर, के कारणले आयोजनाहरूको काम अपेक्षाकृत हुन सकेको छैन । यसमा गम्भीर बन्न जरुरी छ ।'

नवलपरासी-१ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित सांसद चौधरीले नारायणगढ-बुटवल सडकखण्ड र हुलाकी राजमार्गको कामलाई तीव्रता दिन जोड दिए ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत नारायणगढ बुटवल सडकखण्डको काममा भइरहेको सुस्तताप्रति उनले असन्तुष्टि जनाए । 'विगत सात वर्षदेखि काम थालिएको हुलाकी सडकको काम वर्षौंदेखि धिमा गतिमा भइरहेको छ । बुटवल-नारायणगढ सडकखण्डको काम पनि उस्तै छ,' सांसद चौधरीले भने, 'अब एकले अर्कालाई आरोप लगाएर हुँदैन । सबैले जिम्मेवारीबोध गरेर अगाडि बढौं ।'

बुटवल-नारायणगढ सडकखण्डको काम पश्चिम नवलपरासीको बर्दघाट नगरपालिकादेखि सुनवल नगरपालिकासम्म करिब ४७ प्रतिशत काम सकिएको आयोजना कार्यालयले जनाएको छ । निर्माण व्यवसायीका प्रतिनिधिहरूले आवश्यक निर्माणजन्य सामग्री र नदीजन्य सामग्रीको अभावका कारण काममा ढिलाइ भएको गुनासो गरेका थिए ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मितिः २०८०/११/२९

यस बैंकको शाखा कार्यालय बनेपा, काभ्रे बाट तपाई ऋणीले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणी तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

तपसिल

१. ऋणीको नाम र ठेगाना

गुन्ज बहादुर गुरुङ्ग/श्रीमती गंगा माया गुरुङ्गको छोरी, अरुण गुरुङ्गको श्रीमती, दोलखा जिल्ला, माली गा.वि.स. वडा नं.२. स्थाई ठेगाना भई हाल काभ्रे जिल्ला बनेपा न.पा वडा नं. ११ बस्ने **बिना गुरुङ्ग** (ना.प्र.नं. २२१०३६/८१, जारी मिति २०६५/०४/२१, जि.प्र.का., दोलखा)


जमानीकर्ताहरुको नाम र ठेगाना

१) गुन्ज बहादुर गुरुङ्ग/श्रीमती गंगा माया गुरुङ्गको छोरा, तारा भट्टको श्रीमान, दोलखा जिल्ला, श्यामा गा.वि.स. वडा नं.५ स्थाई ठेगाना भई काभ्रे जिल्ला बनेपा न.पा वडा नं. ११ बस्ने **काजी गुरुङ्ग** (नागरिकता नं. २७३६/६५१, जारी मिति २०४८/११/२८, जि.प्र.का., दोलखा)

२) शेर बहादुर भट्ट/श्रीमती टिका कुमारी भट्ट.को छोरी, गुन्ज बहादुर गुरुङ्ग/श्रीमती गंगा माया गुरुङ्गको बुहारी ,श्री काजी गुरुङ्ग को श्रीमती, धादिङ जिल्ला, त्रिपुरासुन्दरी गा.वि.स. वडा नं.३ स्थाई ठेगाना भई हाल काभ्रे जिल्ला बनेपा न.पा वडा नं.११ बस्ने श्रीमती **तारा भट्ट** (नागरिकता नं. २६२०११/८१ जारी मिति २०७०/०१/२३ र स्थानः धादिङ)

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८



निसानको म्याग्नाइट एसयुभीको स्मार्ट इडिसन सार्वजनिक



काठमाडौं/ नेपालका लागि निसान गाडीको अधिकारिक विक्रेता पायोनियर मोटो कर्पले निसान म्याग्नाइटको स्मार्ट इडिसन संस्करण सार्वजनिक गरेको छ। नेपालमा सन् २०२१ मा सार्वजनिक भएको यो गाडी नयाँ स्मार्ट-नवीनतापूर्ण आरामदायी सुविधासहित आएको हो।

निसान म्याग्नाइट स्मार्ट इडिसन खरिदमा कम्पनीले विशेष छुटको अफर पनि ल्याएको जनाएको छ। जसअनुसार मार्च महिनाभरि खरिद गर्दा विशेष छुटका साथ आकर्षक मूल्यको लाभ लिन सकिने कम्पनीको भनाइ छ। यस गाडीको खरिदमा ग्राहकले विभिन्न लाभ समावेश गरी तीन लाख १६ हजार रुपैयाँभन्दा बढी फाइदा पाउने कम्पनीको दाबी छ।

यो गाडीमा आठ इन्च टच स्क्रिन नेभिगेसन डिस्प्ले, फग लाइट, स्मार्ट एलइडी डिआरएल, एलोय ह्विल, मस्कुलर लाइन र डायनामिक स्टाइल डिजाइनजस्ता आकर्षक विशेषता रहेको कम्पनीले जनाएको छ।

निसान मोटर साउथ एसिया बिजनेस युनिटका प्रमुख रघुनाथ नैरलेले भने, 'यो गाडीले निसानको निरन्तर इनोभेसन (नवप्रवर्तन)द्वारा ग्राहकलाई समृद्ध ड्राइभिङ अनुभव प्रदान गर्ने लक्ष्यलाई झल्काउँछ।' पायोनियर मोटो कर्पका प्रबन्ध निर्देशक सन्दीपकुमार सारडाले यो गाडी स्मार्ट, सरल र आधुनिक अनुभव खोज्ने नेपाली उपभोक्ताका लागि उपयुक्त रहेको बताए।

एनआइसी एसिया लघुवित्तको शाखा प्रमुख सम्मेलन



काठमाडौं/ एनआइसी एसिया लघुवित्त वित्तीय संस्था लिमिटेडले तीनदिने राष्ट्रियस्तरको शाखा प्रमुख सम्मेलन सम्पन्न गरेको छ। देशभरिका दुई सय ८७ शाखाका प्रमुखहरू, प्रदेश प्रमुखहरूलगायत संस्थाको कर्पोरेट कार्यालयका विभागीय प्रमुखहरू, संस्थाका प्रमुख कार्यकारी अधिकृत, सञ्चालक समितिका अध्यक्ष एवं सञ्चालक समितिका सदस्यसहितको सहभागितामा सम्मेलन भएको हो। सम्मेलनमा संस्थाले आमन्त्रित गरेका त्रिभुवन विश्वविद्यालयका सहायक प्राध्यापक तथा लघुवित्त विज्ञ डा. भरतसिंह थापाले लघुवित्तले गरिबी न्यूनीकरणमा गरेको योगदान, लघुवित्तको वर्तमान अवस्था, चुनौती र अबको लघुवित्तको बाटोबारे प्रस्तुति दिएको जनाइएको छ। त्यस्तै, उत्प्रेरक वक्ता रमण भट्टराईले सम्मेलनमा जीवन, जगत्, काम र जीवनलाई कसरी सन्तुलनमा राख्ने भन्ने विषयमा सहभागीलाई उत्प्रेरित हुने तरिकाले प्रस्तुति दिएको संस्थाले जनाएको छ।

सम्मेलनमा सहभागी केही शाखा प्रमुखले लघुवित्तमा आफ्नो यात्रा, संघर्ष र सफलताका विषयमा प्रस्तुति दिएको जनाइएको छ। त्यस्तै, संस्था स्थापनाकालदेखि निरन्तर कार्यरत रहेका कर्मचारीलाई संस्थाका अध्यक्ष सुवर्ण पौडेल र प्रमुख कार्यकारी अधिकृत लक्ष्मण चालिसेले सम्मान गरेको कम्पनीले जनाएको छ। त्यस्तै, सामाजिक उत्तरदायित्वअन्तर्गत चितवनका विभिन्न नगरपालिकामा रहेका पाँचवटा आधारभूत विद्यालयका प्रधानाध्यापकलाई कार्यक्रममा आमन्त्रित गरी शैक्षिक तथा मेडिकल सामग्री वितरण गरेको संस्थाको भनाइ छ।

गरिमा विकास बैंकको वित्तीय जागरण

काठमाडौं/ गरिमा विकास बैंकले ब्लु डायमन्ड सोसाइटीका एलजिबिटिक्यू समूहलाई वित्तीय जागरण कार्यक्रम आयोजना गरेको छ। बैंकको चाबहिल शाखाले 'वित्तीय जागरण, आजको आवश्यकता' भन्ने नाराका साथ सहभागीलाई उत्प्रेरणा दिँदै प्रशिक्षण दिएको हो।

व्यक्तिगत वित्तीय व्यवस्थापन, डिजिटल फ्रडबारे सचेतना, विभिन्न प्रकारका बचत, कर्जाहरू तथा बैंकबाट प्राप्त गर्न सकिने अन्य विभिन्न सेवाको विषयमा वित्तीय शिक्षा प्रदान गरिएको बैंकले जनाएको छ। ब्लु डायमन्ड सोसाइटीकी अध्यक्ष शीतल पिंकी गुरुङको उपस्थितिमा बैंकका जोखिम व्यवस्थापन विभाग प्रमुख दीपकराज भण्डारी, लाजिम्पाट क्षेत्रीय कार्यालय प्रमुख रमेश रिजाल, चाबहिल शाखा प्रमुख इच्छा भण्डारी र अन्य कर्मचारीको उपस्थिति रहेको उल्लेख छ। कार्यक्रमले वित्तीय ज्ञान प्रदान गर्ने र आत्मनिर्भर बन्न सघाउ पुगी समग्र अर्थतन्त्रलाई नै सकारात्मक प्रभाव पार्ने बैंकले विश्वास व्यक्त गरेको छ।

बैंकले हाल काठमाडौं उपत्यकामा २२ सहित देशभर एक सय २३ शाखा, एक एक्सटेन्सन काउन्टर तथा ५१ एटिएममार्फत सेवा दिइरहेको जनाएको छ।

एमजीको इभी चार्जिङ एप सार्वजनिक



काठमाडौं/ एमजीको नेपालका लागि आधिकारिक वितरक पारामाउन्ट मोटर्स प्रालिले पारामाउन्ट चार्जिङ सोलुसन एप सार्वजनिक गरेको छ। कम्पनीले एमजिको विद्युतीय गाडी चलाउने नेपाली ग्राहकका लागि सुविधाजनक र प्रभावकारी एप ल्याएको हो।

पारामाउन्ट चार्जिङ सोलुसन एपले देशभर रहेका ३० किलोवाट डिसी चार्जिङ स्टेसनको लाइभ अपडेटका साथै चार्जिङ भुक्तानीमा सहजता पुर्याउने कम्पनीले जनाएको छ। यस एपले हालका लागि ३० किलोवाट चार्जर मात्र सपोर्ट गर्ने भएकाले एमजी जेड एस इभी र एमजीफो इभीका ग्राहकलाई विशेष फाइदा गर्ने कम्पनीको भनाइ छ। हालसम्म देशभरमा एमजीका ११ वटा चार्जिङ स्टेसन रहेको र यो संख्या बढाउँदै जाने कम्पनीले जनाएको छ।

महिला लघुवित्तमा नयाँ कार्यसमिति

काठमाडौं/ महिला लघुवित्त वित्तीय संस्था लिमिटेडमा नयाँ कार्यसमिति चयन भएको छ। संस्थाको छैटौं वार्षिक साधारणसभाले संस्थाको नयाँ कार्यसमितिमा पुनः तारा कुँवर, इमानसिंह गुरुङ, सुभाष जम्कटेल र माया भण्डारीलाई निर्विरोध निर्वाचित गरेको हो।

अध्यक्ष तारा कुँवरको अध्यक्षतामा भएको सभाले आर्थिक वर्ष ०७९/८० को प्रतिवेदनउपर छलफल गरी पारित गरेको जनाइएको छ। त्यस्तै, लेखा परीक्षकको प्रतिवेदनसहित ०८० असार मसान्तसम्मको वासलात तथा आर्थिक वर्ष ०७९/८०को नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरणसहितका अनुसूची पारित गरेको संस्थाले जनाएको छ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/११/२९

यस फाइनान्सको शाखा कार्यालय, त्रिशुली, नुवाकोटबाट तपशिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने कर्जाको बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट तरताकेता गर्दा एवं राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जाको सावाँ ब्याज रकम चुक्ता गर्ने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी फाइनान्सको लेना रकम असूल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। साथै सुरक्षणमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण लेना असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ तथा सोको नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल-अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिहरुले सो दिन अगावै फाइनान्समा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य स्थगित गरिने व्यहोरा समेत जानकारी गराईन्छ। अन्यथा, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सम्बन्धित सबै पक्षहरुलाई कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिल

१. ऋणीको विवरण

नाम : अर्जुन कुमार तिवारी
बुवा : श्याम प्रसाद तिवारी
बाजे : मोदनाथ तिवारी
ना.प्र.नं. : २५१०४८/१०५,
मिति : २०६८/०२/०४, जि.प्र.का. नुवाकोट
ठेगाना : बेलकोट ३, नुवाकोट
हाल : बेलकोटगढी १०, नुवाकोट।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

क) नाम : श्याम प्रसाद तिवारी	ख) नाम : गिता तिवारी
बुवा : मोदनाथ तिवारी	बुवा : श्याम प्रसाद तिवारी
बाजे : खडानन्द तिवारी	बाजे : मोदनाथ तिवारी
ना.प्र.नं. : १६४३१	ना.प्र.नं. : २५-०१-७५-००३९८
मिति : २०४४/०९/१७, जि.प्र.का. नुवाकोट	मिति : २०७५/०१/२३, जि.प्र.का. नुवाकोट
ठेगाना : बेलकोटगढी १०, नुवाकोट।	ठेगाना : बेलकोटगढी १०, नुवाकोट।

धितो सुरक्षणको विवरण :

मालपोत कार्यालय नुवाकोटमा अर्जुन कुमार तिवारीको नाममा दर्ता कायम रहेको साविक विदुर नगरपालिका वडा नं. २ स्थित कित्ता नं. ६४११ को क्षेत्रफल : ०-४-०-० (रोपनी) र साविक बेलकोट वडा नं. ३ स्थित कित्ता नं. २९२ को क्षेत्रफल : ४-१-२-१ (रोपनी-आना-पैसा-दाम) भएको जग्गाहरु तथा सोमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत...।

लिलाम बिक्री सम्बन्धी शर्तहरु:

(१) बोलपत्र फारम फाइनान्सको मुख्य कार्यालय, भाटभटेनी, काठमाडौं तथा फाइनान्सको सबै शाखा कार्यालयहरुबाट रु. १,०००।- तिरी प्राप्त गर्न सकिने छ।
(२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०८०/१२/१३ गते भित्र फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी काठमाडौं वा सबै शाखा कार्यालय मध्ये कुनै एकमा प्राप्त भैसक्नुपर्ने छ र प्राप्त बोलपत्रहरु मिति २०८०/१२/१५ गते दिनको ३:०० बजे फाइनान्सको शाखा कार्यालय त्रिशुली, नुवाकोटमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।
(३) बोलपत्रदाताले आफुले खरीद गर्न चाहेको सूचनामा उल्लेखित चल अचल सम्पत्ति एकमुष्ट वा अलग अलगै खरीद गर्ने गरी बोलपत्र फारम पेश गर्नुपर्ने छ। बोलपत्र फारममा आफुले लिन चाहेको चल-अचल सम्पत्तिको आवश्यक विवरण प्रष्ट बुझिनेगरी भर्नुपर्ने छ।
(४) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र खोलिनेछ।
(५) उल्लेखित सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।
(६) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ र धेरै नै केरमेट भै कबुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन। आफूले कबूल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम फाइनान्सको Tender Deposit Margin खाता नम्बर 9264013851014 मा धरौटी वापत नगदै जम्मा गरी सोको नगदी रसिद वा यस फाइनान्सको नाममा खिचिएको चेक वा ड्राफ्ट/पेमेन्ट अर्डर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ। धरौटी वापत जम्मा गरिएको रकमको ब्याज दिईने छैन।
(७) नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको सम्पत्तिको नामसारी/दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दै-दस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ।
(८) बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सोको जानकारी भएको मितिले ७ (सात) दिन वा फाइनान्सले तोकेको समयावधिभित्र कबोल गरेको सम्पूर्ण रकममा धरौटी राखेको रकम घटाई बाँकी रकम जम्मा गर्नुपर्नेछ। उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखेको जमानत रकम फाइनान्सले जफत गर्न सक्नेछ।
(९) रितपूर्वक पेश नभएको बोलपत्रहरु लिलाम बढाबढ प्रकृयामा समावेश गरिने छैन। बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसिएशन गर्ने सम्पूर्ण अधिकार फाइनान्समा सुरक्षित रहनेछ।
(१०) लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनु हुने महानुभावले फाइनान्सको शाखा कार्यालय त्रिशुली, नुवाकोटमा सम्पर्क राख्न सक्नु हुनेछ।
(११) लिलाम बिक्री हुने भनिएको उल्लेखित सम्पत्ति कसैले सकार नगरेमा, वा शिलबन्दी बोलपत्रमा उल्लेखित रकम फाइनान्सलाई चित्त बुझ्दो नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित ऐन कानून तथा फाइनान्सको नीति नियम अनुसार उक्त सम्पत्ति बिक्री गर्न वा यस फाइनान्सले आफै सकार गरी सोको स्वामित्व लिन वा अन्य कुनै व्यवस्था गर्न सक्नेछ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२
www.icfc.com.np

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आह्वान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ। साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
१)	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, रौतहट गौरमा प्रा.फ.नं. ५०२२/१७१, अन्तर्गत मिति २०७३/०५/३१ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, वगाही गा.वि.स. वडा नं. २ (हाल कटहरिया न.पा. वडा नं. ७) स्थित **शिव रा.मि.** **प्रोप्राईटर तथा जमानीकर्ता: किसुन राउत कुर्मी** स्थायी ठेगाना : रौतहट जिल्ला, पिपरिया (दो) गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ७ बाबु : जमीरी राउत बाजे : साहेब राउत कुर्मि	**रेणु कुमारी देवी** स्थायी ठेगाना : रौतहट जिल्ला, पिपरिया दो. गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ७ बाबु : वच्चु राउत कुर्मि ससुरा : जमीरी राउत पति : किसुन राउत कुर्मि

धितोको विवरण

१) साहेब राउत कुर्मिको नाती, जमीरी राउत कुर्मिको छोरा, रौतहट जिल्ला, पिपरिया (दो) गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ७ बस्ने किसुन राउत कुर्मीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, वगाही गा.वि.स. वडा नं. ४ (हाल कटहरिया न.पा. वडा नं. ७) स्थित कित्ता नं. ९४६, ९४२, १२३६ र १२३८ को क्षेत्रफल क्रमश: ०-५-०, ०-२-१, ०-०-१३$^{1/4}$ र ०-०-४$^{1/2}$ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) शिव रा.मि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण

२) नेपाल सरकार, उद्योग, वाणिज्य, तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २१५५४१/७५/०७६ अन्तर्गत मिति २०७६/०२/०६ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. २ स्थित **कालिका बहुउद्देश्य कृषि फार्म प्रा.लि.**

अध्यक्ष तथा जमानीकर्ता: प्रकाश मैनाली
स्थायी ठेगाना : सर्लाही जिल्ला, नेत्रगञ्ज गा.प. वडा नं. ५
हालको ठेगाना : सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. २
बाबु : वाल कृष्ण मैनाली
बाजे : दुर्गा प्रसाद

जवानीकर्ताहरुको विवरण

१) रुपेश मैनाली	२) भवानी मैनाली
स्थायी ठेगाना : सर्लाही जिल्ला, नेत्रगञ्ज गा.वि.स. वडा नं. ५	स्थायी ठेगाना : सर्लाही जिल्ला, नेत्रगञ्ज गा.वि.स. वडा नं. ५
हालको ठेगाना : सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. २	हालको ठेगाना : सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. २
बाबु : प्रकाश मैनाली	बाबु : गोपीकृष्ण खरेल
बाजे : वाल कृष्ण मैनाली	ससुरा : वाल कृष्ण मैनाली
	पति : प्रकाश मैनाली

धितोको विवरण

१) गोपीकृष्ण खरेलकी छोरी, वाल कृष्ण मैनालीकी बुहारी, प्रकाश मैनालीकी पत्नी, सर्लाही जिल्ला, नेत्रगञ्ज गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. २ बस्ने भवानी मैनालीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, हरिपुर गा.वि.स. वडा नं. ९/घ (हाल लालबन्दी न.पा. वडा नं. १) स्थित कित्ता नं. १११८ को क्षेत्रफल ०-०-८-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) दुर्गा प्रसादको नाती, वाल कृष्ण मैनालीको छोरा, सर्लाही जिल्ला, नेत्रगञ्ज गा.प. वडा नं. ५ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. २ बस्ने प्रकाश मैनालीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, जब्दी गा.वि.स. वडा नं. ९/झ (हाल लालबन्दी न.पा. वडा नं. २) स्थित कित्ता नं. ५२२ को क्षेत्रफल ०-११-१२-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) कालिका बहुउद्देश्य कृषि फार्म प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

	ऋणीको विवरण	धितोको विवरण
३)	नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, राजविराज, सप्तरीमा प्रा.फ.र.नं.: १६३०/०६९/७० अन्तर्गत मिति २०६९/०८/२५ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ३ स्थित **श्री लक्ष्मी नारायण अलमानियम स्टोर** **प्रोप्राईटर तथा जमानीकर्ता: नवल किशोर साह** स्थायी ठेगाना : सप्तरी जिल्ला, रा.वि न.प. वडा नं. ३ हालको ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ४ बाबु : सीताराम प्रसाद साह बाजे : मुन्सीलाल प्रसाद साह	१) सरयुग प्रसाद साहकी छोरी, सीताराम प्रसाद साहकी बुहारी, नवल किशोर साहकी पत्नी, सप्तरी जिल्ला, राजविराज न.प. वडा नं. ३ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ४ बस्ने निलम देवी सोनारको नाममा भुमिसुधार तथा मालपोत कार्यालय राजविराज, सप्तरीको लगतमा दर्ता कायम रहेको सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ५ क स्थित कित्ता नं. ५८०६ र ५८०८ को क्षेत्रफल क्रमश: ०-०-७.२५-० र ०-०-१.७५-० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) श्री लक्ष्मी नारायण अलमानियम स्टोरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) निलम देवी सोनार	२) प्रभु प्रसाद साह सोनार
स्थायी ठेगाना : सप्तरी जिल्ला, राजविराज न.प. वडा नं. ३	स्थायी ठेगाना : सप्तरी जिल्ला, रा.वि. गा.वि.स. वडा नं. ३
हालको ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ४	हालको ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ४
बाबु : सरयुग प्रसाद साह	बाबु : नवल किशोर साह
ससुरा : सीताराम प्रसाद साह	बाजे : सीताराम प्रसाद साह
पति : नवल किशोर साह	

	ऋणीको विवरण	धितोको विवरण
४)	नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २१११६९/०७५/०७६ अन्तर्गत मिति २०७५/१२/०५ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. १० स्थित **एम. भि. प्लाष्टिक एण्ड बेभरेज इन्डस्ट्रिज प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: पंकज कुमार कर्ण** ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. १० बाबु : सुर्य कान्त लाल कर्ण बाजे : सिवेश्वर लाल	१) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २१११६९/०७५/०७६ अन्तर्गत मिति २०७५/१२/०५ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. १० स्थित, एम.भि. प्लाष्टिक एण्ड बेभरेज इन्डस्ट्रिज प्रा.लि.को नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. १० स्थित कित्ता नं. २ को क्षेत्रफल १०९४.९५ (व.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) दुखा रायको नाती, पुरन रायको छोरा, सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. २ बस्ने राजदेव राय यादवको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, मलंगवा गा.वि.स. वडा नं. १ (हाल मलंगवा न.पा. वडा नं. ५) स्थित कित्ता नं. ७३८, ३४० र ४३७ को क्षेत्रफल क्रमश: ०-१-१०, ०-३-१६ र ०-१-१२$^{1/2}$ (विगाह) को जग्गा र सर्लाही जिल्ला, मलंगवा गा.वि.स. वडा नं. ५ (हाल मलंगवा न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५५० र ५५१ को क्षेत्रफल क्रमश: ०-१-७$^{1/2}$ र ०-१-७$^{1/2}$ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) एम.भि प्लाष्टिक एण्ड बेभेरेज इन्डस्ट्रिज प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) राजदेव राय यादव (संचालक)	२) प्रमिला कुमारी राय	३) रेखा राउत
ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. २	ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. २	ठेगाना: सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. १०
बाबु : पुरन राय	बाबु : राम जिविस राय	बाबु : छेदी राउत भेडिहर
बाजे : दुखा राय	ससुरा : पुरन राय	ससुरा : सुर्य कान्त लाल कर्ण
	पति : राजदेव राय	पति : पंकज कुमार कर्ण

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
मंगलबार २९ फागुन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

चर्च ब्वाइज युनाइटेड झापा गोल्डकपको नयाँ च्याम्पियन

सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइजले सोमबार छैटौँ झापा गोल्डकपको उपाधि उचाल्ने क्रममा एपिएफलाई ३-० ले हरायो



छैटौँ झापा गोल्डकप फुटबल विजेता चर्च ब्वाइज युनाइटेड क्लबका खेलाडी

झापामा चिरञ्जीवी घिमिरे र रमेश सुवेदी

चर्च ब्वाइज युनाइटेड क्लबले छैटौँ झापा गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । पहिलो सहभागितामै उपाधि उचाल्ने क्रममा चर्च ब्वाइजले सोमबार भएको फाइनलमा नेपाल एपिएफ क्लबलाई ३-० ले पाखा लगायो । प्रतियोगिताले नयाँ विजेताका रूपमा चर्च ब्वाइजलाई पाएको छ । चारपटकको विजेता त्रिभुवन आर्मी सेमिफाइनलबाटै बाहिरिएको थियो । एकपटकको च्याम्पियन मनाङ मर्स्याङ्दी क्लबले प्रतियोतिगामा सहभागिता जनाएन । यसपटक फाइनल पुगेका दुवै टोली नयाँ थिए । पहिलोपटकको प्रयासमै च्याम्पियन बनाउने क्रममा चर्च ब्वाइजका नाइजेरियन स्ट्राइकर अबयोमी ओलुवासेउनले दुई गोल गरेका थिए । बिर्तामोडस्थित डोमालाल मैदानमा चर्च ब्वाइजका लागि राजेश परियारले एक गोल गरे । उपाधिसँगै चर्च ब्वाइजले १३ लाख र उपविजेता एपिएफले सात लाख रुपैयाँ पाएका छन ।

सहिद स्मारक 'ए' डिभिजन लिगको विजेतासमेत रहेको चर्च ब्वाइज नियमित प्रशिक्षकविना नै उपाधि भिडन्तमा प्रस्तुत भएको थियो । क्लबका अध्यक्ष रुवेन राईले नै टर्च लाइनको जिम्मेवारी सम्हाल्दै खेलाडीहरूलाई निर्देशन दिएका थिए । उनले सेमिफाइनलमा पनि यस्तै भूमिका निर्वाह गरेका थिए । प्रशिक्षकसम्बन्धी खासै अनुभव नभएका राईले टोलीलाई झापामा अपराजित रही उपाधि दिलाउन सफल रहे । उनले सबै खेलाडीको मिहिनेतका कारण सफलता मिलेको बताए ।

'खेलाडीले प्रत्येक खेलदेखि फाइनलसम्म धेरै मिहिनेत गरेका छन्, यसकारण हामीले उपाधि जित्न सफल भएका हौं,' हर्षित देखिएका राईले भने । प्रतियोगितामा उनी नै सर्वोत्कृष्ट प्रशिक्षक बनेका छन् । चर्च ब्वाइएजले ए डिभिजन लिग जितेपछि यो नै पहिलो उपाधि हात पारेको हो । 'हामीले लिपछि पहिलो उपाधि जित्यौं, यसमा पनि राष्ट्रिय खेलाडीविना नै सफलता हात पारे,' उनले भने, 'युवा खेलाडीहरूले उपाधिका लागि धेरै पसिना बगाए ।'

पहिलोपटक झापा गोल्डकपको उपाधि जित्ने योजना बनाएको एपिएफ असफल भयो । सहिद स्मारक ए डिभिजन लिग ०७९/८० मा रेलिगेसन परेपछि एपिएफले मोसफलमा तीनवटा गोल्डकपमा भाग लिएको छ । जसमा एक गोल्डकपमा उपाधि जितेको एपिएफ दुईमा उपविजेता बनेको छ । 'हामी योजनामै असफल भयौं । सानो गल्तीमै पहिलो गोल भयो,' एएफसी सी लाइसेन्स कोर्स गरेका एएफसीका व्यवस्थापक सुशील अधिकारीले भने, 'फाइनलमा फर्किने प्रयास अन्तिमसम्म चलेको थियो, तर हामी यसमा सफल भएनौं ।'

फाइनलमा अबयोमीका दुई गोल

फाइनलमा दुई गोल गरेका नाइजेरियन खेलाडी अवयोमीलाई झापा गोल्डकपमा खेलाउन एपिएफनजिक थियो । अबयोमीले चर्च ब्वाइजबाट एक प्रतियोगिता खेल्न अनुमति मागेका थिए । उनले नै उपाधि भिडन्तमा एपिएफविरुद्ध उत्कृष्ट प्रदर्शन गरे । खेलको १२औं मिनेटमा उनले चर्च ब्वाइजलाई १-० को अग्रता दिलाए । एपिएफका गोलरक्षक एन्जल श्रेष्ठ अगाडि बढेको अवस्थामा उनले चलाखीपूर्ण रूपमा गोल गरेका हुन् । पहिलो हाफमा चर्च ब्वाइज १-० ले अघि रह्यो । खेलको ७२औं मिनेटमा अबयोनीले व्यक्तिगत दोस्रो गोल गरे । मैदानको मध्यभागबाट बल अगाडि बढाउँदै उनले गोलरक्षक एन्जललाई समेत बिट गरेर सुन्दर गोल गरे । खेलको ८७औं मिनेटमा चर्च ब्वाइजले ३-० को अग्रता लियो । यसपटक वैकल्पिक खेलाडी राजेश परियारले गोल गरे । विजय भुजेलको स्थानमा मैदान प्रवेश गरेका राजेशले अवयोमीकै सुन्दर पासमा गोल गरेका हुन् । १९ फागुनदेखि सुरु भएको छैटौं झापा गोल्डकपमा नेपालका ए डिभिजनसहित १० टिमको सहभागिता रहेको थियो ।

विधागत पुरस्कारमा चर्च ब्वाइज हाबी

विधागत पुरस्कारतर्फ चर्च ब्वाइजको वर्चस्व रह्यो । चर्च ब्वाइजका दीप कार्की उत्कृष्ट गोलरक्षक घोषित भए । उत्कृष्ट रक्षकमा चर्च ब्वाइजका सर्ज डिका, उत्कृष्ट स्ट्राइकर र उच्च गोलकर्ता अबयोबी भए । उत्कृष्ट प्रशिक्षकमा चर्च ब्वाइजका अध्यक्ष राई भए । अध्यक्ष राईले एन्फा र एएफसीबाट आयोजना हुने कुनै पनि प्रशिक्षक लाइसेन्स कोर्स गरेका छैनन् । एपिएफका शरण बस्नेत उत्कृष्ट मिडफिल्डर भए । उदीयमान खेलाडी झापा ११ का कप्तान पेमा तामाङ भए । उनीहरूले जनही २५ हजार पुरस्कार पाए । सर्वोत्कृष्ट खेलाडी चर्च ब्वाइजका रक्षक सञ्जित राई भए । उनले एक थान यामाहाको मोटरसाइकल प्राप्त गरेका छन् ।

यसैबीच, आयोजक झापा ११ ले गोल्डकप समापनमा पूर्वखेलाडीलाई सम्मान गरेको छ । मीनबहादुर बस्नेत, कुमार गिरी, कर्ण लिम्बू, खमिर गिल्सन कन्दङवा, विशाल राई, योगेश गुरुङ, सचिन्द्र धिमाललाई झापा खेल रत्न प्रदान गरिएको थियो ।

खेलाडीको मिहिनेतले उपाधि जित्यौं

रुवेन राई, प्रशिक्षक, चर्च ब्वाइज

खेलाडीको मिहिनेतले उपाधि जितेका छौं । हाम्रो फाइनल जित्ने योजना सफल भयो । पहिलोपटक टचलाइनमा रहँदा उपाधि हात पार्दा खुसी लागेको छ । हामीले ए डिभिजन लिगपछि पहिलोपटक यो उपाधि जितेका हौं । यसपटक चर्च ब्वाइजको टोली राम्रो भएको छ । राष्ट्रिय टोलीका खेलाडी नहुँदा पनि नयाँ खेलाडीले राम्रो प्रदर्शन गरे ।

सामान्य गल्तीले पछि पर्‍यौं

सुशील अधिकारी, व्यवस्थापक, एपिएफ

फाइनलमा हामीले सामान्य गल्ती गरेका कारण पहिलो गोल व्यहोर्‍यौं । यसमा गोलरक्षकले गल्ती गरे । उपाधि भिडन्तमा हामी खेलमा फर्कने प्रयास गरिरहेका थियौं । तर, हामी सफल भएनौं । खेलाडीहरू आत्तिएजस्तो देखिए । हामीले मोसफलमा सहभागी भएका तीन गोल्डकपमा दुईमा उपविजेता र एकमा उपाधि हात पार्‍यौं ।

पारस नेतृत्वको टोलीले जित्यो लिजेन्ड कप टी-१०



तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

भैरहवामा दिपेश पछाई

पारस खड्का नेतृत्व रहेको टोलीले सोमबार लिजेन्ड कप टी-१० क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ । पारसको नेतृत्वमा सन् २०१४ को टी-२० विश्वकप टोली रहेको थियो । रुपन्देहीको तिलोत्तमास्थित एक्स्ट्राटेक क्रिकेट रंगशालामा सोमबार फाइनलमा रेस्ट अफ नेपाललाई १७ रनले पराजित गर्दै पारस नेतृत्वको टोलीले उपाधि हात पारेको हो । टी-२० विश्वकप टोलीले पहिलो ब्याटिङ गरेको थियो । पहिलो ब्याटिङ गर्दै टी-२० विश्वकप टोलीले निर्धारित १० ओभरमा सात विकेट गुमाएर १०१ रनको बलियो योगफल खडा गर्‍यो । प्रत्युत्तरमा रेस्ट अफ नेपालले निर्धारित १० ओभरमा ९ विकेट गुमाउँदै ८४ रन मात्र बनाउन सक्यो ।

एक्स्ट्राटेक क्रिकेट रंगशालामा भएको रेस्ट अफ नेपाललाई १७ रनले पराजित गर्दै पारस नेतृत्वको टोली च्याम्पियन

रेस्ट अफ नेपालका लागि युनिल श्रेष्ठले १८ रन र सीता रानामगरले १२ रन जोडेका थिए । यसबाहेक अन्य ब्याट्सम्यानले दोहोरो रन बनाएनन् । टी-२० विश्वकप टोलीका बलर स्यामसुङ जङ थापाले सर्वाधिक चार विकेट लिएका थिए । शक्ति गौचन र बद्री पंगेनीले समान दुई विकेट हात पारे । टी-२० विश्वकप टोलीबाट कप्तान पारसले आक्रामक रुपमा ब्याटिङ गरेका थिए । उनले १२ बलमा ३९ रन बनाए । वीरेन्द्र शाहले २९ र प्रफुल्ल वैद्यले १३ रनको योगदान दिए ।

बलिङमा रेस्ट अफ नेपालका लाक्पा लामाले चार विकेट लिए । राजकुमार प्रधान र दीपेन्द्र चौधरीले एक-एक विकेट लिएका थिए । यसअघि रेस्ट अफ नेपालले रुपन्देही लिजेन्ड्सलाई हराउँदै फाइनलको स्थान पक्का गरेको थियो । २०१४ टोलीले १९९६ लिजेन्ड्सलाई हराउँदै अन्तिम दुई स्थान पक्का पारेको थियो । तिलोत्तमा नगरपालिका वडा १७ दरखसवामा निर्मित रंगशालाको उद्घाटनको अवसरमा लेजेन्ड्स कप क्रिकेट आयोजना भएको हो । खेलमा नेपालको पहिलो अन्तर्राष्ट्रिय खेल खेलेको सन् १९९६ को टोली, सन् २०१४ को टी-२० विश्वकप खेलेको टोली, रुपन्देही लेजेन्ड्स र रेस्ट अफ नेपाल गरेर चार टोली सहभागी भएका थिए ।

यसअघि प्रतियोगिताको लुम्बिनी प्रदेश प्रमुख अमिक शेरचनले उद्घाटन गरेका थिए । प्रदेश प्रमुख शेरचनले ब्याटिङ र कुँवरले बलिङ गरी मैदानको शुभारम्भ गरेका हुन् । ४० करोड रुपैयाँभन्दा बढी लगानीमा एक्स्ट्राटेक ओभल रंगशालाको निर्माण गरिएको हो । गुल्मीका विनोद कुँवरको निजी लगानीमा क्रिकेट रंगशालाको मैदान बनेको हो । गत ३० जेठमा रंगशालाको शिलान्यास भएको थियो । करिब आठ महिनामा एक्स्ट्राटेक ओभल क्रिकेट रंगशाला खेल्न योग्य भएपछि प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ ।

खेल संक्षेप

सनराइजलाई फुटसल उपाधि



काठमाडौं/ सनराइजले तेस्रो एलसिसिआई भ्याली पब्लिक अन्तरविद्यालय छात्र फुटसल प्रतियोगिताको उपाधि जितेको छ । प्रतियोगिताको सोमबार भएको फाइनलमा सनराइजले वेदव्यासलाई ३-२ ले पराजित गर्‍यो । सनराइजका सुशान्त रानामगर, प्रश्न सिर्पाली र सक्षम बस्नेतले समान एक गोल गरे । वेदव्यासका अनमोल न्यौपाने र लक्ष्मण कार्कीले समान १-१ गोल गरे । साम्तेनले रिपुमर्दिनीलाई २-१ ले हराउँदै तेस्रो स्थान रक्षा गर्‍यो । प्रतियोगितामा वेदव्यासका अनमोल न्यौपाने सर्वोत्कृष्ट खेलाडी घोषित भए । सनराइजका अंकित घर्तीमगर उत्कृष्ट गोलरक्षक चुनिए । प्रतियोगिता अवधिभर २१ गोल गरेका सनराइजका प्रश्न सिर्पाली सर्वाधिक गोलकर्ताको सूचीमा शीर्ष स्थानमा रहे । विजेतालाई एलसिसिआई ग्लोबल क्वालिफिकेसनका बिजनेस डेभलपमेन्ट म्यानेजर प्रवीण रौनियरलगायतले पुरस्कृत गरे ।

बेलबारी भलिबलको सेमिफाइनलमा

धरान/ छैटौं पानवारी भलिबल कपमा बेलबारी नगरपालिका सेमिफाइनलमा प्रवेश गरेको छ । प्रतियोगिताको सोमबार भएको प्रतिस्पर्धात्मक खेलमा कोशी प्रदेश प्रहरी ट्रेनिङ सेन्टरलाई ३-२ को सेटमा पराजित गर्दै बेलबारी अन्तिम चारमा पुगेको हो । बेलबारीले आयोजक सयपत्री ब्वाइज युनियन क्लबसँग सेमिफाइनलमा बुधबार प्रतिस्पर्धा गर्नेछ । पहिलो सेट २०-२५ ले गुमाएको बेलबारीले दोस्रो सेट २५-१३ ले जित्यो । बेलबारीले तेस्रो सेट २५-२३ ले जित्दै अग्रता बनायो । अत्यन्तै प्रतिस्पर्धात्मक चौथो सेट ३१-२९ ले जित्दै प्रहरीले खेल २-२ को स्थितिमा पुर्‍यायो । बेलबारीले पाँचौं तथा अन्तिम सेट १५-११ ले जित्यो । प्रतियोगिताको विजेताले ३५ तोला चाँदीसँगै एक लाख पुरस्कार पाउनेछ । उपविजेताले ५० हजार पुरस्कार पाउनेछ ।

विश्व मुवाँथाईमा नेपालले खेल्ने

काठमाडौं/ थाइल्यान्डको बैंककमा हुने १९औं विश्व मुवाँथाई च्याम्पियनसिपमा नेपालका पाँचजना खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् । १२ देखि २० मार्चसम्म हुने प्रतियोगिताको पुरुष ५४ केजीमा गुणराज रुचाल, ५१ केजीमा सुशील शाह ठकुरी र सञ्जय राई (प्रो) तथा ५७ केजीमा गुमान घर्तीमगरले प्रतिस्पर्धा गर्नेछन् । महिला ५१ केजीमा पारिका बतासले खेल्नेछिन् । प्रशिक्षकमा राहुल मोक्तान रहेका छन् ।

■ कोशी प्रदेश राष्ट्रिय टी-२० क्रिकेट

एपिएफले कोशीलाई चार विकेटले हरायो

नयाँ पत्रिका

नेपाल एपिएफ क्लबले कोशी प्रदेश राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा पहिलो जित निकाल्न सफल भएको छ । विराटनगरको बैजनाथपुर क्रिकेट रंगशालामा सोमबार एपिएफले आयोजक कोशीलाई चार विकेटले पराजित गर्‍यो । पहिलो ब्याटिङ गरेको कोशीले २० ओभरमा सबै विकेट गुमाएर एक सय १७ रन बनाएको थियो ।प्रत्युत्तरमा एपिएफले १८.५ ओभरमा ६ विकेटको क्षतिमा एक सय २० रनको योगफल खडा गर्‍यो । समूह 'ए' मा एपिएफले दुई खेलमा समान एक जित र हारको सामना गर्दै दुई अंक जोडेको छ । कोशीले तीन खेलमा दुई हार र एक जित निकालेको छ । कोशीले दुई अंक बटुलेको छ ।

मध्यक्रमले सम्हालेको इनिङ्स

सहज लक्ष्य पछ्याएको एपिएफको सुरुवात गतिलो भएन । इनिङ्सको ३.१ ओभरमा एपिएफले दुई विकेट गुमाएर १७ रन जोडेको थियो । ओपनर सुमित महर्जन पाँच रन तथा आयुशमान बम सुन्य रनमा आउट भएका थिए । त्यसपछि प्रनित थापामगर र पुरन विकले तेस्रो विकेटक लागि १९ रनको साझेदारी गरे । प्रनितले १६ बलमा दुई चौका र एक छक्का प्रहार गरी २० रन बनाए । पुरनले हिमांशु दत्त र अरुन ऐरीसँग चौथो र पाँचौं विकेटका लागि गतिलो साझेदारी गर्दै टोलीलाई जिततर्फ अग्रसर गराए । इनिङ्सका १६.३ ओभरमा पुरन आउट भए । उनले ३९ बलमा तीन चौकाको सहयोगमा ३६ रन बनाए । हिमांशुले २१ बलमा ११ रन बनाए । अरुन ऐरीले १५ रन तथा अमर राउटेलाले १० रन बटुले ।

यसअघि टस जितेर ब्याटिङ गरेको कोशीका लागि विकेट-किपर सोनु अन्सारीले ३१ बलमा दुई छक्का र तीन चौका प्रहार गरी ४३ रनको योगदान दिए । अंकित सुवेदीले ३२ रन र श्रवण यादवले १९ रनको योगदान दिए । एपिएफका प्लेयर अफ दी म्याच भुवन कार्कीले १० रन खर्चेर दुई विकेट लिए । यज्ञमान कुमाल, अमर रौटेला र इर्साद अहमद समान २ विकेट लिए ।



■ गण्डकीका कप्तान विपिनलाई कारबाही

गण्डकीका कप्तान विपिन खत्री कारबाहीमा परेका छन् । पुलिससँग भएको आइतबार खेलमा पुलिसका खेलाडी शंकर रानाको स्टम्पिडको अपिल गरे पछि अम्पायरले आउट दिएनन् । खेलपछि विपिनले अम्पायरको गलत निर्णयले हामी पराजित भएको प्रतिक्रिया दिएका थिए । आयोजकले विपिन आइसिसीको कोड अफ कन्डकट २ अनुसार कारबाही गरेको हो । अम्पायर मोहमद सफिकले उनलाई म्याच फीको सय प्रतिशत र ३ अंक दिएका छन् ।

■ सुदूरपश्चिमको तेस्रो जित

दिनको पहिलो खेलमा सुदूरपश्चिम समूह 'बी'को चौथो स्थानमा रहेको बागमतीलाई दुई विकेटले हरायो । जितसँगै सुदूरपश्चिमले चार खेलमा तीन जित निकाल्यो । सुदूरपश्चिम एक खेलमा पराजित भएको छ । ६ अंकका साथ सुदूरपश्चिम दोस्रो स्थानमा छ । बागमतीले दुवै खेलमा पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको छ । बागमतीले बाँकी दुई खेल जित हात पारे अन्तिम चारको स्थान बनाउन सक्दैन । सुदूरपश्चिम सेमिफानमा नजिक पुगेको छ । पुलिसले बाँकी रहेको दुई खेलमा लुम्बिनी र बागमतीलाई विशालअन्तरमा जित निकाले मात्र सुदूरपश्चिम प्रतियोगिताबाट बाहिरिनेछ ।

टस जितेर ब्याटिङ गरेको बागमतीले २० ओभरमा सबै विकेट गुमाई एक सय १७ रनको योगफल बनायो । बागमतीका लागि शुभ कन्साकारले ३४ बलमा तीन छक्का र ४ चौका प्रहार गरी ४१ रनको योगदान दिए । रविन जोशीले ३१ रन बनाए । सुदूरपश्चिमका प्लेयर अफ द म्याच नारायण जोशीले २ ओभरमा ९ रन दिएर ३ विकेट लिए । लक्ष्य पछ्याएको सुदूरपश्चिमले १९.२ ओभरमा ८ विकेट गुमाएर जित निकाल्यो । सुदूरपश्चिमका नरेन भट्टले ३० रन र दिपक बोहोराले २२ रन बटुले । बागमतीका गौतम केसीले ३ विकेट लिँदा विपिन आचार्य र इशान पाण्डेले २-२ विकेट लिए । मंगलबारको पहिलो खेल घरेलु टोली कोशी र आर्मीबीच हुनेछ । दोस्रो खेलमा बागमतीले गण्डकीको सामना गर्नेछ ।

महिला फुटबल टोली सम्मानित

काठमाडौं/ वाफ महिला च्याम्पियनसिपको उपविजेता नेपाली राष्ट्रिय महिला फुटबल टोली सोमबार सम्मानित भएका छन् । लोयल्टी एकेडेमीले मन्डिखाटारमा एक कार्यक्रममा उपविजेता २३ खेलाडी र आठजना अफिसियललाई सम्मान गरेको हो । नेपाली कांग्रेसका महामन्त्री गगन थापा, पूर्वमन्त्री सीता गुरुङ र लोयल्टीका संस्थापक निर्देशक विजय साम्बाहाम्फेले उपविजेता खेलाडीहरूलाई सम्मान गरेका हुन् ।

लोयल्टीले टोलीलाई एकमुस्ट तीन लाख ६१ हजार आठ सय रुपैयाँ प्रदान गर्‍यो । लोयल्टीले वाफ च्याम्पियनसिप खेल्ने प्रत्येक खेलाडीलाई जनही १० हजार र हरेक गोलबापत थप पाँच हजार रुपैयाँ प्रदान गरेको हो । प्रतियोगितामा नेपालकी साबित्रा भण्डारीले सर्वाधिक नौ गोल गरेकी थिइन् । लोयल्टीले सावित्रालाई ५५ हजार रुपैयाँसहित सम्मान गर्‍यो । गत २९ फेब्रुअरीमा साउदी अरेबियामा भएको वाफ च्याम्पियनसिपको फाइनलमा नेपाल जोर्डनसँग पेनाल्टी सुटआउटमा ५-३ ले पराजित भएको थियो ।

आइसिएफसीले जित्यो इन्डोर क्रिकेट

काठमाडौं/ आइसिएफसी फाइनान्सले चौथो लिटमस इन्डोर कर्पोरेट क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ । आइसिएफसीले फाइनलमा क्लाउड फ्याक्ट्रीलाई हराउँदै उपाधि हात पारेको हो । राउन्ड टेबल नेपालको आयोजना भएको प्रतियोगितामा आठ कर्पोरेट टोलीले प्रतिस्पर्धा गरेका थिए । प्रतियोतिगामा आइसिएफसी, क्लाउड फ्याक्ट्री ग्लोबल आइएमई बैंक, स्ट्रोम कम्युनिकेसन, लिटमस केबल, नेपाल एसआइबी बैंक, हिमालयन रिइन्सुरेन्स र त्रिभेनी समूहले प्रतिस्पर्धा गरेका थिए ।

पुलिसलाई स्तब्ध पार्दै मोरङ सेमिफाइनलमा



पाँचपटकको विजेता नेपाल पुलिस क्लबलाई ३-० ले स्तब्ध पार्दै मोरङ बुढासुब्बा गोल्डकपको अन्तिम चारमा

सुनसरीमा केदार बस्नेत

मोरङ फुटबल एसोसिएसनले बुढासुब्बा गोल्डकप प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । धरान रंगशालामा सोमबार भएको खेलमा पाँचपटकको विजेता नेपाल पुलिस क्लबलाई ३-० ले स्तब्ध पार्दै मोरङ अन्तिम चारमा पुगेको हो । फाइनल प्रवेशको खेलमा मोरङले अब आयोजक धरान फुटबल क्लबसँग प्रतिस्पर्धा गर्नेछ । खेलको पहिलो हाफ दुवै टोलीले गोलरहित बराबरी खेलेका थिए । मध्यान्तरपछि मोरङले खेलमा सुधार गर्‍यो । यसको अनुपातमा पुलिसको खेल बिग्रियो । खेलको ७०औं मिनेटमा मोरङका महेन्द्र कार्कीले १-० का लागि गोल गरे । खेलको ८०औं मिनेटमा मोरङले पेनाल्टीमा २-० को अग्रता लियो ।

पुलिसका सञ्जीव लामाले मोरङका मौसम लिम्बूलाई पेनाल्टी एरियामा लडाएका थिए । त्यसपछि प्राप्त पेनाल्टीमा मोरङका उमेश कार्कीले गोल गरे । मोरङका सुशील राईले अन्तिम इन्जुरी समयमा ३-० को अग्रता दिलाए ।

प्रतिस्पर्धामा आक्रामक रूपमा प्रस्तुत भएको पुलिसको फिनिसिङ कमजोर देखिएको थियो । खेलका अन्तिम मिनेटमा पुलिका हेमन्त श्रेष्ठले रेड कार्डसमेत पाएका थिए । खेलको म्यानअफ दी म्याच मोरङका उमेश कार्की घोषित हुँदै १० हजार पुरस्कार पाए । मंगलबारको अन्तिम क्वार्टरफाइनल खेल हुनेछ । सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेड र काँकडभिट्टा फुटबल ट्रेनिङ सेन्टर झापाबीच हुने आयोजकले जनाएको छ । ३ चैत्रसम्म सञ्चालन हुने प्रतियोगितामा विजेताले १० लाख र उपविजेताले पाँच लाख रुपैयाँ पाउनेछन् ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com